धाप्रो

नेपाली किताब





कक्षा-छ

हाम्रो नेपाली किताब

कक्षा ६

प्रकाशक
नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक:
नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

© पाठ्यक्रम विकास केन्द्र र जनक शिक्षा सामग्री केन्द्र लिमिटेड २०५९

यस पाठ्यपुस्तकसम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र र मुद्रकमा निहित रहेको छ । लिखित स्वीकृतविना यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइनेछैन ।

प्रथम संस्करण	२०५१
परिमार्जित संस्करण	२०५८
पुनर्मुद्रण	२०६३
पुनर्मुद्रण	२०६४
पुनर्मुद्रण	२०६५
पुनर्मुद्रण	२०६६
पुनर्मुद्रण	२०६७
पुनर्मुद्रण	२०६८

पाठ्यपुस्तकसम्बन्धी पाठकहरूका कुनै पनि प्रकारका टिप्पणीहरू भएमा पाठ्यक्रम विकास केन्द्र, सम्पादन तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ । पाठकहरूबाट आउने टिप्पणीहरूलाई यो केन्द्र स्वागत गर्दछ ।

मूल्य रु : ४५।७५

मुद्रण: जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमी भक्तपुर ।

तपाईंको पुस्तकमा छपाइप्रविधिसम्बन्धी कुनै त्रुटि फेला परेमा उक्त पुस्तक जनक शिक्षा सामग्री केन्द्र लिमिटेड वा नजिकको साझा प्रकाशनबाट साट्न सक्नुहुनेछ ।

• जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

हाम्रो भनाइ

शिक्षालाई व्यावहारिक जीवनमा समयसापेक्ष बनाई विद्यार्थीहरूमा राष्ट्रियता, राष्ट्रिय एकता, सार्वभौमिकता तथा लोकतान्त्रिक मान्यताअनुरूपको भावना विकास गराउने र इमानदारी एवम् नैतिकता जस्ता आधारभूत मानवीय गुणहरूको विकास गराई सामाजिक जीवनयापनका लागि आवश्यक ज्ञान र सीप हासिल गराउने उद्देश्यअनुसार विद्यालयस्तरका पाठ्यक्रमपाठ्यपुस्तकहरूको विकास गर्ने प्रक्रिया चालू रहिआएको छ।

भाषासँग सम्बद्ध भएकाले भाषा शिक्षणको मूल उद्देश्यलाई आधार मानेर भाषिक सीपको विकासका साथै विद्यार्थीको स्तरलाई समेत ध्यानमा राखी वर्तमान परिमार्जित पाठ्यक्रमअनुसार यो पाठ्यपुस्तक तयार पारिएको छ। पाठ्यक्रमको उद्देश्य, विद्यार्थीको स्तर, उमेर र आवश्यकता, सिर्जनात्मक सीपको विकास, निर्धारित पाठ्यभार, शिक्षण सुगमता आदिलाई ध्यानमा राखी विषयवस्तुको चयनमा आधुनिकता, व्यावहारिकता र रोचकतालाई प्रमुख आधार मानिएको छ। पाठ्यपुस्तकलाई व्यावहारिक बनाउने उद्देश्यले विशेषज्ञ, शिक्षक, प्राध्यापकहरूबाट अध्ययन गराई प्राप्त भएका सुझावका आधारमा यसमा आवश्यक संशोधन एवम् परिमार्जन पनि गरिएका छन् । नेपाली भाषाको लेखनमा एकरूपताका लागि यस पाठ्यपुस्तकमा प्रयुक्त वर्णविन्यासमा आगन्तुक शब्दहरूलाई नेपाली वर्णविन्यासको शैलीमा ढालिएको छ। आगन्तुक शब्दको आदि र मध्यमा रहेका इकार र उकार ह्रस्व लेखिएका छन् भने अन्त्यका इकारउकारलाई नेपाली नियमअनुसार लेखिएका छन् र त्यस्ता सबै शब्दमा नेपाली उच्चारणअनुसार दन्त्य 'स' को प्रयोग गरिएको छ। संस्कृत तत्सम शब्दहरू भने संस्कृतकै वर्णविन्यासको नियमअनुसार सम्पादन गरिएका छन्। २०५१ सालमा गोविन्दप्रसाद भट्टराई र द्रोण दाहालले लेख्नुभएको यस पाठ्यपुस्तकलाई प्रा.डा. हेमाङ्गराज अधिकारी, प्रा.डा. केदार शर्मा, गोरखबहादुर सिंह, द्रोण दाहाल, शिवप्रसाद उप्रेती र गणेशप्रसाद भट्टराईको कार्यदलद्वारा परिमार्जन गराई यस रूपमा तयार पारिएको हो। यसको थप परिमार्जन शिवप्रसाद सत्याल, जगन्नाथ अवा, प्रा.डा. मोहनहिमांशु थापा, प्रा.मोहनराज शर्मा, डा. ध्रुवचन्द्र गौतम, खगेन्द्रप्रसाद लुइटेल, शिवराज उपाध्याय र धनञ्जय शर्मा अधिकारी रहेको विषय समितिबाट भएको हो । यसको भाषासम्पादन गणेशप्रसाद भट्टराईबाट, आवरण डिजाइन टार्जन राईबाट, चित्राङ्कन श्रीहरि श्रेष्ठबाट र टाइप तथा लेआउट अनिता मिश्र र सुमा श्रेष्ठबाट भएको हो। यस पाठ्यपुस्तकको विकासमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र हार्दिक कृतज्ञता प्रकट गर्दछ।

पाठ्यपुस्तक शिक्षणसिकाइ प्रक्रियाको महत्त्वपूर्ण सहयोगी साधन हो। जिज्ञासु विद्यार्थी र अनुभवी शिक्षकले पाठ्यक्रमद्वारा लक्षित विषयवस्तुलाई विविध स्रोत र साधनको उपयोग गरी अध्ययन एवम् अध्यापन गर्न गराउनसक्छन्। विभिन्न कारणहरूले विद्यालयहरूमा सहायक पाठ्यसामग्री पर्याप्त उपलब्ध नहुँदा शिक्षणसिकाइ पाठ्यपुस्तकमाथि अत्यधिक रूपमा निर्भर रहेको देखिन्छ। यसैले प्रस्तुत पाठ्यपुस्तक सकेसम्म स्तरयुक्त बन्न सकोस् भनी प्रशस्त प्रयास गरिएका छन् तापनि यस पुस्तकलाई अझ स्तरयुक्त बनाउन सहयोगी हुने सुझावको यो केन्द्र सदाझैं निरन्तर अपेक्षा गर्दछ।

शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

विषयसूची

क्र.सं.	पाठशीर्षक	पृष्ठसङ्ख्या
पाठ १.	ईश्वरस्तुति (कविता)	१-५
पाठ २.	युक्तिसामु शक्ति टिक्दैन (कथा)	६-१२
पाठ ३.	सामाजिक मेलमिलाप (प्रबन्ध)	१३-१९
पाठ ४.	आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ (संवाद)	२०-२६
पाठ ५.	साहित्यकार भवानी भिक्षु (जीवनी)	२७-३२
पाठ ६.	भानुभक्त श्रद्धाञ्जलि (कविता)	३३-३८
पाठ ७.	ठुले र साने (कथा)	३९-४५
पाठ ८.	कृषिमल (प्रबन्ध)	४६-५१
पाठ ९.	पितासँग पुत्रको आग्रह (चिठी)	५२-५५
पाठ १०.	डुहुरे मुसा र सेतो बिरालो (कथा)	५६-६३
पाठ ११.	सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ (वादविवाद)	६४-७२
पाठ १२.	राष्ट्रको अखण्डता (कविता)	७३-७८
पाठ १३.	युधिष्ठिरको परीक्षा (कथा)	७९-८७
पाठ १४.	लुइ पास्चर (जीवनी)	८८-९२
पाठ १५.	वातावरणको रक्षा(प्रबन्ध)	९३-१०२
पाठ १६.	महामानव गौतम बुद्ध (जीवनी)	१०३-१०८
पाठ १७.	हिमाल (प्रबन्ध)	१०९-११४
पाठ १८.	प्रधानाध्यापकलाई निवेदन (निवेदन)	११५-११८
पाठ १९.	गुरुशिष्यको सम्बन्ध (प्रबन्ध)	११९-१२४
पाठ २०.	नेपाल आमाप्रति (कविता)	१२५-१२९
पाठ २१.	समाजसेवी तुलसीमेहर (जीवनी)	१३०-१३५
पाठ २२.	सारौं र कमिलो (कथा)	१३६-१४३

पाठ १

कविता

ईश्वरस्तुति

□ कविशिरोमणि लेखनाथ पौड्याल

जय **जगदीश्वर** ! जय **अविनाशी**
जय जय भगवान् ! **करुणाराशि** !
शक्ति छ प्रभुको **अपरम्पार**
घुम्दछ जसमा सब संसार ॥ १ ॥

जलचर, थलचर, ग्रहगण, तारा
सूर्य लगायत **सुर, मुनि** सारा ।
केवल प्रभुको करुणा पाई
गर्छन् **निजनिज** कर्म रमाई ॥ २ ॥

जगदीश्वर	:	संसारका मालिक, ईश्वर	**थलचर**	:	जमिनमा बस्ने प्राणी
अविनाशी	:	नाश नहुने, अमर	**ग्रहगण**	:	ग्रहहरूको समूह
करुणाराशि	:	दयाका खानी, दयालु	**सुर**	:	देवता
अपरम्पार	:	पार पाइनसक्नु, अपार	**मुनि**	:	ऋषि, तपस्वी
जलचर	:	पानीमा बस्ने जीव	**निजनिज**	:	आ-आफ्नो

सुरमुनिदेखि भुसुनासम्म

प्रभु नै सबका **घट**मा टम्म ।

प्रभुका **लेखा** प्राणी मात्र

पुत्रबराबर **करुणापात्र** ॥ ३ ॥

प्रभु नै सब **सुखसम्पत्तिदाता**

प्रभु नै सबका भाग्य**विधाता** ।

प्रभु नै सबमा करुणाधारी

प्रभु नै सबको **पालनकारी** ॥ ४ ॥

बालक हामी शिर निहुराई

प्रभुका **पद**मा भक्ति लगाई

पढ्न तयारी छौं सब **नाथ** !

पार लगाऊ करुणासाथ ॥ ५ ॥

घट : हृदय

लेखा : लागि, निम्ति

करुणापात्र : करुणाका खानी, दयाका खानी

सुखसम्पत्तिदाता : सुख र सम्पत्ति दिने

विधाता : सृष्टिकर्ता

पालनकारी : पालन गर्ने, रक्षा गर्ने

पद : पाउ, खुट्टा

नाथ : मालिक, स्वामी

पार : किनार

अभ्यास

१ **"ईश्वरस्तुति" कविता लय मिलाएर पढ ।**

२. **तलका प्रश्नको छोटो उत्तर लेख:**

(क) प्रभुको शक्ति कस्तो छ ?

(ख) प्रभुको दया किन आवश्यक हुन्छ ?

(ग) प्रभु कसकसका घटमा रहनुहुन्छ ?

(घ) प्रभु प्राणीलाई कुन रूपमा हेर्नुहुन्छ ?

(ङ) बालकले प्रभुको भक्ति किन गर्नुपर्छ ?

२. **व्याख्या गर:**

शक्ति छ प्रभुको अपरम्पार ।
घुम्दछ जसमा सब संसार ।

३. **"ईश्वरस्तुति" कवितामा बताइएका कुराहरू क्रम मिलाएर आफ्ना शब्दमा लेख ।**

४. **ठीक भनाइ आफ्नो कापीमा सार:**

(क) प्रभु भनेर सर्वशक्तिमान् ईश्वरलाई भनिएको हो ।

(ख) बालकले मात्र ईश्वरको भक्ति गर्नुपर्छ ।

(ग) यो संसार प्रभुको शक्तिमै घुम्ने गर्छ ।

(घ) ईश्वरको करुणा सबै प्राणीलाई समान रूपमा हुँदैन ।

(ङ) ईश्वर सबैका घटघटमा बस्छन् ।

(च) बालबालिकाहरूमा मात्र ईश्वरप्रतिको भक्तिभावना हुन्छ ।

५. **पङ्क्ति पूरा गर:**

जलचर ..... ग्रहगण .....

..... लगायत .....मुनि सारा ।

केवल.....करुणा पाई

..... निज .....कर्म ..... ॥

६. **उल्टो अर्थ दिने शब्द पढः**

सुख	-	दुःख
अविनाशी	-	विनाशी
सुर	-	असुर
बालक	-	वृद्ध
लगायत	-	बाहेक
शिर	-	पाउ

७. **प्रस्टसँग उच्चारण गरः**

जगदीश्वर, ग्रहगण, शक्ति, टम्म, अपरम्पार ।

८. **सच्याएर कापीमा सारः**

करुणारासी, सन्सार, पर्भु, बालक, जगदिश्वर, लगाउ, भाग्ज्ञ, सीर

९. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरः**

जलचर, भगवान्, भुसुना, करुणा, भक्ति, जय, बालक

१०. **तल दिएका शब्दको अर्थ लेखः**

शक्ति, सब, संसार, पद, कर्म, जल, थल, शिर, पुत्र

११. **शिक्षकले भनेको सुनेर लेखः**

तारासारा

नाथसाथ

दाताविधाता

टम्मसम्म

प्राणीमात्र-करुणापात्र

करुणाधारी-पालनकारी

अपरम्पार-संसार

व्याकरण

विपरीतार्थी शब्द

जय	-	पराजय
पार	-	वार
पालनकारी	-	संहारकारी
केवल	-	समेत
एक	-	अनेक
आकाश	-	पाताल

विपरीत वा उल्टो अर्थ दिने शब्दलाई विपरीतार्थी शब्द भनिन्छ ।

१. **उल्टो अर्थ दिने शब्द लेख:**

असल, राजा, उकालो, माथि, पाप, ठूलो

२. **तल दिएका विपरीतार्थी शब्दका दुवै रूपलाई अगलअलग वाक्यमा प्रयोग गर:**

भित्र	-	बाहिर
देश	-	विदेश
अग्लो	-	होचो
जन्म	-	मरण

३. **उदाहरणसहित विपरीतार्थी शब्दको परिचय देऊ ।**

सिर्जनात्मक अभ्यास

१. **पाठका आधारमा ईश्वरका बारेमा एक अनुच्छेद लेख ।**

पाठ २

कथा

युक्तिसामु शक्ति टिक्दैन

धेरै पहिलेको कुरा हो । कुनै जङ्गलमा 'चतुर्दन्त' नामको एउटा हात्ती बस्तथ्यो । ऊ हात्तीहरूको राजा थियो । हात्तीहरू उसलाई **'गजराज'** भन्दथे । त्यस जङ्गलमा हजारौं हात्तीहरूका साथै अरू पशुपन्छीहरू पनि त्यत्तिकै मात्रामा बस्तथे । त्यो जङ्गल मानौं **वन्यजन्तु आरक्षण** केन्द्रकै रूपमा रहेको थियो ।

कुनै वेला लामो समयसम्म खडेरी पऱ्यो । सारा हरियाली हराएर गयो । माटो बुर्ुर फुकेर खरानीजस्तो भयो । वनमा बेपत्तासँग छारोधुलो उड्न थाल्यो । पानी कतै छिट्याएन । सबै सानाठूला कुवा, इनार, तलाउ, पोखरी र धाराहरू सुकेर गए । हाहाकार मच्चियो । तिर्खाले

गजराज : हात्तीहरूका राजा

वन्यजन्तु : वनमा बस्ने पशुप्राणीहरू

आरक्षण : जङ्गली पशुपन्छीको सुरक्षाका निम्ति छुट्याइएको वनजङ्गलको सुरक्षित क्षेत्र

वन्यजन्तुहरू प्याकप्याकी मुख बाउन थाले । कति मरे, कति प्राणरक्षाका लागि **यत्रतत्र** लागे । हात्तीको बथान पनि ठूलो कष्टमा पऱ्यो । आखिरमा प्राणरक्षाको उपाय निकाल्ने उद्देश्यले हात्तीको त्यो बथान हात्तीका राजा गजराज चतुर्दन्तकहाँ पुग्यो ।

'गजराज' ! हामी तिर्खाले **व्याकुल** छौं । हजुरलाई थाहै छ - पानी पिउन नपाएर हाम्रा **छावा**हरू मरणान्त अवस्थामा छटपटाइरहेका छन् । कयौं छावाहरू त मरिसके । हामीहरूको पनि त्यही अवस्था छ । कुनै उपाय निकालिबक्सियोस् । यस जङ्गललाई त्यागेर अर्के जङ्गलतर्फ बाटो तताउनु नै बुद्धिमानी होला भन्ने हामीले ठानेका छौं । चतुर्दन्तसमक्ष हात्तीहरूले आफ्नो विचार पोखे ।

गजराज चतुर्दन्त पनि हात्तीहरूको त्यस विचारमा सहमत भयो । यहाँबाट निकै टाढा पर्ने अर्को जङ्गलमा एउटा ठूलो जलाशय छ । त्यस जलाशयको नाम पातालगङ्गा हो । त्यसको मुहान पातालमा छ । त्यसैले त्यस जलाशयमा सधैं पानी टनाटन भइरहन्छ । खडेरीको असर नपर्ने हुँदा पानी सुक्ने सम्भावना पनि कहिल्यै हुँदैन । अतः हामी पातालगङ्गा भएको जङ्गलतर्फ प्रस्थान गरौं ।" गजराज चतुर्दन्तले उपाय निकाल्यो । दिनरात, साँझबिहान गर्दै हात्तीको समूह केही दिनमा पातालगङ्गा भएको जङ्गलमा पुग्यो । त्यहाँ पुगेर हात्तीहरूले पानी खाने धोको पुऱ्याए । **जलविहार** गर्न पाउँदा तिनीहरू असाध्यै रमाए । दिउँसोको चर्को घाममा जलविहार गर्ने र साँझबिहान पातालगङ्गा वरिपरिको रमाइलो वातावरणमा घुमफिर गरेर तिनीहरू समय बिताउन थाले ।

त्यस पातालगङ्गाकै छेउछाउमा खरायाहरू बस्दथे । हात्तीहरूको रजाइँले उनीहरूको बसोबासमा बाधा पुग्न थाल्यो । हात्तीहरूले कुल्चिदिँदा खरायाहरूका गुँड भत्किए । कति साना ठूला खरायाहरू स्वाहा भए । यसले गर्दा उनीहरू ठूलो सोचमा परे र आपसमा भेला भएर छलफल गर्न लागे । उनीहरूको लामो छलफलबाट एउटै **निष्कर्ष** निस्कियो ।"हात्तीहरूले गर्दा हाम्रो नाश र वंशको विनाश हुने भयो ।"

"हामीहरू यो ठाउँ छाडेर अन्तै जाऔं" एउटा खरायाले भन्यो । "पुर्खौंपुखदिखिको यो ठाउँ छाड्नु राम्रो होइन । बरु हात्तीहरूलाई पो यहाँबाट लखेट्नुपर्छ" अर्का खरायाले आफ्नो विचार प्रकट गऱ्यो ।

यत्रतत्र : जहाँतहीं, सर्वत्र

व्याकुल : दुःखपीरले गर्दा मनमा शान्ति नभएको, आत्तिएको

छावा : हात्तीको बच्चा

जलविहार : पानीमा खेलेर अनान्द लिने क्रिया, जलक्रीडा

निष्कर्ष : निचोड, निर्क्योल

"कुरा त ठीकै हो, तर उपाय के छ र ? हात्तीहरू हामीभन्दा धेरै बलवान छन् । तेस्रो खरायाले शङ्का प्रकट गऱ्यो ।

सबै खरायाहरू आफ्नो बसोबासको बिचल्लीमा **निन्याउरा** देखिएका थिए । खरायाहरूको त्यस समूहमा लम्बकर्ण नामको एउटा खरायो अलिक बाठो थियो । ऊ साँच्चिकै **युक्तिवाल** पनि थियो । उसले मनमनै केही उपाय सोच्यो र अरूहरूलाई धैर्य गर्न भनेर आफू फुत्त बाहिर निस्कियो । अरू खरायाहरू लम्बकर्णको त्यो चाल देखेर एकछिन ट्वाल्ल परे ।

उता लम्बकर्ण सरासर चतुर्दन्तकहाँ गयो र आफ्नो परिचय दिँदै भन्न थाल्यो, "पातालगङ्गाको यो जङ्गल खरायाहरूको बसोबासका लागि हो । हाम्रा राजा चन्द्रदेव **चन्द्रमण्डल**मा बस्तछन् । खरायाहरू **चन्द्रवंशी** हुन् । यो जङ्गल पनि चन्द्रदेवकै अधीनमा छ । म राजा चन्द्रदेवले पठाएको लम्बकर्ण नाम गरेको दूत हुँ । मैले भनेको कुरामा विश्वास गर्नु र चन्द्रदेवको आज्ञापालन गर्नु तिम्रो कर्तव्य हुनेछ । त्यसैमा तिम्रो हित पनि छ ।"

गजराज चतुर्दन्तका मनमा **चस्का** पसिसकेको थियो । उसले लम्बकर्णसँग सोध्यो "लम्बकर्ण ! चन्द्रदेवबाट हामीहरूलाई के आज्ञा भएको छ ? त्यो कुरा सुनाऊ । हामी आज्ञापालन गर्न तयार छौं ।"

"चन्द्रवंशी खरायाहरूलाई तिमीहरूले तहसनहस पाऱ्यौ । कति मरे, कति बिचल्लीमा परेका छन् । यो कुरा चन्द्रदेवलाई पनि थाहा भयो । आफ्नो **वंशरक्षा**का निम्ति चन्द्रदेवबाट तिमीहरूलाई यो जङ्गल छाडेर अन्तै जान आदेश भएको छ ।" लम्बकर्णले स्पष्टसँग बतायो र फेरि थप्यो, "तिमीहरू यहाँबाट हटेनौ भने चन्द्रदेव रिसाउनुहुनेछ र तिमीहरूको ठूलो **अनिष्ट** हुनेछ ।"

"किन्तु, चन्द्रदेव कहाँ हुनुहुन्छ ?" चतुर्दन्तले उत्सुकतापूर्वक सोध्यो । "चन्द्रदेव अहिले त्यसै तलाउमा हुनुहुन्छ " लम्बकर्णले उत्तर दियो । अहिले चन्द्रदेव "साँच्चिकै त्यसै तलाउमा हुनुहुँदोरहेछ भने म तिम्रा कुरामा विश्वास गर्छु र उहाँको आदेश तुरुन्तै स्वीकार गर्छु । लौ, बरु मलाई पनि

निन्याउरो : मलिन, टिठलाग्दो
युक्तिवाल : जुक्तिवाल, समस्या समाधान गर्न उपाय निकाल्न सक्ने
चन्द्रमण्डल : चन्द्रमा वरिपरिको गोलाकार परिधि
चन्द्रवंशी : चन्द्रवंशसँग सम्बन्धित
चस्का : च्वास्स घोचेको अनुभव, दुःखाइ
वंशरक्षा : वंशको रक्षा, कुलपरम्पराको रक्षा
अनिष्ट : हानि, नाश



चन्द्रदेवको दर्शन गराइहाल " चतुर्दन्तले सर्तसहित वाचा गऱ्यो । पूर्णिमाको साँझको समय थियो । चन्द्रमाको प्रकाशले चारैतिर उज्यालो छाएको थियो । यस्तैमा 'के खोज्छस् काना, आँखो, भनेझैं लम्बकर्ण अघि लाग्यो र गजराज चतुर्दन्त उसका पछिपछि लस्कन थाल्यो । ती दुवै पातालगङ्गाका छेउमा पुगे । नभन्दै **स्वच्छ** जलाशयमा चन्द्रमाको छाया ऐनामा मानिसको अनुहारजस्तै छर्लङ्ग टल्किरहेको थियो । त्यो देखेर लम्बकर्णको कुरामा चतुर्दन्तलाई पूरै विश्वास भयो । उसले परैबाट चन्द्रदेवको दर्शन गऱ्यो र पहिलेको वाचाअनुसार आफ्नो बथानसहित गजराज त्यो जङ्गल छाडी पुरानो वस्तीतर्फ लाग्यो । लम्बकर्णको युक्तिले खरायाहरूका दिन फिरे र उनीहरू पहिलेझैं पातालगङ्गा वरिपरि खुसीले नाच्न थाले ।

सर्त : कबोल, बाचा

स्वच्छ : सफा, निर्मल

अभ्यास

१. **तलका प्रश्नको छोटकरीमा उत्तर लेख:**

(क) किन हात्तीहरू चतुर्दन्तकहाँ गए ?

(ख) हात्तीहरूले चतुर्दन्तसामु कस्तो विचार प्रकट गरे ?

(ग) पातालगङ्गाको विशेषता के थियो ?

(घ) हात्तीहरूको प्रवेशले खरायाको बस्तीमा कस्तो असर पऱ्यो ?

(ङ) हात्तीहरूलाई लखेट्न लम्बकर्णले कस्तो युक्ति निकाल्यो ?

(च) चतुर्दन्त आफ्नो बथानसहित किन पुरानो बस्तीतर्फ लाग्यो ?

(छ) यो कथा पढेर के शिक्षा पाइन्छ ?

२. **"जुक्तिबुद्धिका सामु शक्तिको केही चल्दैन" भन्ने कुरा यस पाठका आधारमा स्पष्ट पार ।**

३. **कसले किन भनेको के हो ?**

(क) अर्को जङ्गलतर्फ बाटो तताउनु नै बुद्धिमानी होला ।

(ख) पुर्खौंपुर्खादिखिको ठाउँ छाड्नु राम्रो होइन ।

(ग) दूतले भनेको कुरामा विश्वास गर्नु र चन्द्रदेवको आज्ञापालन गर्नु तिम्रो कर्तव्य हुनेछ ।

(घ) लौ, बरु मलाई पनि चन्द्रदेवको दर्शन गराइहाल ।

४. **यस कथाको दोस्रो अनुच्छेद पढी कक्षामा सुनाऊ ।**

५. **यस पाठमा दिएका तलका टुक्का पढेर तिनको अर्थ बुझी वाक्यमा प्रयोग गर:**

बाटो तताउनु	स्वाहा हुनु
हाहाकार मच्चिनु	ट्वाल्ल पर्नु
मनमा चस्का पस्नु	दिन फिर्नु

६. **शुद्धसँग लेख:**

हात्ति, प्रान- रक्छ्या, निस्कर्श, एत्ततत्र, अइना ।

७. **कथाका आधारमा कुन भनाइ (√) ठीक हो त्यसमा चिनो लगाऊः**

(क) आपत्विपत्मा विलाप गर्नुपर्छ ।

(ख) आपत्विपत्मा आपसमा सल्लाह गर्नुपर्छ ।

(ग) आपत्विपत्लाई चुपचाप सहनुपर्छ ।

(घ) आपत्विपत्मा जुक्तिबुद्धिले काम गर्नुपर्छ ।

८. **प्रस्टसँग उच्चारण गरः**

खरायाहरू, चतुर्दन्त, लम्बकर्ण, पातालगङ्गा, चन्द्रमण्डल ।

व्याकरण

लिङ्ग : पदसङ्गति

पुलिङ्ग - बालक रुन्छ । केटो हाँस्छ । छोरो आयो । त्यो पढ्छ ।

स्त्रीलिङ्ग - गीता गाउँछे । बहिनी सुत्छे । तिनी जान्छिन् । छोरी रुन्छे ।

- पुलिङ्गको सम्बन्ध भाले वा पुरुष जातिसँग हुन्छ ।
- स्त्रीलिङ्गको सम्बन्ध पोथी वा स्त्री जातिसँग हुन्छ ।

नेपाली वाक्यमा पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई किसिमका लिङ्ग पाइन्छन् । कर्ताको लिङ्गअनुसार क्रियापदको प्रयोग हुनुलाई लिङ्गका आधारमा पदसङ्गति भनिन्छ । नेपालीमा स्त्रीलिङ्गबाहेकका कर्ता (मानिस र मानिसबाहेक) सँग पुलिङ्ग क्रियापदका रूपहरूको नै प्रयोग हुन्छ । जस्तै :

केटो **लड्यो** । रूख **लड्यो** ।

बालक **बढ्छ** । खोलो **बढ्छ** ।

स्त्रीलिङ्गका लागि भने क्रियापदका फरक रूपको प्रयोग हुन्छ ।

१. **कर्ताअनुसार क्रियापदको लिङ्ग सच्याऊः**

केटी कुदछ । सीता रमाउँछ । रमेश जान्छे ।

भाले बास्छे । उडुस टोक्छे । छोरो खेल्छिन् ।

२. **जोडा मिलाऊः**

भाइ	लेख्छिन् ।
घोडा	रुन्छ ।
सानी	हिनहिनाउँछ ।
हात्ती	उठ्छे ।
उनी	लम्कन्छ ।

३. **लिङ्गका आधारमा वाक्य परिवर्तन गरः**

उदाहरण : त्यसले कुट्यो = त्यसले कुटी ।

भाइले लेख्यो ।	छात्रा पढ्लिन् ।
छोरी बोलाउँछे ।	साने सुतेको छ ।
नोकर बारी खन्छ ।	बहिनी कथा सुनाउँछिन् ।

४. **दिइएका क्रियापदहरू राखी वाक्य बनाऊः**

खान्छ, उड्छ, खेल्छे, उम्रन्छ, हेरिन, बल्छ, आइन, पोख्यो, गाउँछ, सुस्ताउँछ, पलाउँछ, आई, बर्सिए, रोयो, आएन, नाचिन्, खेल्छिन्

५. **पुलिङ्गी र स्त्रीलङ्गी दुवै किसिमका क्रियापदलाई प्रयोग गरी आफ्नो परिवारका बारेमा एक अनुच्छेद लेख ।**

सिर्जनात्मक अभ्यास

१. कथाका आधारमा बलभन्दा बुद्धि ठूलो हुन्छ भन्ने विषयमा आपसमा छलफल गर ।

२. तिमीले जानेसुनेको शिक्षाप्रद कथा लेखी शिक्षकलाई देखाऊ ।

३. प्राकृतिक वातावरणको अवालेकन गरी फर्केका भाइबहिनीबीच भएको कुराकानीलाई संवादको रूपमा प्रस्तुत गर ।

पाठ ३

प्रबन्ध

सामाजिक मेलमिलाप

मानिस विद्या, बुद्धि र विवेकको खानी हो । यिनै विशेष गुणहरूले गर्दा ऊ पशुको तहभन्दा धेरै माथि उठ्न सकेको हो । धेरै कुराहरू त मानिस र अन्य प्राणीका बीच मिल्दाजुल्दा नै देखिन्छन् । सबै प्राणीहरूले खानेकुरा खानै पर्छ । निद्रा सबै प्राणीका लागि प्यारो हुन्छ । सबै प्राणीका मनमा एक न एक प्रकारको डर रहेकै हुन्छ । जन्मने र मर्ने क्रिया सम्पूर्ण प्राणीमा एकै रूपमा देखिन्छ । यी कुराहरू मानिस र पशुका बीच समान रूपले रहेका हुन्छन् । सबैको कल्याण चाहने, गर्न नहुने काम नगर्ने र ठीकबेठीक छट्याउने शक्ति चाहिँ मानिसबाहेक अरू प्राणीमा पाइन्न । यस्तो शक्तिलाई कसैले 'धर्म' कसैले 'कर्तव्य' र कसैले 'विवेक' भनेका छन् । यही विशेष गुण भएकाले प्राणीहरूमा मानिस सबैभन्दा श्रेष्ठ मानिएको हो ।



समाज भन्नासाथ त्यसमा **विविधता** पाइन्छ । अनेक जातजाति, धर्मसंस्कृति, वर्गसम्प्रदाय, भेषभूषा र भाषा, चिन्तनमनन र जीवन पद्धतिको **सम्मिश्रण**बाट नै कुनै पनि समाजको निर्माण हुन्छ । मानिसमा यस्तो

विविधता : विभिन्नता, फरक

सम्मिश्रण : मिसावट

विविधता नहुँदो हो त त्यो पनि कुनै कारखानाको उत्पादनजस्तै एकै किसिमको हुने थियो । मानिस **कदापि** त्यस्तो छैन । आफ्नो ज्ञान, सीप, श्रम र बुद्धिले गर्दा मानिस अरूभन्दा कुनै न कुनै रूपले बेग्लैजस्तो बनेर समाजमा आफ्नो परिचय दिन चाहन्छ । मानिसमा पाइने यस्तो भिन्न स्वभावले गर्दा नै समाज झन्झन् उन्नतितर्फ लम्कँदै गएको हो । मानिसमा विशेष देन दिने उत्सुकता मरेर गयो भने विकासको मुहान नै सुक्छ र संसार मरुभूमिझैं निरस बन्न पुग्छ । संसारको सार भन्नु नै अगाडि बढ्नु हो । अगाडि बढ्ने र संसारलाई अगाडि बढाउने शक्ति केवल मानव समाजसँग मात्र छ । मानिसले **सहिष्णुता**, शान्ति, सहयोग, मानवता र स्वतन्त्रताको रक्षा गर्दै अगाडि बढ्नुपर्छ ।

मानिस देवता होइन तर असल विचार र राम्रा कामले ऊ देवता जत्तिकै मान्न लायक पनि हुन सक्दछ । समाजमा खराब आचरण र विचार भएका मानिसहरू पनि प्रशस्त मात्रामा भेटिन्छन् । आपसी कलह, मारकाट र अशान्ति मच्चाएर आफू आनन्द मान्ने स्वभावका मानिसले मानवसमुदायलाई कालो **धब्बा** लगाएका छन् । समाजमा गलत र सही कुरा खुट्याएर एकता कायम गर्न सकियो भने खराब विचारका मानिसहरू स्वत: कमजोर हुन पुग्छन् । मानिस सरसङ्गतले सुध्रने जात हो । हामीले डाकु रत्नाकर महर्षि वाल्मीकि बनेको कथा पनि त सुनेका छौं । त्यसका लागि सामाजिक वातावरण ठीक हुनुपर्छ । सामाजिक वातावरण ठीक हुन समाजका सदस्यका बीच आपसी प्रेम, आदरको भावना, कर्तव्यको ख्याल र **मर्यादित** बानीबेहोरा हुनु अत्यावश्यक मानिन्छ । यी कुरातर्फ मानिसले खुबै विचार पुऱ्याउनुपर्दछ ।

मानिसमा पहिल्यैदेखि मेलमिलापको गुण रहँदै आएको पाइन्छ । मानिसमानिसबीच मात्र होइन अरू पशुपन्छीसँग समेत उसले मित्रता र मेलमिलाप गरेका उदाहरणहरू हामी पाउँछौं । वनवासी रामचन्द्रले सुग्रीवसँग मेलमिलाप गरेको कुरा हामीलाई थाहै छ । यसले मानिसको मेलमिलाप गर्ने गुणको परिचय दिन्छ । अझ ऋषिमुनिहरूका आश्रममा जङ्गली जीवजन्तु ऋषि मुनिकै शिष्य वा सन्तानझैं लुटपुटिने गरेका कुराको वर्णन पहिलेपहिलेका काव्यहरूमा पाइन्छ । त्यसले पनि मानिसको **मिलनसार** बानीबेहोराबारे अनुमान गर्न सकिन्छ । पशुपन्छी र जनावरहरूलाई समेत आफ्नो प्रेमले

कदापि : कहिल्यै पनि

सहिष्णुता : सहने शक्ति, परस्परमा मिलेर बस्ने गुण

धब्बा : दाग, चिह्न

मर्यादित : मर्यादामा रहेको, नियमअनुशासनमा बसेको

मिलनसार : मेलमिलाप गर्ने गुण भएको

रद्द पार्न सक्ने आजका मानिसले मेलमिलाप गर्न सिक्नुपर्छ। विभिन्न स्वार्थ, चुक्ली, लुच्याइँफट्याइँजस्ता तुच्छ कुराहरूले मानवसमाजमा लडाइँ, झगडा, हिंसाहत्या र **उपद्रव**हरू मच्चिने गर्दछन् । यी कुराहरू मानिसका लागि पटक्कै नसुहाउने कुरा हुन् ।

मानिसमा परोपकारको भावनाले शोभा दिन्छ । **स्वावलम्बीपन**ले मानिसलाई आत्मनिर्भर तुल्याउँछ । उदार हृदयबाट नै मानिस महान् बन्न सक्छ । यस किमिसका मानवीय गुणहरू सामाजिक मेलमिलापका लागि पनि अत्यावश्यक मानिन्छन् । मानिसमा त्यागको भावना भएन, उच्छृङ्खलता बढेर गयो र अनियन्त्रित रूपले मानिस **स्वच्छन्द** हुन पुग्यो भने समाजमा मेलमिलापको वातावरण सिर्जना गर्न समस्या पर्छ। मानिस सामाजिक प्राणी हो भन्ने कुरा पनि निरर्थक हुन सक्छ ।

आखिरमा मेलमिलाप गर्ने उद्देश्यले नै मानिसले समाजको कल्पना गरेको हो । एक्लाएक्लै बस्दा अनेक प्रकारका समस्या भोग्नुपर्ने र कहिलेकाहीं त जीवनकै पनि सुरक्षा नहुने भएकाले नै मानिसका लागि समाज सबभन्दा उपयुक्त **आश्रयस्थल** बनेको हो । आफ्नो सबभन्दा सुरक्षित आश्रयस्थललाई मानिस आफैंले सिँगार्नुपर्छ, आफैंले सजाउनुपर्छ । त्यसका लागि रङ्गीचङ्गी फूलबुट्टे वस्तुहरूको आवश्यकता पर्दैन। मानिसमानिसका बीच **संयम** र समझदारी, परस्परको हित र सहयोगको भावना आवश्यक हुन्छ । आपसी प्रेम र मित्रता, अर्काका विचारको कदर, खराब आचरण र विचारको त्याग तथा मानवमात्रको एकताको चाहनाजस्ता सामाजिक **सद्गुण**हरूले सामाजिक मेलमिलापमा विशेष महत्त्व राख्छन् । सामाजिक मेलमिलापको स्थितिले नै मानिस सभ्य कहलाउँछ र उसले मानवसमाज र आफ्नो राष्ट्रको गौरव बढाउन सक्दछ । वास्तवमा हामीले महान् भनेर मान्दै आएका मानिसहरू पनि त्यस्तै गुणहरूले गर्दा महान् बनेका हुन् ।

रद्द : दङ्ग, छक्क

उपद्रव : उत्पात, उपद्रो, बिजाइँ

स्वावलम्बीपन : आफूसँग सम्बन्धित निजी काम आफैंले गर्ने गुण

स्वच्छन्द : छाडा

आश्रयस्थल : आश्रय लिने ठाउँ

संयम : आफूलाई खराब आचारणबाट जोगाउन नियन्त्र गर्ने कार्य

सद्गुण : असल गुण, राम्रो वानीव्यहोरा

अभ्यास

१. **तलका प्रश्नको उत्तर लेख:**

(क) मानिस अरू प्राणीभन्दा किन श्रेष्ठ मानिएको हो ?

(ख) सामाजिक मेलमिलापका निम्ति केके कुरामा विचार पुऱ्याउनुपर्छ ?

(ग) समाजमा कस्तो भिन्नता पाइन्छ ?

(घ) समाजलाई सिँगार्न कस्ता गुणहरू आवश्यक हुन्छन् ?

(ङ) कहिलेकाहीँ मानवसमाजमा किन नराम्रा घटना घट्ने गर्छन् ?

२. **स्पष्ट गर:**

(क) संसारको सार भन्नु नै अगाडि बढ्नु हो ।

(ख) सामाजिक मेलमिलापको स्थितिले नै मानिस सभ्य कहलाउँछ ।

३. **'सामाजिक मेलमिलाप' भन्ने पाठमा परेका मुख्यमुख्य कुराहरू छोटकरीमा आफ्नै शब्दमा वर्णन गर ।**

४. **तलका भनाइका सम्बन्धमा कक्षाका साथीहरूबीच छलफल गर:**

(क) मानिस विद्या, बुद्धि र विवेकको खानी हो ।

(ख) प्राणीहरूमा मानिस सबैभन्दा श्रेष्ठ सामाजिक प्राणी हो ।

(ग) जीवनपद्धतिको सम्मिश्रणबाट नै कुनै पनि समाजको निर्माण भएको हुन्छ ।

(घ) मानिस सरसङ्गतले पनि सुध्रने जात हो ।

५. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर:**

आचरण, महान्, मेलमिलाप, प्रेम, सहयोग, सङ्गत, हिंस्रक, स्वतन्त्रता, उपद्रव ।

६. **उदाहरणमा झैं खाली ठाउँमा शुद्ध रूप लेख:**

उदाहरण: स्वतन्त्र = मानिसले स्वतन्त्रताको रक्षा गर्दै अगाडि बढ्नुपर्छ ।

विविध = समाजमा विविधता पाइन्छ ।

उत्सुक - विशेष देन दिने ..... मानिसमा मरेर गयो भने विकासको मुहान नै सुक्छ ।

सुध्रनु - मानिस त आखिर सङ्गतले पनि ..... जात हो ।

वनवास - ..... रामचन्द्रले सुग्रीवसँग मेलमिलाप गरेको थिए ।

सुरक्षा- समाज मानिसको सबभन्दा .....आश्रयस्थल हो ।

७. **ठीकबेठीक छुट्याऊः**

(क) मानिसले मेलमिलाप गर्ने उद्देश्यले नै समाजको कल्पना गरेको हो ।

(ख) मानिस र अरू प्राणीमा कुनै भिन्नता पाइन्न ।

(ग) मेलमिलाप गर्न नसकिने कुरा हो ।

(घ) समाजमा खराब आचरण र नराम्रा विचार भएका मानिसहरू प्रशस्त भेटिन्छन् ।

८. **उदाहरणमा दिएझैं तलका शब्दहरू शुद्ध गरी लेखः**

उदारहण - मेल मिलाप = मेलमिलाप (पदयोग)

विद्या खानी = विद्याको खानी (पद-वियोग)

स्वतन्त्रता को	कुरा हरू
समाज सँग	असलविचार
गति शीलता	हिंसारहत्या
मानिस लाई	सङ्गतलेपनि

९. **फरक छुट्याऊः**

बानी वाणी	रद्द रद्दी	गुण गुन	आश्रय आश्रम
उपयुक्त उपर्युक्त	भोग भोक	देन दिन	संस्कृत संस्कृति

व्याकरण

वचन : पदसङ्गति

एकवचन : माली फूल टिप्छ । म दूध दुहुन्छु । तँ पाठ पढ्छस् ।

बहुवचन : मालीहरू फूल टिप्छन् । हामी दूध दुहुन्छौं । तिमीहरू पाठ पढ्छौ ।

एउटालाई बुझाउँदा एकवचन र एकभन्दा धेरैलाई बुझाउँदा बहुवचन हुन्छ । वचन दुई प्रकारका हुन्छन् । कर्ताअनुसार क्रियाको वचन मिलाउनुपर्छ । कर्ताको वचनअनुसार क्रियापदमा वचनको प्रयोगलाई वचनका आधारमा हुने पदसङ्गति भनिन्छ ।

१. **वचनमा फेरबदल आउने गरी वाक्यपरिवर्तन गरः**

उदाहरण : म बजार जान्छु = हामी बजार जान्छौं ।

राम किताब किन्छ ।

प्रहरी चोर समात्छ ।

हामी ढिलो सुत्छौं ।

तँ गाई चराउँछस् ।

तिमीहरू बजार जान्छौ ।

२. **खाली ठाउँ भरः**

(क) मैले लेख ..... । (लेख्यौ, लेखें)

(ख) ..... छाता ओढ्छौं । (म, हामी)

(ग) पुष्पा माला ..... । (उन्छन्, उन्छे)

(घ) ..... घरमा बस्छन् । (भूषणहरू, वन्दना)

(ङ) खरायाहरूले हात्तीलाई..... । (छक्यायो, छक्याए)

३. **एकवचन र बहुवचन जनाउने पाँचपाँचओटा वाक्य लेख ।**

४. **माथिको पाठमा परेका क्रियापदमध्येबाट एकवचन र बहुवचनका पाँचपाँचओटा क्रियापदहरू टिपी शिक्षकलाई देखाऊः**

उदाहरण : हुन्छ = एकवचन भन्छन् = बहुवचन

५. **वचनको परिचय देऊ ।**

६. **वचन बदलेर वाक्यमा प्रयोग गरः**

म, उनीहरू, ऋषि, बहिनीहरू, कालो, ठूला, तपाईं ।

सिर्जनात्मक अभ्यास

१. मानिस सामाजिक प्राणी हो भन्ने विषयमा कक्षामा छलफल गर ।

२. तिमी बसेको समाजमा असल र खराब दुवै किसिमका मानिसहरू हुन सक्छन् । यस किसिमका असल मानिसका गुण र खराब मानिसका दुर्गुणहरूको टिपोट गर ।

३. सामाजिक वातावरण राम्रो बनाउन केके गर्न सकिन्छ, साथीहरूबीच छलफल गरी ती उपायहरूको एउटा सूची बनाऊ ।

४. एकवचन र बहुवचन दुवैको प्रयोग गरी तिम्रो घरमा भएका पशुपन्छीको वर्णन गर ।

पाठ ४

संवाद

आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ

कालिन्चोक माध्यमिक विद्यालय चरिकोटका अलका, आस्था र सुरज दिउँसोको छुट्टीमा आफ्नै विद्यालय अगाडि कुराकानी गर्दै छन् । यी तीनैजना कक्षा ६ का विद्यार्थी हुन् ।



अलका - आस्था ! तिमीले आज समाचार सुन्यौ ?

आस्था - के समाचार ! कस्तो समाचार हँ ?

सुरज - अलका ! रेडियोको कि टेलिभिजनको समाचार ?

अलका - रेडियो वा टेलिभिजन जेको भए पनि समाचार त आखिर एकै त हो नि ! होइन र ?

आस्था - म त समाचार भन्ने कुरा कहिल्यै सुन्दिनँ । रेडियो, टेलिभिजन खोल्दा पनि नाचगान र रमाइलो कार्यक्रम रहेछ भने मात्र, नत्र बन्दै गरिदिन्छु ।

सुरज - म पनि समाचार त सुन्दै सुन्दिनँ । हाम्रा बुबा, दाइहरू भने समाचार आउने वेलामा कान थापेर सुन्नुहुन्छ । मलाई त दिक्क लाग्छ, त्यस्तो जाबो समाचार पनि के सुन्न मन लागेको हो कुन्नि ।

अलका - आस्था र सुरजका कुरा सुनेर म त छक्क परें । रिसाउँदैनौ भने म एउटा कुरा भनूँ ?

आस्था - (गजक्क गज्किएर) किन रिसाउने नि, मज्जाले भन् न !

अलका - हामी संसारमा कहाँ के भइरहेछ भन्ने कुरा समाचारबाट नै थाहा पाउन सक्छौं । विद्यार्थीहरूले त संसारका **गतिविधि** बुझ्नुपर्छ । देशविदेशका कुरा नबुझ्ने हो भने किताब पढेर मात्र के हुन्छ र ?

सुरज - हेर न आस्था ! अलकाले आफूलाई कति न संसार बुझ्ने भनिठानेकी ! हामीलाई भने यसरी होच्याएर कुरा गर्ने !

आस्था - **तबैतारे** ! आफू आफ्नो पाठ पढिन्छ, रमाइलो कार्यक्रम रहेछ भने त रेडियो टेलिभिजन पनि सुनिन्छ, हेरिन्छ, नत्र बरु मस्त सुतिन्छ, कि कसो सुरज ?

सुरज - आस्था ! यस कुरामा चाहिँ तिम्रो र मेरो विचार **ठ्याम्मै** मिल्यो । आफ्नो पनि त्यही हो ताल ! तर कुरा उठिहाल्यो समाचारचाहिँ के थियो नि त्यो भने सुनौं न ।

अलका - तिमीहरूका कुरा सुनेर मलाई मेरो कुरा भन्नै मन लागेन, गफ गर्ने समय पनि तिमीहरूलाई कतै दिक्कलाग्दो नहोस् ।

आस्था - होइन, साथीसाथीबीच कुराकानी गर्दा त समाचार पनि दिक्क लाग्दो हुन्न नि ! रेडियो, टी.भी.मा कान थापेर सुन्दा पो दिक्क लाग्छ त ! भन् न हामी पनि तेरो मुखबाट समाचार सुनौं । (जिस्काउँदै) ल, यो रेडियो नेपाल हो, अब अलकाबाट समाचार...।

अलका - आस्थालाई अझै ठट्टा गर्न पुगेको छैन, के समाचार सुनाउनु ?

सुरज - ल, ल, भैगो, हामी चुप लागौंला । त्यस्तो महत्त्वपूर्ण कुरा के रहेछ, छिटो सुनाऊ ।

अलका - क्या नि, अब सरकारले नारीशिक्षालाई विशेष महत्त्व दिने भयो । अझ, अब त नारीहरूलाई पढाइलेखाइतर्फ **आकर्षण** गर्न प्रत्येक विद्यालयमा महिला शिक्षक राख्नै पर्ने नियम पनि लागू गर्ने भएको छ ।

आस्था - त्यो त सबै ठीकै छ, बरु छात्राहरूलाई चाहिँ केके सुविधा दिने भन्ने समाचार थियो त, त्यो भने बताऊ न !

सुरज - (व्यङ्ग्यको भावमा) अँ त, केके सुविधा पाइने भयो, कतै तिमीहरूलाई पनि केही मिलिहाल्छ कि ?

अलका - त्यो सबै कुरा भन्न त म पनि कहाँ सक्छु र ! महिला शिक्षकको व्यवस्था **अनिवार्य** रूपमा लागू गर्नै पर्ने कुरा पनि त हामी महिलाका लागि खुसीकै कुरा हो नि !

गतिविधि : क्रियाकलाप

तबैतारे : हो त नि, अरूले भनेको कुरामा सही मिलाउने शैली

ठ्याम्मै : ठ्याक्कै, तलबाट ल्याउने, ठिक्कसँग मिल्ने गरी

आकर्षण : तान्नु, खिच्नु

अनिवार्य : नभई वा नगरी नहुने, गर्न करै लाग्ने

आस्था - आफू शिक्षक भएर बाँच्नु नपर्ने मानिसलाई महिला शिक्षक राख्ने भन्ने कुरा कागलाई ब्रेल पाक्यो, हर्ष न विस्मात्, हामीलाई त क्यै न क्यै ?

अलका - यो हामी महिलालाई फाइदा पुग्ने कुरा होइन र ? हामी आफैं पनि एस्.एल्.सी.उत्तीर्ण गरेपछि स्कुलमा शिक्षक भएर बाँच्न सक्ने र आफ्ना खुट्टामा उभिन सक्ने हुन्छौं । यो सानो कुरा हो त ?

सुरज - आस्था, अलका त शिक्षक पो हुने भइन् । आफ्ना खुट्टामा आफैं उभिने भन्ने कुरो चाहिं मलाई पनि चित्त बुझ्यो । महिलाहरू आफ्ना खुट्टामा आफैं उभिए भने पुरुषहरूको जीवनयात्रा पनि सजिलोसँग अगाडि बढ्छ ।

आस्था - अलका, रिसाउन भने नरिसा है ! फुर्सदमा गरेको तर्क न हो यो । हामी महिलाहरू शिक्षक भएर समाजसेवा र विकासनिर्माणमा अग्रसर भए पुरुषहरूको घरव्यवहार कसरी चल्छ ? पुरुषहरूको पौरख नखाइदिए, हाम्रा बुबाहरूले टन्न जोडेको सम्पत्ति हामी छोराछोरीहरूले नउडाइदिए, उहाँहरूको चित्त कत्तिको दुख्ला नि, भन् त ?

अलका - तेरो विचार पनि एकप्रकारले ठीकै हो । बुबाहरूले जोडेको सम्पत्ति हामीले पानी झैं बगाइदिनुपर्छ, नत्र कसरी सिद्धिने, होइन त ? तर त्यो सम्पत्ति उहाँहरूले कति दुःख गरेर जोड्नुभएको होला, तैंले कहिल्यै सोचेकीसम्म छस् ? एकदिन बुबामुमाबाट खर्च नलिई हिँड् त, तेरो **ताइँ** देखिइहाल्छ नि । अर्काले जोडेको सम्पत्ति उडाउन त मजा हुन्छ तर आफैं जोड्ने कोसिस गर् त, कति गाह्रो हुन्छ । फेरि महिलाहरूको सम्पत्ति भनेको नै के हुन्छ ? पुस्तौंपुस्तादेखि पुरुषको पराधीनतामा बाँचेका हामी महिला, हाम्रो अवस्था कति नाजुक छ । हामीहरू जो लेखपढ गर्छौं, हाम्रो खास सम्पत्ति त त्यही हो । त्यसैबाट हामीले आफ्नो **गुजारा** गर्न सक्नुपर्छ, आफ्ना खुट्टामा उभिन सिक्नुपर्छ । (एकछिन सबैजना चुप लाग्छन् ।)

सुरज - भो अब छोड यी कुरा, म त अलकाको कुरामा पूरै सहमत भएँ ।

आस्था - मलाई त अलका यति गम्भीर कुरा गर्लीजस्तो लागेको थिएन । आज यसले धेरै कुरा सोच्न बाध्य तुल्याई । यसले आज मेरो **आँखा खोलिदिई** । मैले जीवनबारे यति गहिरो कुरा सोचेकी पनि थिइनँ ।

ताइँ : शक्ति वा फुर्ती, घमन्ड

गुजारा : निर्वाह, व्यवहार चलाउने काम

आँखा खोलिदिनु : ज्ञान दिनु, महत्त्वपूर्ण कुरा जानकारी गराउनु

सुरज - (गम्भीर हुँदै) सोच्यो भने **नारीशिक्षा**को महत्त्व वास्तवमा कम छैन ।

आस्था - (झन् गम्भीर हुँदै) आफ्ना खुट्टामा उभिने भन्ने कुरा कम महत्त्वको छ र ? मलाई त त्यस कुराले कताकता उत्साहित बनायो ।

अलका - अझै म एउटा कुरा भन्न चाहन्छु, सुन्छौ ?

सुरज - अवश्य सुन्छौं । यसका लागि पनि अनुमतिको आवश्यकता पर्छ र ?

अलका - हामी सानातिना कुरामा त्यति ध्यान दिदैनौं, तर सानातिना कुराले नै मानिसलाई महान् बन्न प्रेरित गर्छ । प्रत्येक कुराको मूल्य र महत्त्व बुझ्नतिर नलाग्ने हो भने, जीवनको मूल्य पनि केही रहँदैन । सोच्ने कामबाट मानिस कहिल्यै **औताउनु**हुन्न र असल कुरा सोच्न कहिल्यै पछि पनि पर्नुहुन्न । सोच्ने **स्वतन्त्रता** केँवल मानिसको **एकलौटी** स्वतन्त्रता हो ।

सुरज - यो पनि तिमीले सुनेको समाचारभित्रकै कुरा हो, अलका ?

अलका - होइन, यो त **दृढ**विश्वासका साथ भित्री हृदयबाट निस्केको मेरो अभिव्यक्ति हो (**गम्भीर** मुद्रामा सबै जना चुपचाप रहन्छन् एकछिनपछि घन्टी लाग्छ) ।

आस्था - घन्टी लागिसक्यो, कृष्णसर कक्षातिर लाग्नुभयो, हामी पनि अब उठौं । बरु चाँडै कक्षाकोठाभित्र प्रवेश गरौं । (तीनैजना कक्षाकोठातर्फ लाग्छन्)

नारीशिक्षा : महिलाहरूलाई प्रदान गरिने शिक्षा
औताउनु : आत्तिनु, परिणामबारे चिन्ता लिनु
स्वतन्त्रता : कुनै शासनको बाधाबन्धन नभई उचित काम आफैं गर्न पाउने अवस्था
एकलौटी : एउटाको मात्र अधिकार भएको
दृढविश्वास : बलियो विचार
गम्भीर : गहिरो, महत्त्वपूर्ण

अभ्यास

१. तलका प्रश्नको छोटो उत्तर देऊः

(क) विद्यार्थी जीवनमा समाचारको के महत्त्व हुन्छ ?

(ख) सरकारले पढाइलेखाइप्रति आकर्षण गर्न महिलाहरूलाई केके सुविधा दिएको छ ?

(ग) सुरज र आस्था आखिर अलकाका विचारसँग किन सहमत भए ?

(घ) 'असल कुरा सोच्न कहिल्यै पछि पर्नुहुन्न' भनेको के हो ?

(ङ) अलका र आस्थाका विचारमध्ये तिमीलाई कसको विचार मन पऱ्यो, किन ?

२. **अलका, सुरज र आस्था बनेर यो पाठ पालैपालो हाउभाउ मिलाएर पढी कक्षामा सुनाऊ ।**

३. **तलका भनाइ कसका हुन्, बताऊ :**

(क) देशविदेशका कुरा नबुझ्ने हो भने किताब पढेर मात्र के हुन्छ ? (आस्था, सुरज, अलका)

(ख) आफ्नो पनि त्यही हो ताल । (अलका, आस्था,सुरज)

(ग) जीवनबारे यति गहिरो कुरो सोचेकी पनि थिइनँ । (सुरज, आस्था, अलका)

(घ) आफ्ना खुट्टामा उभिने भन्ने कुराचाहिँ झन् कम छ र ? (सुरज, आस्था, अलका)

(ङ) सोच्ने स्वतन्त्रता केवल मानिसको एकलौटी स्वतन्त्रा हो । (अलका, आस्था, सुरज)

४. **"शिक्षा जीवनका लागि नभई नहुने कुरा हो ।" यस भनाइलाई एक पानामा बढाएर लेख ।**

५. **प्रस्टसँग उच्चारण गरः**

महत्त्वपूर्ण, उत्तीर्ण, स्वतन्त्रता, समाचार, कार्यक्रम

६. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरः**

कार्यक्रम, त, मोज, गुजारा गर्नु, दिक्क

७. **अर्थ स्पष्ट पारः**

(क) कागलाई वेल पाक्यो हर्ष न विस्मात् ।

(ख) सानातिना कुराले नै मानिसलाई महान् बन्न प्रेरित गर्छ ।

८. **"हामी सानातिना कुरामा... एकलौटी स्वतन्त्रता हो" भन्ने अनुच्छेद शिक्षकले सुनाएका आधारमा लेख ।**

९. **शुद्धसँग लेख:**

ग्रिहकार्य, ग्यानगुन, स्वटन्ट्रता, आनीबार्ये, हर्स ।

१०. **शब्दको अर्थ लेख:**

नारी, ताइँ, मूल्य, बाध्य, मजा, जाबो ।

व्याकरण

अर्थ वा भाव

सामान्यार्थ

(क) म समाचार कहिल्यै सुन्दिनँ ।

(ख) हाम्रा दाइहरू भने कान थापेर समाचार सुन्नुहुन्छ ।

(ग) विद्यार्थीहरूले त संसारका गतिविधि बुझ्नुपर्छ ।

(घ) बुबाहरूले जोडेको सम्पत्ति हामीले पानीझैं बगाइदिनुपर्छ ।

(ङ) नारीशिक्षाको महत्त्व वास्तवमा कम छैन ।

यी वाक्यले सामान्य अर्थ बुझाएका छन् ।

आज्ञार्थ

(क) किन रिसाउने नि, मज्जाले भन् न ।

(ख) समाचार चाहिँ के थियो नि अलका भन् न ।

(ग) चाँडै कक्षाकोठाभित्र प्रवेश गरौं ।

(घ) आफ्नो ठाउँमा नचलीकन बस ।

(ङ) राम्रोसँग जाँच देऊ ।

यी वाक्यले आज्ञा वा आदेश अर्थ बुझाएका छन् ।

सम्भावनार्थ

(क) आज पानी पर्ला । (ख) दाजु भोलि आउनुहोला ।

(ग) श्यामा पोखरा पुग्ली । (घ) छोरो डाक्टर होला ।

(ङ) हामी चुप लागौंला ।

यी वाक्यले काम पछि हुन **सक्ने** सम्भावना मात्र बुझाएका छन् ।

आज्ञा वा आदेश बुझाउँदा आज्ञार्थ, सम्भावना बुझाउँदा सम्भावनार्थ र सामान्य अर्थ बुझाउँदा सामान्यार्थ हुन्छ ।

१. **कुनकुन सामान्यार्थ वाक्य हुन् ?**

(क) अकबरी सुनलाई कसी लाउनुपर्दैन । (ख) परिश्रमको फल मीठो हुन्छ ।

(ग) बाघको पनि बच्चा हुन्छ । (घ) हुने हुनामी कसैले टार्न सक्तैन ।

(ङ) तिमी भोलि आऊ । (च) पर्सि पानी पर्ला ।

२. **तलका कुनचाहिँ वाक्य सम्भावनार्थक होइनन्, छुट्याऊः**

(क) दसैँमा छोरो घर आउला । (ख) किसानको परिश्रम खेर जादैन ।

(ग) मेरो भनाइ तिमीलाई मन नपर्ला । (घ) मेरो परीक्षा सफल होला ।

(ङ) हामीलाई स्वतन्त्रता प्यारो लाग्छ ।

३. **आज्ञार्थ, सम्भावनार्थ र सामान्यार्थ बुझाउने तीनतीनओटा वाक्य लेख ।**

४. **आज्ञार्थ र सम्भावनार्थमा बदलः**

***उदाहरण** : विनीता घुम्न जान्छिन्-*

विनीता, घुम्न जाऊ ।

विनीता घुम्न जालिन् ।

(क) तिमी विद्यालय जान्छौ । (ख) तँ पत्रिका बेच्छस् ।

(ग) तिमी सबैरै उठ्छौ । (घ) गोपाल पाठ पढ्छ ।

(ङ) मोहन आँप खान्छ । (ङ) मुना घर जान्छे ।

५. **आज्ञार्थक, सम्भावनार्थक र सामान्यार्थक वाक्यका बारेमा उदाहरणसहित परिचय देऊ ।**

सिर्जनात्मक अभ्यास

१. **पाठको संवादलाई अभिनयसहित प्रस्तुत गर्ने प्रयास गर ।**

२. **बिदाका दिन घुम्न जाँदा भएको कुराकानीका आधारमा संवाद लेख ।**

पाठ ५

जीवनी

साहित्यकार भवानी भिक्षु

नेपाली साहित्यमा भवानी भिक्षु सुपरिचित र प्यारो नाम मानिन्छ । नेपाली भाषासाहित्यका विद्वान् तथा साहित्यकारहरू उनलाई 'भिक्षु' भनेर चिन्दछन् ।'भिक्षु' उनको उपनाम हो । भवानी भिक्षु नेपाली साहित्यको सेवा गर्न भवगती माताद्वारा **भिक्षास्वरूप** दिइएका वरदान हुन् ।

'हुने बिरुवाको चिल्लो पात' भनेझैं भवानी भिक्षुले सानै उमेरदेखि साहित्यसेवामा रुचि देखाए । उनको जन्म वि.सं. १९७१ साल जेठ २१ गते कपिलवस्तु जिल्लाको तौलिहवामा भएको हो । उनी पिता इन्द्रप्रसाद गुप्ता र माता यशोदादेवीका माहिला छोरा थिए । उनको वास्तविक नाम भवानीप्रसाद गुप्ता हो । तीनचार वर्षको उमेरमा उनलाई बिफरले झन्डै मृत्युको मुखमा पुऱ्याएको थियो ।

शीतलादेवीको उपासनाबाट उनको जीवनरक्षा हुन सक्यो । यसैले उनका आफन्तहरूले उनलाई शीतलादेवीको भिक्षाका रूपमा 'भिक्खा' 'भिक्षा' जस्ता नामले बोलाउन थाले । गाउँघरमा पछिसम्म पनि उनको बोलाउने नाम भिक्षा नै थियो । यसै आधारमा भवानीप्रसाद गुप्ताले भवानी 'भिक्षु' भनेर आफ्नो साहित्यिक नाम रोजे, त्यही नाम नै नेपाली साहित्यमा एउटा **अविस्मरणीय** इतिहास बन्न पुग्यो ।

इन्द्रप्रसाद गुप्ता तौलिहवाका पुगिसरी आएका **जमिनदार** थिए । त्यसकारण भिक्षुको बाल्यकाल सुखमै बित्यो । राम्रो पालनपोषण र शिक्षादीक्षामा उनी हुर्किदै गए । उनले भारतको विद्यालयमा अध्ययन गर्न सुरु गरे तर औपचारिक रूपमा उच्चशिक्षा हासिल गर्न चाहिँ उनलाई मौका मिलेन ।

भिक्षा : भिख, माग्नेलाई दिइने दान

अविस्मरणीय : बिर्सन नसकिने

जमिनदार : प्रशस्त जग्गाजमिन भएको व्यक्ति

त्यसो भए तापनि अध्ययनशील स्वभावले गर्दा उनी सरस्वतीको सेवामा लागिरहे र सफल साहित्यकारका रूपमा सम्मानित हुन सके ।

भिक्षुमा अवधी, हिन्दी, उर्दू, अङ्ग्रेजी, संस्कृत, बङ्गाली र नेपाली भाषाको राम्रो ज्ञान थियो । उनको मातृभाषा चाहिँ अवधी हो । आरम्भमा उनी हिन्दी साहित्यतर्फ आकर्षित भएका थिए र बाह्र वर्षकै उमेरमा 'प्रताप' भन्ने पत्रिकामा उनले आफ्नो हिन्दी कविता पनि छपाएका थिए । उनले 'उर्दू' मा पनि कविता र कहानीहरू लेखेका थिए भनिन्छ । केही कथा र प्रशस्त कविताहरू पत्रपत्रिकामा प्रकाशित गरेर कम उमेरमै भिक्षु हिन्दी साहित्यका पाठकहरूका बीच परिचित भएका हुन् ।

वि.सं. १९८७ सालमा भिक्षु प्रथम पटक काठमाडौँ भित्रिएका थिए । त्यहाँ रहँदा साहित्यसेवी ऋद्धिबहादुर मल्ल र कवि सिद्धिचरण श्रेष्ठसँग उनको सम्पर्क बढ्यो । त्यही सम्पर्क नै नेपाली साहित्यको सेवा गर्न उनका निम्ति सुनौलो अवसर साबित भयो । वि.सं. १९९३ सालमा 'शारदा' पत्रिकामा 'वियोगरात्रि' **शीर्षक**को कविता छपाएर भिक्षु नेपाली साहित्यमा प्रवेश गर्न पुगे । उनले लगभग ४० वर्षसम्म नेपाली साहित्यको सेवा गरे । उनको प्रेरणा सबैका निम्ति अमूल्य छ र खास गरी नेपाली मातृभाषा नहुनेहरूका निम्ति त **अनुकरणीय** नै बन्न गएको छ ।

हिन्दी साहित्यको **मोह**मा परिसकेका भिक्षुले नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरे । उनी नेपाली साहित्य साधनामा संलग्न भए । यस कुरालाई ज्यादै महत्त्वपूर्ण घटना मान्नुपर्दछ । विभिन्न झन्झट र सङ्कटमा पनि उनको साहित्यिक प्रतिभा कहिल्यै शिथिल देखिएन । फुर्किएर उत्ताउलो हुने र रोएर दुःखमनाउ गर्ने स्वभाव उनको थिएन । भिक्षु सरल जीवन, **भावुक** व्यक्तित्व, मीठो बोली र मिजासिलो स्वभावका थिए । उनी प्रेमपूर्ण भावनामा सधैँ रमाउँथे । उनका सम्पर्कमा आउने व्यक्ति उनको व्यवहारबाट प्रभावित भएकै हुन्थे । उनी साथीभाइ भनेपछि हुरुक्क हुन्थे र उनीहरूलाई आफूकहाँ बोलाएर मीठो चियासँगै मीठमीठा कुराको स्वाद समेत चखाउँथे । 'मेरो सानो साथी' का कथाकार भिक्षुमा केटाकेटीलाई पनि साथी भाइसरह व्यवहार गर्ने **विशेषता** थियो ।

भिक्षु मुख्य रूपमा नेपाली कविता, उपन्यास र कथा साहित्यका त्रिवेणी मानिन्छन् । उनी कवितामा भन्दा उपन्यासमा र उपन्यासमा भन्दा कथामा बढी सफल देखिन्छन् । आफ्ना रचनामा मानिसका

शीर्षक : रचनाको परिचय दिने किसिमले सिरानमा लेखिने नाउँ

अनुकरणीय : सिको गर्न लायक

मोह : आशक्ति, प्रेम

भावुक : भावना भएको

विशेषता : लक्षण, विशेष किसिमको गुण

सहज बानीवेहोराको चित्र उतारेर भिक्षुले नेपाली साहित्यलाई नयाँ बाटो देखाउने प्रयास गरेका छन् । उनको साहित्यिक विशेषता पनि यही हो । उनी आफ्ना कथामा मानिसको मनभित्र गुम्सिएर रहेका इच्छा र चाहनाहरूको चित्रण गर्न अत्यन्त सफल रहेका छन् ।

'छाया' 'प्रकाश' र 'परिष्कार' (कवितासङ्गह) 'पाइप नं. २.' र 'आगत' (उपन्यास) तथा 'गुनकेशरी' 'मैयाँ साहेब' 'आवर्त' र अवान्तर' (कथासङ्ग्रह) जस्ता कृतिहरू भिक्षुका **अनमोल** कृति हुन् । 'आगत' उपन्यासका निमित्त उनलाई साझा पुरस्कार र मदन पुरस्कार प्रदान गरियो । वि.सं. २०३६ सालको त्रिभुवन प्रज्ञा पुरस्कारले समेत भिक्षुलाई सम्मानित गरिएको थियो । उनी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको स्थापनाकाल अर्थात् वि.सं. २०१४ सालदेखि नै त्यसका सदस्य थिए । वि.सं. २०२८ सालदेखि उनी त्यस संस्थाका आजीवन सदस्यका रूपमा सम्मानित हुन पुगे । प्रज्ञा प्रतिष्ठानमा रहँदा उनी साहित्य विभागको संयोजक समेत भए ।

नेपाली साहित्यको विकासमा **अमूल्य** योगदान पुऱ्याउने भवानी भिक्षु वि.सं. २०३८ साल वैशाख ४ गते फोक्सोको क्यान्सरले परलोक भए । उनी परलोक भएको समाचारले हामी सबैलाई दुःखी बनाएको थियो । नेपाली साहित्यका एक **साधक**को अन्त्य हुँदा सबैले नमीठो अनुभव गरे । उनी मरेर गए पनि उनका रचनाले हामीलाई सधैं उनको सम्झना दिलाइरहन्छन् ।

अनमोल : मोल नभएको, अमूल्य, मूल्य तोक्न नसकिने

अमूल्य : मोलमा बदल्न नसकिने, महत्त्वपूर्ण

साधक : कुनै काममा एकचित्त भएर लाग्ने व्यक्ति

अभ्यास

१. **तलका प्रश्नको उत्तर लेख:**

(क) भिक्षु नेपाली साहित्यतर्फ कसरी आकर्षित भए ?

(ख) भिक्षुको साहित्य सेवाको कदर कुन रूपमा गरिएको छ ?

(ग) भिक्षुका कथामा के विशेषता पाइन्छ ?

(घ) भवानी भिक्षुलाई कुनकुन भाषाको ज्ञान थियो ?

(ङ) भिक्षुको जीवनीबाट कस्तो प्रेरणा पाउन सकिन्छ ?

(च) भिक्षुका अनमोल कृतिहरूका नाम केके हुन् ?

२. **पाठका आधारमा भवानी भिक्षुको एक अनुच्छेदमा परिचय देऊ ।**

३. **भावविस्तार गरः**

(क) हुने बिरुवाको चिल्लो पात

(ख) फुर्किएर उत्ताउलो हुने र रोएर दुःख मनाउ गर्ने स्वभाव उनको थिएन ।

४. **खाली ठाउँ भरः**

(क) भवानीप्रसाद गुप्ताको साहित्यिक नाम ..... हो ।

(ख) काठमाडौँ आएपछि साहित्यसेवी..... सँग भिक्षुको सम्पर्क बढ्यो ।

(ग) भिक्षुको जन्म वि.सं..... मा भएको हो ।

(घ) भिक्षुको मातृभाषा ..... थियो ।

(ङ) भिक्षुले २०३६ सालको..... पुरस्कार पाए ।

(च) ..... शीर्षकको कविता शारदामा प्रकाशित गरी भिक्षु नेपाली साहित्यमा प्रवेश गरेका हुन् ।

५. **भिक्षुका सम्बन्धमा भनिएका तलका कुनकुन कुरा सत्य छन्, छुट्याऊः**

(क) भिक्षुको जन्म कपिलवस्तु जिल्लाको तौलिहवामा भएको हो ।

(ख) भिक्षुको बोलाउने नाम भवानीप्रसाद गुप्ता थियो ।

(ग) भिक्षुले साझा पुरस्कार र मदन पुरस्कार पनि पाएका थिए ।

(घ) भिक्षुले सुरुदेखि नै नेपाली साहित्यको सेवा गरे ।

(ङ) भिक्षुका रचनामा मानिसका स्वाभाविक बानीबेहोराको चित्र उतारिएको हुन्छ ।

६. **शुद्ध पारेर कापीमा सारः**

अनुकरनीय, रिद्धिबहादुर मल्ल, अध्यनसील, महतो, पुर्न, तृवेनी ।

७. **प्रस्टसँग उच्चारण गरः**

भिक्षु, तौलिहवा, वियोगरात्री, चित्रण, शीर्षक, पत्रपत्रिका ।

८. **अर्थ लेखः**

प्यारो, उपनाम, भगवती, स्वभाव, प्रयास, मौका, पाठक, प्रशस्त ।

९. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरः**

चित्त, मिजासिलो, मोह, हिरिक्क, अनुभव, सङ्कट मातृभाषा, आजीवन, शिथिल ।

व्याकरण

आदरः पदसङ्गति

तिमी खेल खेल्छौ । (पुलिङ्ग)	
तिमीहरू खेल खेल्छौ । (बहुवचन)	सामान्य आदरार्थी
तिमी खेल खेल्छयौ । (स्त्रीलिङ्ग)	(द्वितीय पुरुषमा)
यी । ती । यिनी । तिनी । उनी खेल खेल्छन् । (पुलिङ्ग)	
यिनीहरू । तिनीहरू । उनीहरू खेल खेल्छन् । (बहुवचन)	सामान्य आदरार्थी
यी । ती । यिनी । तिनी उनी खेल खेल्छिन् । (स्त्रीलिङ्ग)	(तृतीय पुरुषमा)
तपाईं खेल खेल्नुहुन्छ । (एकवचन)	उच्च आदरार्थी
तपाईंहरू खेल खेल्नुहुन्छ । (बहुवचन)	(द्वितीय पुरुषमा)
उहाँ खेल खेल्नुहुन्छ । (एकवचन)	उच्च आदरार्थी
उहाँहरू खेल खेल्नुहुन्छ । (बहुवचन)	(तृतीय पुरुषमा)
हजुर खेल खेलिबक्सिन्छ । (एकवचन)	विशेष आदरार्थी
हजुरहरू खेल खेलिबक्सिन्छ । (बहुवचन)	(द्वितीय पुरुष)

माथिका उदाहरणले आदरवाची सर्वनाम र आदरवाची क्रियापदलाई जनाउँछन् ।

नेपाली भाषामा आदरले पनि व्याकरणात्मक कोटिलाई जनाउँछ । आदरको पदसङ्गतिमा नाम, सर्वनामअनुसार क्रियापदको प्रयोग हुन्छ ।

१. **क्रियापदलाई वाक्यमा प्रयोग गरः**

लेख्छौ, लेख्छयौ, लेख्छन्, लेख्छिन्, लेख्नुहुन्छ, लेखिबक्सिन्छ ।

२. **तलको खाली ठाउँमा सुहाउँदो आदरार्थी क्रियापद लेखः**

(क) मेरी बहिनी घरको काम ..... । (सघाउँछ, सघाउँछिन्, सघाउनुहुन्छ)

(ख) गुरुले पाठ ..... । (पढाए, पढायो, पढाउनुभयो)

(ग) ससुरा अति असल ..... । (छन्, छ, होइवक्सिन्छ)

(घ) तपाईं बजार ..... । (जान्छौ, जान्छ्यौ, जानुहुन्छ)

(ङ) तिमी पत्रिका ..... । (किन्छस्, किन्छेस्, किन्छ्यौ)

३. **जोडा मिलाऊः**

तिमी	आउँछ ।
बहिनी	आउनुभयो ।
तपाईं	आइवक्सियो ।
नोकर	आउँछिन् ।
हजुर	आउँछौ ।

४. **वाक्यमा प्रयोग गरः**

तिमी, तपाईं, हजुर, उनी, तिनी, उहाँ

५. **गल्ती वाक्यलाई सच्याएर कापीमा सारः**

(क) तिमी कथा सुन्छ ।

(ख) तपाईं चिठी लेख्छौ ।

(ग) आमा भात पकाउँछ ।

(घ) उनी टोपी बुन्छे ।

(ङ) ती विद्यालय गई ।

सिर्जनात्मक अभ्यास

१. आफ्ना गाउँठाउँका कुनै एक सम्मानित व्यक्तिको जीवनी लेखी शिक्षकलाई देखाऊ ।

२. पाठमा दिइएको भिक्षुको चित्र हेरी उनको त्यस्तै चित्र बनाएर कक्षाकोठामा टाँस ।

३. तिम्रा गाउँघरमा कुनकुन भाषा बोलिन्छन्, तिनको नाम लेखी शिक्षकलाई देखाऊ ।

४. उच्च आदरार्थीको प्रयोग गरी भवानी भिक्षुको वर्णन गर ।

पाठ ६

कविता

भानुभक्त श्रद्धाञ्जलि

□ धरणीधर कोइराला

नेपालकोकिल, कलाविद, रामभक्त
आवालवृद्धवनिता कवितानुरक्त
पारेर देशकन **वाग्विभवादि** दान
गर्दै महापुरुष प्राण दियौ महान ॥

तिम्रो उदार मनमा कविता उदायो
नेपालको हृयद फर्फरि फर्फरायो
अज्ञान वैरि सबका घटको डरायो
दन्केर **ज्ञानशुचि** बेसरि भर्भरायो ॥

नेपालकोकिल : नेपालका कोइली, कोइली समान मीठो बोली बोल्ने व्यक्ति
कलाविद् : कलाका विद्वान्, कला जान्ने
रामभक्त : मर्यादापुरुष रामका भक्त, रामप्रति भक्तिभावना देखाउने
आवालवृद्धवनिता : बालक-बूढा-महिला
कवितानुरक्त : कविताप्रेमी, कविता भनेपछि हुरुक्क हुने
वाग्विभवादि : विद्यासम्बन्धी वैभव, विद्याधन
ज्ञानशुचि : ज्ञानको ज्योति

नेपाल-पाल र प्रजा सब एकनास,
आनन्दपूर्वक पढी तब वाग्विलास,
पाखण्ड खण्डन गरी मन पारि **दङ्ग**,
भर्छन् सदा हृदयमा रसिला **उमङ्ग** ॥

भाषा प्रचार गरी **देशविषे** फिँजाई,
नि:स्वार्थ रामप्रति भक्ति दिई जगाई,
नाना विभक्त जन जो **अविभक्त** पारी
सेवा गऱ्यौ **अटल** यो गनिनेछ भारी ॥

हे भानुभक्त, अनुरक्त छ जाति सारा,
तिम्रा सुधासरि मिठा पढि **काव्यधारा**
तिम्रा मिठा मधुर **काव्यकला** निमित्त,
आजन्म देश रहनेछ **कृतार्थचित्त** ॥

नेपाल-पाल	:	नेपालको पालना गर्ने,	**नाना**	:	अनेक, किसिमकिसिम
			विभक्त	:	विभाजन भएका, बाँडिएका
वाग्विलास	:	कुराकानीबाट प्राप्त हुने रमाइलो अनुभूति	**अविभक्त**	:	संयुक्त, एकत्रित
			अटल	:	हलचल नगर्ने नडगमगाउने
पाखण्ड	:	अज्ञान, मुर्ख्याइँ	**भारी**	:	महत्त्वपूर्ण
खण्डन	:	असहमति जनाउने कार्य	**काव्यधारा**	:	काव्य रस, काव्यका पङ्क्ति
दङ्ग	:	फुरुङ्ग, प्रसन्न	**काव्यकला**	:	कविता रचना गर्ने सीप
उमङ्ग	:	उत्साह, फुर्ती	**मधुर**	:	महसमान,मीठो
देशविषे	:	देशमा, देशभर	**कृतार्थचित्त**	:	प्रशन्न चित्त, खुसी मन

अभ्यास

१. **तलका प्रश्नको उत्तर देऊः**

(क) कवि भानुभक्तलाई किन महापुरुष भनिएको हो ?

(ख) कवि भानुभक्तमा उदाएको कविताले देशवासीमा कस्तो प्रभाव पऱ्यो ?

(ग) कवि भानुभक्तले देशका लागि कस्तो सेवा गरे ?

(घ) सारा नेपालीहरू कवि भानुभक्तप्रति किन आशक्त छन् ?

(ङ) कवि भानुभक्तप्रति हाम्रो देश सदाका लागि किन कृतार्थ रहनेछ ?

२. **"भानुभक्त श्रद्धाञ्जलि" भन्ने कविता लयमा पढ ।**

३. **पढ र बुझः**

वैरि = बैरी	बेसरि = बेसरी
पढि = पढी	फर्फरि = फर्फरी
महान = महान्	कलाविद = कलाविद्

४. **व्याख्या गरः**

(क) तिम्रो उदार मनमा कविता उदायो
नेपालको हृदय फर्फरि फर्फरायो ।

(ख) नाना विभक्त जन जो अविभक्त पारी
सेवा गऱ्यौ अटल यो गनिनेछ भारी ।

४. **तलका पङ्क्ति पूरा गरेर कापीमा सारः**

हे भानुभक्त, अनुरक्त छ .....,
तिम्रा .....काव्यधारा
..... मधुर काव्यकला निमित्त,
.....कृतार्थचित्त ॥

५. **"भानुभक्त श्रद्धाञ्जलि" कवितामा भनिएका कुराहरूलाई बोलचालको शैलीमा लेख ।**

६.. **"भानुभक्त श्रद्धाञ्जलि" भन्ने कविताको पहिलो श्लोक शिक्षकले सुनाएपछि तिमीले लेख ।**

७. कविताको भावसँग मिल्दा भनाइमात्र कापीमा सार:

(क) भानुभक्त नेपाली भाषा र साहित्यका कोइली हुन् ।

(ख) भानुभक्तमा मौलिक कविताको रचना गर्ने कला थियो ।

(ग) रामायणको रचना गरेर भानुभक्त रामभक्त बने ।

(घ) बालक, वृद्ध र महिला कसैले पनि भानुभक्तका कवितालाई रुचाउँदैनन् ।

(ङ) भानुभक्तले भाषिक सम्पन्नताको बलियो जग बसाल्नाले देश सार्थक बन्न सकेको हो ।

(च) भानुभक्तले नेपाली भाषामा कविताको रचना गर्नाले नेपालीको हृदयबाट क्रमिक रूपले अज्ञान हटेर गयो ।

(छ) नेपालका जनताले भानुभक्तका कविता बढी चाख मानेर पढ्छन् ।

८. कोष्ठकमा दिइएका शब्दका सहायताले तलको खाली ठाउँ भर:

(क) भानुभक्तले नेपाली भाषाको प्रचार ..... गरे ।

(तनहुँमा मात्र, उपत्यकासम्म, देशभरि)

(ख) भानुभक्तले नेपालीहरूमा रामप्रति ..... जगाए ।

(स्वार्थी भावना, भक्ति भावना, नि:स्वार्थ भावना)

(ग) भानुभक्तले विभाजित नेपालीहरूलाई .....।

(एकत्रित गरे, आपसमा लड्न लगाए, झगडा गर्न सिकाए)

(घ) भानुभक्तले ..... देशको सेवा गरे ।

(राजनीति गरेर, नेपाली भाषालाई मौलिक रूप दिएर, समाज सेवामा लागेर)

(ङ) भानुभक्तले गरेका देशको अटल सेवालाई ..... रूपमा लिइनेछ ।

(सामान्य, हल्का, भारी वा महत्त्वपूर्ण)

९. उपयुक्त भनाइ कुन हो, त्यसमा (√) यस्तो चिह्न देऊ:

(क) भानुभक्त कुन किसिमका मानिस थिए ? (सामान्य, महापुरुष, अनुदार)

(ख) कवितानुरक्तको अर्थ कुन हो ? (कवितामा आशक्त, कविताको रचना गर्न मन पराउने, कविताको अनुवाद गर्ने)

(ग) वारिवलास भन्नाले के बुझिन्छ ? (कुराकानीबाट प्राप्त आनन्द, ठट्टा, संवाद)

(घ) कवि भानुभक्तले के गरे ? (भाषिक समस्या खडा गरे, नेपालीहरूमा विभाजनको समस्या ल्याए, भाषाको माध्यमबाट नेपालीहरूमा एकताको भावना जगाए)

(ङ) भानुभक्तका कविता कस्ता थिए । (अप्ठ्यारा, छन्दनबन्दका, अमृत समान मीठा)

१०. **प्रस्टसँग तलका शब्द उच्चारण गर:**

आवालवृद्धवनिता, फर्फरायो, भर्भरायो, हृदयमा, पाखण्ड, खण्डन

११. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर:**

सदा, सब, प्रजा, पाल, रसिला, मन, देश, जाति, भक्ति, अटल

१२. **सच्याएर कापीमा सार:**

जाती, सारा, नि:श्वार्थ, राम प्रति, कविता अनूरक्त, वाक् वीभव

१३. **कवितामा प्रयोग भएका शब्दनिर्माणमाथि विचार गर:**

रामका भक्त - रामभक्त

कवितामा अनुरक्त - कवितानुरक्त

वाक् विलास - वाक्विलास

काव्यसम्बन्धी कला - काव्यकला

१४. **आदिकवि भानुभक्त आचार्य हामी नेपालीहरूका लागि महापुरुष हुन् भन्ने विषयमा आफ्नो विचार लेख ।**

व्याकरण

वर्णविन्यास

इ -	कविता -	शुद्ध	य -	हृदय -	शुद्ध
	कबीता -	अशुद्ध		हृदए -	अशुद्ध
उ -	महापुरुष -	शुद्ध	ए -	एकनास -	शुद्ध
	महापूरूस -	अशुद्ध		येकनाश -	अशुद्ध
श -	देश -	शुद्ध	ब -	सब, तब -	शुद्ध
	देस -	अशुद्ध		सव, तव -	अशुद्ध
ष -	भाषा -	शुद्ध	ज्ञ -	अज्ञान -	शुद्ध
	भासा -	अशुद्ध		अग्यान -	अशुद्ध

स -	सुधा -	शुद्ध	ण -	पाखण्ड, खण्डन-	शुद्ध
	शुधा -	अशुद्ध		पाखञ्ड, खन्डन-	अशुद्ध
पदयोग -	भानुभक्त -	शुद्ध	न -	आजन्म -	शुद्ध
	भानु भक्त -	अशुद्ध		आजण्म -	अशुद्ध
पदवियोग -	प्राण दियौ -	शुद्ध			
	प्राणदियौ -	अशुद्ध			

वर्णविन्यासका आधारमा सच्याइ शुद्धसँग लेख्नुपर्ने अभ्यास प्रत्येक पाठमा दिइएका छन् ।

शब्दमा रहने वर्णको रखाइ वा लेखाइ क्रमलाई वर्णविन्यास भनिन्छ । वर्णविन्यासलाई अर्को शब्दमा हिज्जे पनि भनिन्छ । वर्णको उचित किसिमको विन्यासले भाषालाई शुद्ध र अनुचित किसिमको विन्यासले भाषालाई अशुद्ध बनाउँछ । यसैले शब्दमा ह्रस्वदीर्घ, श,ष,स, य, ए, ब,व, पदयोग पदवियोग आदिको ठीक ढङ्गले प्रयोग हुनु आवश्यक हुन्छ ।

१. **ह्रस्वदीर्घका दृष्टिबाट तलका शब्दमा भएका त्रुटि सच्याऊः**

कलावीद्, कवीता, आनन्दपूर्वक, अनूरक्त, भानूभक्त

२. **हिज्जे सच्याएर कापीमा सारः**

भासा, देष, षव, विलाश, रषिला, शदा

३. **ब र व को प्रयोगमा भएको गल्ती सच्याऊः**

सेबा, कबिता, बाक्य, सव, स्बार्थ

४. **उदाहरणसहित वर्णविन्यासको परिचय देऊ ।**

सिर्जनात्मक अभ्यास

१. भानुभक्तबाहेक अन्य कुनै कविका बारेमा कविता लेखी आफ्नो कक्षामा सुनाऊ ।

२. कवि भानुभक्तका बारेमा राम्रो प्रबन्ध लेखेर शिक्षकलाई देखाऊ ।

ठुले र साने

एउटा गाउँमा सानो बस्ती थियो । त्यहाँका मानिसहरू त्यति पढेलेखेका थिएनन् । **जायजेथा**मा पनि गरिब थिए । **अर्मपर्म** गरेर आफ्नो खेतबारीको काम गर्थे । वर्षका बाँकी दिनहरू मेलापात गर्थे । हिउँदमा भारी बोक्न तराईसम्म झर्थे र कहिले त **मुगलान**सम्म पनि पुग्थे । उनीहरूले यस किसिमको कमाइबाट हातमुख जोर्ने, नुनतेलको समस्या टार्ने र दसैँतिहारजस्ता चाड मनाउने गरेका थिए । निमेक र ज्यालाको भरमा आफ्नो **दुखेसो** गर्ने त्यहाँका मानिसहरू पशुपालनमा त्यति चासो राख्दैनथे । गरिब भएकाले पशुहरू किन्न पनि सक्दैनथे । केवल खेतीपातीको मलका लागि बाख्रापाठा र पाडाबाछा पाल्ने गर्थे ।

त्यस बस्तीमा एउटा मताने माहिलो थियो । उसको वास्तविक नाम के थियो, कसैलाई थाहा थिएन । सबै उसलाई मताने महिला भनेर बोलाउने गर्थे । उसका दुई छोरा थिए । जेठाको नाम ठुले र कान्छाको नाम साने थियो । मताने माहिलाले एउटा पाडी अधियाँ पालेको थियो र त्यसलाई उसले निखनेर केही समयदेखि **एकलौटी** बनाएको थियो । पाडी पनि नभन्दै चिल्लो र सलक्क परेको थियो । उसका छोराहरू त्यस पाडीको स्याहारसुसारमा हुरुक्क हुन्थे । वस्तुभाउको नाममा उनीहरूको त्यही पाडी मात्र थियो । उसका छोराहरू बिहान उठ्नेबित्तिकै पाडीलाई घाँस हाल्न पुग्थे । गोबर सोहोर्थे । पाडीको जिउ पानीले पखाल्थे । शरीरमा झिँगा बस्न दिँदैनथे । थलो

जायजेथा : धनसम्पत्ति, खजाना

अर्मपर्म : आलोपालो गरी काम गर्ने चलन

मुगलान : नेपालका पहाडका बासिन्दाले भन्ने गरेको टाढाको प्रदेश, भारतको प्राचीन मुगल राज्य

मेलपात : खेतीपातीसम्बन्धी काम

दुखेसो : दुःखले व्यवहार चलाउने काम

एकलौटी : एउटैको मात्र अधिकार भएको, एकाधिकार

ओबानु हुन्थ्यो । दिनभर घाँस काटेर खुवाउँथे । पाडीलाई मोती भनेर बोलाउँथे । उनीहरूका लागि मोती "मोती"को टुक्राजस्तै थियो । नभन्दै मोती पनि एक दिन माउ भैँसी बन्यो ।

मताने माहिलाका छोराहरूमा साने अलिक सुकिलोमुकिलो रहन्थ्यो । नुवाइधुवाइमा ध्यान दिन्थ्यो । ऊ काममा फुर्तिलो र जाँगरिलो पनि थियो । माने चाहिँ अलि अल्छे र ईर्ष्यालु स्वभावको थियो । ऊ केही बाठो भने अवश्य थियो ।

मताने माहिलो बुढेसकालमा थला पर्दै गयो । उसकी स्वास्नी मरिसकेकी थिई । उसलाई पनि आफू अंब धेरै दिन बाँच्तिन जस्तो लाग्यो र उसले आफ्ना छोराहरूलाई सधैँ आपसमा मिलेर बस्न भन्यो । नभन्दै यसको केही दिनमै माहिलाले यस **संसारलाई छोड्यो** ।

मताने माहिलो मरेको केही दिनपछि नै ठुले र सानेमा **मनमुटाव** सुरु भयो । ठुले आफू जेठोबाठो भएकाले सानेलाई बढी काम लाउन र झर्कोफर्को गर्न थाल्यो । गाउँलेहरूले सानेलाई केही उक्साउन पनि थाले । आखिरमा दाजुभाइमा अंशबन्डाको कुरो उठ्यो । उनीहरू छुट्टिने नै भए । उनीहरूले आफ्नो जायजेथा बाँड्न थाले । पहिले घरभित्रको अन्नपात र भाँडाकुँडा बाँडे । त्यसपछि जग्गाजमिन बाँडे । यसमा त कुनै समस्या भएन । आखिरमा आएर कुरा अडियो मोती भैँसीको विषयमा उनीहरूले 'मोती' भैँसीको भागबन्डा गर्न गाउँलेलाई डाके । भैँसी बेचेर पैसा



संसारलाई छाड्नु : मर्नु, स्वर्ग हुनु

मनमुटाव : मनमनै हुने रिस, अमेल

बाँड्ने सल्लाह गाउँलेले उनीहरूलाई दिए तर माने र साने दुवै भाइ भैँसी बेच्नमा भने मञ्जुर भएनन् । उनीहरू दुवैका लागि 'मोती' भैँसी निकै प्यारो थियो । भैँसी नबेच्ने विचार बुझेपछि गाउँलेले भैँसीको अंशबन्डा गर्ने उपाय बताउन थाले ।

जम्मा भएका गाउँलेहरूमा साहिँलो साहु पनि थियो । उसले एउटा **जुक्ति** निकाल्यो । त्यो जुक्तिअनुसार टाउकापट्टिको आधा भाग एउटालाई र पुच्छरपट्टिको आधा भाग अर्कालाई हुने गरी बाँडिने भयो । टाउकापट्टिको भाग रोज्नेले बिहानबेलुका घाँस काटेर हाल्नुपर्छ र पुच्छरपट्टिको भाग रोज्नेले गोबर सोहोर्ने र दिनमा चराउने गर्नुपर्छ । सबैले यस कुराको समर्थन गरे । रोज्ने अधिकार कान्छाको हुन्छ भन्ने कुराको समेत उनीहरूले निर्णय दिए ।

दाजु ठुलेले भाइ सानेलाई रोज्न भन्यो । साने गोबर सोहोर्न **सिकसिको** मान्ने गर्दथ्यो । बिहानबेलुका घाँस काटेर दिनमा अरूको मेलापातको काम गर्ने सोँचाइमा उसले बठ्याइँपूर्वक टाउकापट्टि रोज्यो । मानेलाई पनि **ढुङ्गो खोज्दा देउता** मिले जस्तै भयो । उसले रोज्न पाएको भए ऊ पुच्छरपट्टि नै रोज्ने ताकमा थियो ।

केही दिनसम्म दाजुभाइले मिलेर भैँसीको स्याहार गरे । पछि गएर ठुलेले पुच्छरपट्टिको भाग मेरो हो भनेर भैँसीको दूध आफूले मात्र खान थाल्यो र गोबर पनि आफ्नो जग्गाजमिनमा मात्र हाल्न थाल्यो । भाइ सानेलाई त न दूध, न मल, केही पनि भएन । ऊ त घाँस काट्ने र भैँसीलाई पोस्ने मात्र भयो ।

सानेलाई घाँस काट्न अल्छी लाग्दै गयो । खानुपाउनु केही छैन, घाँस मात्र कति दिन काट्ने भनेर उसले भैँसीको हेरचाह गर्न छाड्यो । भैँसी पनि दुब्लाउँदै गयो । घाँस खान नपाएपछि भैँसीले के दूध देओस् । एकदिन त दुहुन बस्दा भैँसी बुरुक्क उफ्रियो र माने गोबरमा पछारियो । उसलाई रिस उठ्यो र भाइलाई गाली गर्न थाल्यो ।

"दूध खाने बेलामा तिमी मात्र खान्छौ, मल पनि तिमी आफ्नो बारीमा मात्र हाल्छौ । म तिम्रो नोकर हुँ र घाँस काटेर मात्र बसौँ ! खान नपाएपछि भैँसीले कहाँबाट दूध देहोस् ।" भाइ सानेले पनि दाजु ठुलेलाई मुखभरिको जवाफ दियो ।

ठुले नाजवाफ भयो । गाउँलेहरू बोलाएर आफ्नो **आङ कन्याई छारो उडाउनु**भन्दा भाइसँग मिल्नु

जुक्ति	:	उपाय
सिकसिको	:	घिन,नाकनिक
ढुङ्गो खोज्दा देउता मिल्नु	:	खोजेभन्दा उत्तम वस्तु पाइनु
आङ कन्याई छारो उडाउनु	:	कुरा काटेर बदख्वाइँ बढाउनु

नै बुद्धिमानी हुने उसले विचार गऱ्यो । मर्ने बेलामा बाबुले 'सधैँ आपसमा मिलेर बस्नू' भनेको कुरा पनि ठुलेले सम्झायो ।

"अब हामी मिलौँ । भैँसीको स्याहारसम्भार दुवै मिलेर गरौँ र त्यसको आयस्ता पनि दुवैले बाँडौँ ।"

दाजुको चित्त बुझ्दो कुरा सुनेर भाइ साने पनि खुसी भयो । त्यसपछि उनीहरू आपसमा मिलेर बस्न थाले ।

अभ्यास

१. **तलका प्रश्नको उत्तर लेख:**

(क) सानो बस्तीका मानिसहरूले कसरी जीवन चलाएका थिए ?

(ख) मताने माहिलाका छोराहरूको स्वभावमा केकस्तो भिन्नता थियो ?

(ग) ठुले र सानेमा किन मनमुटाव सुरु भयो ?

(घ) मोतीको भागबन्डा कसरी गर्ने निधो भयो ?

(ङ) सानेले मोतीको टाउकापट्टिको भाग रोज्नुको कारण के थियो ?

(च) भैँसीले किन दूध दिन छाड्यो ?

(छ) ठुले र सानेले आखिरमा किन मिल्नुपऱ्यो ?

(ज) ठुले र सानेमध्ये तिमीलाई कुन चाहिँ बुद्धिमान् लाग्यो र किन ?

(झ) यो कथा पढेर के शिक्षा पाइन्छ ?

२. **"ठुले र साने" कथा छोटकरीमा आफ्नै शब्दमा लेख ।**

३. **यस कथाको पहिलो अनुच्छेद शिक्षकबाट सुनेर लेख ।**

४. **प्रस्टसँग उच्चारण गरः**

भैँसी, मुगलान, अधियाँ, उपाय, स्याहारसम्भार

५. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरः**

घाँस, भैँसी, गोबर, मुगलान, देउता, थलो, अल्छे ।

६. **सच्याएर लेखः**

वर्स, पाढी, भयेन, दिन भर, पानीलेपखाल्थे, मोति, चाहीं ।

७. **तलका उखान र टुक्काहरूलाई वाक्यमा प्रयोग गर ।**

उदाहरण *(क) **हातमुख जोर्नु** : गरिबहरूलाई **हातमुख जोर्न** निकै समस्या पर्छ ।*

*(ख) **ढुङ्गो खोज्दा देवता मिल्यो** : समीर हिसाब नजानेर झोक्राइरहेको थियो, हिसाब पढाउने शिक्षक नै उसका घरमा आइपुग्दा उसलाई **ढुङ्गो खोज्दा देउता मिलेझैँ** भयो ।*

(क) काला अक्षर भैँसी बराबर (लेखपढ गर्न नजान्नु)

(ख) हात्तीको मुखमा जिरा (आवश्यकताभन्दा साह्रै सानो चिज पाउनु)

(ग) जसले मह काढ्छ, उसले हात चाट्छ । (काम गर्नेले फाइदा लिन्छ)

(घ) मुखभरिको जवाफ दिनु (नाजवाफ बनाउनु आर्थत् जवाफ दिन नसक्ने पार्नु)

८. **तलका शब्दको अर्थ बताऊ :**

परिश्रम, जवाफ, आयस्ता, अधिकार, चित्त, आपसमा ।

व्याकरण

भूतकाल

माथिको कथामा बन्यो, छाड्यो, भयो, बाँडे, बोलाए जस्ता क्रियापदहरू प्रयोग भएका छन् । यस किसिमका क्रियापदले बितेको समयमा काम भएको जनाउँछन् । बितेको समयमा काम भएको जनाउने वाक्यका केही उदाहरण पनि तल दिइएका छन्:

- त्यस बस्तीमा एउटा मताने माहिलो थियो ।
- मताने माहिलो बुढेसकालमा थला पऱ्यो ।
- माहिलाले एउटा पाडी अधिया पालेको थियो ।
- भैंसी दुव्लायो ।
- भैंसी बुरुक्क उफ्रियो र ऊ गोवरमा पछारियो ।
- उनीहरू आपसमा मिलेर बस्न थाले ।

बितेको समयलाई भूतकाल भनिन्छ । बितेको समयमा काम भएको जनाउने क्रियापदलाई भूतकालको क्रियापद भनिन्छ । क्रियापदका रूपहरू :

पढे : साथीले आजको पाठ हिजै पढे ।

पढ्यौं : हामीले कविता आनन्द मानीमानी पढ्यौं ।

पढिन : सीताले हिजो बेलुका पढिन ।

पढिन् : उमाले आफ्नो उमेरमा खुब उपन्यास पढिन् ।

१. **धातुबाट भूतकालिक क्रियापद बनाऊ :**

जा, खा, लेख, पढ्, बोल्, खेल्, नाच् ।

२. **खाली ठाउँ भर:**

(क) उसले भात..... । (खान्छ, खायो, खाएँ)

(ख) शिवा असल छात्रा..... । (थिइन्, थिएँ, थिइस्)

(ग) अनुपले पढ्न अल्छी..... । (गर्छ, गर्छौं, गऱ्यो)

(घ) अनिता माइत..... । (गयो, जान्छ, गइन्)

(ङ) अरुण रूखबाट..... । (खस्छिन्, खस्छौं, खस्यो)

३. तलका धातुबाट भूतकालका क्रियापद बनाऊः

उदाहरणः सोच् + यो = सोच्यो ।

राख् + एँ = राखें ।

लेख + यौ = लेख्यौ ।

जान्, भन्, हिँड, सक्, पोल, उठ्

४. तल दिइएका क्रियापदलाई वाक्यमा प्रयोग गरः

झर्‍यो, गर्‍यो, कराई, हार्‍यो, राखें, टिपिन्, डाके

५. तलका क्रियापदलाई भूतकालमा बदलेर वाक्यमा प्रयोग गर :

उदाहरणः सम्झन्छु- मैले साथीलाई सम्झें ।

बिर्सन्छौं, हाँस्छिन्, झुक्छन्, पाल्छ, जान्छ

६. उदाहरणसहित भूतकालको परिचय देऊ ।

७. भूतकालका क्रियापद प्रयोग गरी आफ्ना साथीका बारेमा पाँच वाक्यमा लेख ।

सिर्जनात्मक अभ्यास

१. तिमीले सुनेजानेको कुनै कथा सिलसिला मिलाएर कक्षामा सुनाऊ ।

२. यस पाठको कथाका आधारमा परिश्रमको महत्त्वबारे साथीहरूका बीच छलफल गर ।

पाठ ८

प्रबन्ध

कृषिमल

खेतीपाती गर्दा कुनै जग्गामा राम्रो उब्जा हुन्छ र कुनैमा उब्जा राम्रो हुँदैन, किन ? किनभने माटो, पानी र मल सबै कुरा मिलेको जमिनमा बढी उब्जनी हुन्छ । सबै कुरा नमिलेको रूखो जग्गामा उब्जनी कम हुन्छ । माटो र पानीका बारेमा त हामीलाई केही थाहै छ, कृषिमलका विषयमा पनि केही कुरा जान्नु आवश्यक हुन्छ । कृषिमल खेतीपातीका लागि नभई नहुने तत्त्व हो ।

कृषिमल मुख्य दुई प्रकारका हुन्छन्: **प्राङ्गारिक मल** र रासायनिक मल ।

माटोको उर्वराशक्ति बढाउन यी दुवै थरी मलको प्रयोग गर्ने गरिन्छ । उर्वराशक्ति भनेको बोटबिरुवाका लागि चाहिने खाद्यपदार्थ उपलब्ध गराउने तत्त्व हो । माटोमा त्यो तत्त्व कायम राख्न कृषिमलको प्रयोग गरिन्छ ।

रूखो : उब्जनी नहुने वा कम हुने भूमि

कृषिमल : बालीनालीमा प्रयोग गरिने मल

प्राङ्गारिक मल : पातपतिङ्गर खाडलमा कुहाएर गाउँघरमै तयार गरिएको मल, घरेलु मल

प्राङ्गारिक मल भन्नाले गोबर मल, कम्पोस्ट मल, हरियो मल र पिना मल भन्ने बुझिन्छ । गोबरमल गाईभैंसीको गोबरमा **सोतर** मिलाएर बनाइन्छ । बोटबिरुवाका पातपतिङ्गर र अरू खेर जाने पदार्थहरू कुहाएर बनाइने मललाई कम्पोस्ट मल भन्दछन् । खेतबारीमा लगाएको **कोसेबाली, ढैँचा, सनाई** आदिलाई खेतबारीमै गाडेर तयार गरिएको मल हरियोमल हो । तोरी बदामबाट तेल निकालिसकेपछि बाँकी रहेको खस्रो पदार्थलाई पनि प्राङ्गारिक मलको रूपमा प्रयोग गर्न सकिन्छ । त्यसलाई पिना मल पनि भन्ने गरिन्छ । प्राङ्गारिक मलको प्रयोग गर्नाले बोटबिरुवालाई आवश्यक पर्ने नाइट्रोजन, फस्फोरस र पोटास केही मात्रामा उपलब्ध हुन्छ ।

रासायनिक मल विभिन्न रसायनद्वारा तयार गरिएको हुन्छ । बोटबिरुवालाई **खाद्यपदार्थ** छिटो र बढी मात्रामा उपलब्ध गराउनुपर्‍यो भने रासायनिक मलको प्रयोग गरिन्छ । रासायनिक मल पनि विभिन्न किसिमका हुन्छन् । जसमध्ये 'एमोनियम सल्फेट' वा 'युरिया' नामक रासायनिक मलले बोटबिरुवालाई नाइट्रोजन उपलब्ध गराउँछ । फस्फोरस तत्त्वका लागि सुपर फस्पेट मल प्रयोग गर्न सकिन्छ । पोटास पनि बालीनालीका लागि आवश्यक हुन्छ । पोटास तत्त्वका लागि म्युरेट अफ पोटास मल प्रयोग गर्नुपर्छ । रासायनिक मलको जानकारी राख्ने सिलसिलामा नाइट्रोजन, फस्फोरस र पोटासबारे केही कुराहरू थाहा पाइराख्नु राम्रो हुन्छ ।

बोटबिरुवाका लागि **प्रोटिन** बन्न नाइट्रोजन आवश्यक हुन्छ । नाइट्रोजनबाट बोटबिरुवा गाढा हरियो रङको हुन्छ । बाली समयमै पाक्छ र उब्जनी पनि बढी हुन्छ । अनाजका गेडा **पुष्ट** पार्नमा यसले मद्दत गर्छ । गाढा हरियोपन ल्याउने भएकाले सागपातको खेतीमा यो विशेष उपयोगी मानिन्छ । नाइट्रोजनको कमी हुँदा बाली पहेँलिन्छ । बोटबिरुवा सप्रैनन् र उब्जनी घट्ने हुन्छ । अनाजको दाना पुष्ट नभई **सिकुटिएर** हल्का हुन्छ । यसको अभावमा फलफूलका बोटको पात छिटो झर्ने र फलको रङ पनि अस्वाभाविक किसिमको हुन्छ । नाइट्रोजन बढी हुँदा बालीलाई बेफाइदा

सोतर : थलो ओभानो बनाउन गाईभैंसीलाई ओछ्याउने सेउला र पातपतिङ्गर

कोसेबाली : कोसा फल्ने बाली

ढैँचा : मलको रूपमा प्रयोग गरिने एकप्रकारको घाँस

सनाई : सुके पनि हरियै रहने एकप्रकारकारको पात वा मलको रूपमा प्रयोग गरिने एकप्रकारको झार

खाद्यपदार्थ : खाइने चिज, खानाका रूपमा प्रयोग गरिने पदार्थ

प्रोटिन : प्राणी तथा बोटबिरुवाका निम्ति आवश्यक पर्ने पोषण तत्त्व

पुष्ट : पोटिलो

सिकुटिनु : चाउरिनु, सुक्नु

पनि हुन्छ । बालीनालीको डाँठ कमजोर भई ढल्ने सम्भावना बढी भइरहन्छ । फलफूल र तरकारी धेरै दिन अड्दैन, माटो कडा भई उत्पादनमा असर पार्छ ।

फस्फोरसले बोटबिरुवाका जरा बलियो बनाउने र बोटबिरुवालाई बढ्ने प्रक्रियामा मद्दत गर्छ । यसले हाँगापात र डाँठलाई फैलाउनुभन्दा पनि अनाजको मात्रा बढाउँछ । बालीनालीको डाँठलाई बलियो पार्छ र बाली छिटो पाक्ने हुन्छ । फलफूल र तरकारी बोटमा धेरै समयसम्म रहन्छन् । फस्फोरसले विभिन्न रोग र किराबाट बोटबिरुवालाई बचाउन मद्दत गर्छ । कोसेबाली सपार्न यो बढी काम लाग्छ । फस्फोरसको अभावमा बाली पाक्न ढिला भई उब्जनी पनि घट्ने हुन्छ ।

उखु र आलु खेतीमा पोटासको ज्यादै महत्त्व हुन्छ । उखुमा चिनी र आलुमा **स्टार्च** बनाउने काम पोटासले नै गर्दछ । बोटबिरुवाको हरियोपन बचाउन र नाइट्रोजन बढी भई हुने असर कम गर्न पोटासको आवश्यकता पर्छ । वातावरणको नराम्रो असर र रोग तथा कीटाणुहरूबाट बच्न पनि यसले ठूलो मद्दत गर्छ । खास गरी सुर्ती, आलु, कपास, उखु, तरकारी र फलफूलको गुणात्मक स्तर बढाउन पोटासको प्रयोग गर्ने गरिन्छ । पोटासको अभावमा बालीमा पहेँलोपन बढी देखिन्छ । फलफूलका बोटको पात पहेँलो वा डढेको जस्तो हुन्छ । बोटविरुवाको टुप्पो मर्ने कारण पनि पोटासको अभावले गर्दा हो । पोटासको प्रयोग बढी भइहाल्यो भने पनि बालीलाई त्यति असर पर्दैन । नाइट्रोजन, फस्फोरस र पोटास तीनै तत्त्व बोटविरुवाका उत्तिकै महत्त्वपूर्ण खाद्यपदार्थ हुन् ।

रासायनिक मलको बढी प्रयोगले माटोमा अम्लीयपन बढ्छ । यसको नियन्त्रणका लागि कृषिचुनको प्रयोग गर्नुपर्छ । स्वास्थ्यका दृष्टिले पनि रासायनिक मल प्रयोग गरेर उत्पादन गरेका खाद्यतत्त्वभन्दा प्राङ्गारिक मल प्रयोग गरेर उत्पादन गरेका खाद्यतत्त्व फलदायी हुन्छन् ।

कृषिमलको प्रयोग नगरी उत्पादन बढाउन सकिन्न तर त्यसको प्रयोग गर्दा केही कुरामा विचार पनि पुऱ्याउनुपर्छ । खेतबारीमा सबै ठाउँको माटो एकै किसिमको हुँदैन । तसर्थ कुन ठाउँका लागि कस्तो मल प्रयोग गर्नुपर्छ भन्ने कुरा जान्न सकेसम्म खेतबारीको **माटो परीक्षण** गराउनु बेस हुन्छ । त्यो पनि सम्भव नभए पायक पर्ने कृषि कार्यालयमा सम्पर्क राखी जानकारी लिनु राम्रो हुन्छ ।

कृषि मलमा प्राङ्गारिक मल बढी उपयोगी मानिन्छ । यो मल गाउँघरमै तयार गर्न सकिन्छ । जति प्रयोग गरे पनि यसले माटोलाई बिगार्दैन तर रासायनिक मलको प्रयोगमा चाहिँ निकै सावधानी अपनाउनुपर्छ । यस्तो मल **विषालु** हुने भएकाले घरमा राख्दासमेत केटाकेटीहरूले नभेट्ने ठाउँमा

स्टार्च : आलुको कार्बोहाइड्रेडयुक्त सेतो भाग

परीक्षण : जाँच

विषालु : विष मिसिएको



राख्नुपर्छ । रासायनिक मललाई **ओसिलो** ठाउँमा राख्नुहुँदैन र प्रयोग गर्नुभन्दा पहिले पानीमा भिजाउनु पनि हुँदैन । यसको प्रयोग गर्दा बोटबिरुवाको पात र जरालाई छुवाउनुहुँदैन । छुवाएमा छुवाइएको भाग डढ्छ । खेतीपातीमा मलको प्रयोग गरिसकेपछि पटकपटक पानी दिनुपर्छ नत्र त्यसको नराम्रो असर पर्छ । यी सबै कुरा मिलाएर अन्न, फलफूल वा तरकारी खेती गर्न सकियो भने उत्पादन बढ्छ र देशको आर्थिक उन्नतिमा मद्दत पुग्छ ।

ओसिलो : अलिअलि चिसो, सेपिलो

अभ्यास

१. **तलका प्रश्नको छोटो उत्तर देऊ:**

(क) माटोको उर्वराशक्ति भन्नाले के बुझिन्छ ?

(ख) प्राङ्गारिक मल कसरी बनाइन्छ ?

(ग) मुख्यमुख्य रासायनिक मलहरू कुनकुन हुन् ?

(घ) नाइट्रोजनको कमीले बालीनालीलाई कस्तो असर पर्छ ?

(ङ) रासायनिक मलको प्रयोग गर्नुभन्दा पहिले ध्यान दिनुपर्ने कुराहरू केके हुन् ?

(च) पोटासको प्रयोगले हुने मुख्यमुख्य फाइदा केके हुन् ?

(छ) फस्फोरसको प्रयोग किन गरिन्छ ?

(ज) प्राङ्गारिक र रासायनिक मलमा केके फरक छ ?

२. **शिक्षकको निर्देशनमा पाठका अनुच्छेदहरू पढेर कक्षामा साथीहरूलाई सुनाऊ ।**

३. **'कृषि उत्पादन बढाउन कृषि मलको आवश्यकता हुन्छ' यस भनाइको आफ्नै शब्दमा बयान गर ।**

४. **सच्याएर कापीमा सारः**

पानि, पनी, प्रङ्गारिक, रायनिक, वेफाइदा, पजिलोपन, गाछ बिरूवा, फलफुल, शम्भब

५. **पढेको पाठका आधारमा उत्तर देऊः**

(क) कृषिमल मुख्य दुई प्रकारका हुन्छन् ।

(ख) बोटबिरुवाका तीनओटा खाद्यपदार्थको नाम भन ।

६. **शुद्धसँग उच्चारण गरः**

रासायनिक, प्राङ्गारिक, नाइट्रोजन, उर्वराशक्ति, पातपतिङ्गर

७. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरः**

बोटबिरुवा, उब्जनी, सागपात, किसान, हरियो मल

८. **तल लेखिएका कुन भनाइ ठीक र कुन भनाइ बेठीक छन्, छुट्याऊः**

(क) नाइट्रोजन बढी भयो भने पात र परालको भाग बढी हुन्छ ।

(ख) उखुमा 'चिनी' र आलुमा 'स्टार्च' बनाउने काम फस्फोरसले गर्छ ।

(ग) कृषिमलको प्रयोग गर्नुभन्दा पहिले माटो परीक्षण नगरे पनि हुन्छ ।

(घ) रासायनिक मलहरू विषालु किसिमका हुन्छन् ।

(ङ) रासायनिक मल हाल्दा जरा र पातलाई छुवाउनुपर्छ ।

(च) पोटासको अभाव हुँदा फलफूलका बोटको पात पहेँलो वा डढेको जस्तो हुन्छ ।

(छ) पातपतिङ्गर कुहाएर बनाएकोलाई कम्पोस्ट मल भन्दछन् ।

९. **विभिन्न किसिमका मलहरूको प्रयोग गर्दा हुने फाइदा र बेफाइदाबारे कक्षामा साथीहरूसँग छलफल गर ।**

व्याकरण

वर्तमान काल

पाठमा छ, छन्, गरिन्छ, गर्छ, पर्छ, हुन्छ जस्ता क्रियापद प्रयोग भएका छन् । यस किसिमका क्रियापदले वर्तमान समयमा काम हुने कुरालाई जनाउँछन् । वर्तमान समयमा कामको अवस्था दर्साउन प्रयोग हुने क्रियापदलाई वर्तमानकालिक क्रियापद भनिन्छ । त्यस किसिमका क्रियापद

प्रयोग भएका वाक्य निम्नानुसार हुन सक्छन्:

(क) खेतीपातीका लागि हामी कृषिमलको प्रयोग गर्छौं ।

(ख) नेपाली शिक्षकले आज हामीलाई कृषि मलको बारेमा पढाउनुभयो ।

(ग) खेतीपातीका लागि आवश्यक पर्ने माटो र पानीका बारेमा थाहा छ ।

(घ) किसानहरू खाद्यपदार्थ धेरै तुल्याउन रासायनिक मल प्रयोग गर्छन् ।

(ङ) कृषि मलका सम्बन्धमा मेरो बुबाले मलाई धेरै कुरा बताउनुभयो ।

काल भनेको समय हो । अहिलेको समय वा भइरहेको समय वर्तमान काल हो ।

१. **दिइएका वर्तमानकालका क्रियापदहरूलाई वाक्यमा प्रयोग गर:**

बनाउँछौ, देख्छु, रोप्छौं, हाल्छिन्, गोड्छन्, काट्छ, किन्छे

२. **दिइएका धातुबाट उदाहरणका आधारमा वर्तमानकालिक क्रियापद बनाऊ :**

उदाहरण: भन्+छ = भन्छ *छर्+छ = छर्छ*

पढ्, दि, धु, खा, जा, बस्, गर्, भन्

३. **तलका भूतकालका क्रियापदलाई वर्तमान कालमा बदल :**

पुऱ्यो, उखेल्यो, सिक्यो, मास्यो, भाँच्यो, फाल्यो, तुल्यायो, फुल्यो

४. **तलका क्रियापदमध्ये कुनकुन वर्तमानकालका हुन्, लेख:**

जलाउनेछ, दौडन्छ, खेल्यो, घोक्छ, सुन्छ, रिसायो, रमाउँछ, पिरोल्नेछ, सताउँछ

५. **वर्तमानकालिक क्रियापदको प्रयोग गरेर तिम्रो कक्षाको वर्णन गर ।**

६. **उदाहरणसहित वर्तमानकालको परिचय देऊ ।**

सिर्जनात्मक अभ्यास

१. तिम्रा गाउँठाउँमा प्रयोग गरिने मलहरूको नाम लेखी शिक्षकलाई देखाऊ ।

२. मल प्रयोग गरिएका र नगरिएका बालीनाली तथा बोटबिरुवाको अवलोकन गरी तिनमा पाइने भिन्नता कापीमा टिपोट गर ।

पाठ ९

चिठी

पितासँग पुत्रको आग्रह

मिति २०५८/५/

गौरादह, झापा

पूजनीय बुबा,

ढोग ।

धेरै दिन भयो तपाईंको सन्चोविसन्चोको सम्बन्धमा कुनै **सन्देश** पाउन सकेको छैन । पत्र प्राप्त नभएकै पनि महिनौं भयो । तपाईंलाई कतै बिसन्चो त भएन ! चिठी हुलाकमा कतै अलमलिएर रोकिएको पनि हुन सक्छ, फोनबाटै भए पनि त्यहाँको तपाईंको खबर जतिसक्दो चाँडो पाउने आशा गरेको छु ।

यहाँ सबैलाई सन्चै छ, आमाको स्वास्थ्यमा पनि अहिले सुधार आएको छ । बहिनीले पनि पढाइम निकै **प्रगति** गरेकी छ । नेपालीमा सामान्य लेखपढ गर्न र **गणितीय व्यावहारिक** समस्या हल गर्नम उसलाई खास कुनै किसिमको समस्या छैन । उसको पढाइप्रतिको अभिरुचिलाई विद्यालयका गुरुहरू खुलेर तारिफ गर्नुहुन्छ । मेरो पढाइ पनि सामान्य रूपमा सन्तोषजनक नै छ । विद्यालयको शिक्षक पदबाट राजिनामा दिएर कामको खोजीमा **अरब** जाँदा तपाईंका साथीहरूले सुरुमा निकै नराम्रो मानेका थिए । केही छिमेकीहरूले त यस सम्बन्धमा धेरै **टीकाटिप्पणी**हरू पनि गरे ।

शिक्षकजस्तो **सेवामूलक** र **प्रतिष्ठामय इलम**लाई त्यागेर पैसाका लागि विदेसिनु भनेको **भौतिक** सुखसुविधाप्रति आशक्ति बढेर जानु हो । यस किसिमबाट तपाईंका बारेमा कुरा काट्नुलाई पनि स्वाभाविक रूपमा नै लिनुपर्छ । कर्मशील जीवनले हामीलाई उन्नतिको बाटोतिर लैजान्छ भने

पूजनीय	:	पूजा गर्नमा उपयुक्त	**अरब**	:	खाडीक्षेत्रको देश
सन्देश	:	खबर	**टीकाटिप्पणी**	:	कुराकानी, चर्चापरिर्चा, आलोचना
प्रगति	:	उन्नति	**सेवामूलक**	:	सेवासँग सम्बन्धित
गणितीय	:	गणितसम्बन्धी	**प्रतिष्ठामय**	:	सम्मानजक
व्यावहारिक	:	व्यवहारमा आइपर्ने	**इलम**	:	पेसा, व्यवसाय

बढ्दो आर्थिक **प्रलोभनले** समाजमा हाम्रो **प्रतिष्ठालाई आँच** पुऱ्याउँछ । जे होस्, अरबवाट अहिलेसम्म पनि स्वेदश नफर्किनु भएकोमा आफन्तहरू र आमालाई समेत पनि चित्त बुझेको छैन । हुनत देशमा गरिबी र **बेरोजगारी** बढ्दै गएको छ, यो बुबालाई थाहा नभएको कुरा होइन । दसैं जस्तो राष्ट्रिय चाड मनाउन पनि हाम्रा लागि समस्या भइसकेको छ । दसैंमा यसपटक पनि तपाईं घर आउनुहुन्न कि भन्ने चिन्ताले भने आमा बढी नै पिरोलिनु भएको छ ।

'साग र सिस्नु खाएको बेस आनन्दी मनले' भनेझैं अभावमा धैर्य गर्न सक्नुमा पनि त आफ्ने किसिको आनन्द हुन्छ । शिक्षित मानिसहरू आर्थिक मामिलामा यसरी सधैं असन्तोषी बन्ने हो भने समाजमा पछि परेका व्यक्तिहरूको हालत कस्तो होला, देशले कस्तो दुर्गति भोग्नुपर्ला ! स्वदेशमा नै रहेर गरिने **आयआर्जन**बाट जस्तो किसिमको जीवनयापन गर्न सकिन्छ, त्यसैमा हामीले सन्तोष लिनुपर्छ । त्यसैमा हामी अमृतको स्वाद पाउँछौं । बुबाले हाम्रो मनोभावनालाई बुझेर यस पटकको दसैंमा भने अवश्य घर फर्किनुहुनेछ भन्ने विश्वासका साथ पत्रलाई टुङ्गयाउने **अनुमति** माग्दछु ।

तपाईंको प्यारो छोरा

चेतन भट्टराई

खामको नमुना



बिदेसिनु	:	विदेशमा जानु	**बेरोजगारी**	:	जीवनयापनका लागि अपनाइने इलमको अभाव
भौतिक	:	ठोस रूपमा देखिने, दृश्य रूप	**पिरोलिनु**	:	मनमा पीर लिनु
प्रतिष्ठा	:	इज्जत	**आयआर्जन**	:	कमाइ, आम्दानी
प्रलोभन	:	लोभ	**अनुमति**	:	आज्ञा, आदेश
आँच	:	असर, ठेस			

अभ्यास

१. **तलका प्रश्नको उत्तर देऊः**

(क) बुबाको पत्र धेरै दिनसम्म पनि नआउँदा चेतनका मनमा खेलेका तर्कनाहरू केके हुन् ?

(ख) चेतनको परिवार कतिजनाको हो र त्यसमा कोको छन् ?

(ग) चेतनले आफ्नी बहिनीको पढाइका सम्बन्धमा बुबालाई कस्तो जानकारी दिएका छन् ?

(घ) चेतनका बुबा कुन सिलसिलामा किन अरब गएका हुन् ?

(ङ) चेतन आफ्ना बुबासँग केका लागि कस्तो कसिमको आग्रह गर्छन् ?

२. **विचार प्रस्ट पारः**

(क) कर्मशील जीवनले हामीलाई उन्नतिको बाटोतिर लैजान्छ भने हामीमा बढ्दो आर्थिक प्रलोभनले समाजमा हाम्रो प्रतिष्ठालाई आँच पुऱ्याउँछ ।

(ख) साग र सिस्नु खाएको बेस आनन्दी मनले ।

३. **पितासँग पुत्रको आग्रह भन्ने उक्त चिठी पढेर कक्षामा साथीलाई सुनाऊ ।**

४. **मिल्दो शब्द राखेर खाली ठाउँ भरः**

(क) पूजनीय बुबा ..... । (नमस्कार, प्रणाम, ढोग)

(ख) चिठी .....कतै अलमलिएर रोकिएको पनि हुन सक्छ ।
(बाटामा, हुलाकमा, पत्रमञ्जूषामा)

(ग) तपाईंको .....पुत्र चेतन भट्टराई । (प्रिय, मिलनसार, बाठो)

५. **आफ्नो पढाइलेखाइ र घरायसी कुराहरू समावेश गरी टाढा बसेका साथीलाई एउटा चिठी लेख ।**

६. **स्पष्टसित उच्चारण गरः**

चेतन, पत्र, प्रतिष्ठा, आशक्ति, प्रतिष्ठामय ।

७. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरः**

अनुमति, बेस, दुर्गति, यापन, अमृत, धैर्य, कामना ।

८. **अर्थ लेखः**

खबर, समस्या, तारिफ, शिक्षक. प्रतिष्ठा ।

९. **सच्याएर कापीमा सार:**

पुजनिय बूबा, आमाको स्वस्थमा नीकै सुदार छ । बहीनिले पढाईमा पर्गती गरेको छ । विद्यालयको गुरुहरू खुलेर तारिफ गर्नुहुन्छ । मेरो पढाई पनी शामन्ने रुपमा सन्तोशजनक नै छ ।

व्याकरण

भविष्यत्काल

- भरे भाइ आउनेछ ।
- साँझमा झ्याउँकिरी कराउनेछन् ।
- तिमी सहर जानेछौ ।
- आउँदो दसैँमा हामी घर जानेछौं ।
- भक्तहरू भजन गर्नेछन् ।
- गोठालोले गाई दुहुनेछ ।
- बहिनीले चिठी पठाउनेछे ।
- पाँच बजे खेतालाले मेलो छाड्नेछन् ।
- म तिमीलाई पर्खिनेछु ।

माथिका वाक्यहरूमा प्रयोग भएका क्रियापदहरूले पछि आउने समयमा काम हुने कुरालाई जनाउँछन् । पछि आउने समयलाई भविष्यत्काल भनिन्छ । भविष्यत्काल जनाउन प्रयोग हुने क्रियापदहरू भविष्यत्कालिक क्रियापदहरू हुन् । यस्ता क्रियापद भएका रूपहरू खेल्नेछु, खेल्नेछौं, खेल्नेछे, खेल्नेछेस्, खेल्नेछस्, खेल्नेछिन्, खेल्नेछौ, खेल्नेछ्यौ, खेल्नेछन् आदि ।

१. **दिएका धातुबाट भविष्यत्कालिक क्रियापद बनाई वाक्यमा प्रयोग गर:**

झर्, बिझ्, पढ्, उठ्, गर, मिल्, चिन् राख्, खेद् ।

२. **भूतकालका क्रियापदलाई भविष्यत्कालमा बदल:**

तुल्यायो, देख्यो, भुक्यो, भाग्यो, चितायो ।

३. **तलका क्रियापदहरूबाट भविष्यत्काललाई जनाउने क्रियापदहरू मात्र कापीमा सार:**

ढल्कनेछ, जोत्छ, धाउनेछन्, गाउँछन्, नाच्छिन्, लखेट्नेछन् ।

४. **उदाहरणसहित भविष्यत्कालको परिचय देऊ ।**

सिर्जनात्मक अभ्यास

१. **चिठीपत्रको महत्त्वका बारेमा कक्षामा छलफल गर ।**

२. **खामको ढाँचा तयार पार ।**

३. **आफूले गरेको शैक्षिक भ्रमणको विवरण दिएर आफ्ना साथीलाई पत्र लेख ।**

डुहुरे मुसा र सेतो बिरालो

□ मोहनराज शर्मा

डुहुरे मुसाहरूको एउटा हुल जनता विद्यालयमा बस्दथ्यो । मुसाहरूले विद्यालयको कार्यालयलाई आफ्नो मुख्य थलो बनाएका थिए । एकदिनको कुरो हो, विद्यालयको पालेले ठीक पाँच बजे कार्यालयको ढोका थुन्यो । ढोका बन्द हुनासाथ मुसाहरू लुकेका ठाउँबाट फुत्तफुत्त बाहिर निस्केर कोठाभरि नाच्न र उफ्रिन थाले ।

टिन-टिन-टिनिन्न ! बूढो मुसाले टेबलमा रहेको घन्टी बजायो । घन्टीको टिनटिन सुनेर कोठाका सोफा, गलैँचा, दराज, भित्तेघडी र बिजुलीपङ्खामा बुद्रुकबुद्रक उफ्रेर रमाइलो गरिरहेका सबै मुसाको कान ठाडाठाडा भए । तिनीहरू चाँचाँ र चिँचिँको स्वर उरालेर आँखा झिमिक्क गर्न नपाउँदैमा टेबलमाथि पुगी बूढो मुसाको वरिपरि गोलो पाराले बसे ।

सबै बसेपछि बूढो मुसो लौरो टेकेर बिस्तारै उभियो र खोक्दै त्यसले भन्यो, "प्यारा डुहुराडुहुरीहरू, अचेल हाम्रो खराब दिन आएको छ । रोजै हामीमध्ये एकदुई जना हराउन थालेका छौं । यसैबारे कुराकानी गर्न मैले तिमीहरूलाई यहाँ डाकेको हुँ ।"

त्यहाँ भएका मुसाहरूमा सबैभन्दा बाठो एउटा तन्नेरी मुसो थियो । त्यसले चस्मा ठीक गर्दै भन्यो "बाहिर पालेघरका छेउमा अचेल वेलावेला एउटा सेतो बिरालो राल चुहाएर बसिराखेको देखिन्छ । पक्कै पनि त्यो पट्के दाउ छोपेर मुसा पक्रिन पल्केको हुनुपर्छ ।"

दाउ : मौका, अवसर

त्यो कुरा सुनेर मुसाहरू डरले थुरथुर काम्न थाले । तिनलाई मथ्थर पार्न तन्नेरी मुसाले सान्त्वनाको शीतल वचन छर्क्यो,"शान्त, शान्त, यसरी आत्तिएर हुँदैन ! हामीले सेतो बिरालालाई यहाँबाट धपाउने जुक्ति झिक्नुपर्छ ।"

जति बल गरे पनि मुसाहरूले कुनै जुक्ति फुराउन सकेनन् । तिनीहरू पसिनापसिना भए । तिनीहरूको त्यस्तो दयनीय अवस्था देखेर तन्नेरी मुसाले **जोस**का साथ भन्यो," सुन्नुहोस्, म एउटा जुक्ति भन्छु । जुक्ति के हो भने हामी सबै त्यस आइलाग्ने बिरालामाथि जाइलाग्नुपर्छ ।"

अलि जोसिँदै र अलि हच्किँदै सिकुटे मुसाले भन्यो, "खोइ कसरी जाइलाग्ने होला ? त्यसले त नजिक पर्नासाथ काँचै निल्छ ।"

त्यो कुरा सुनेर बूढो मुसाले पुच्छर ठाडो पार्दै भन्यो, "नानीहरू, **एकता**मा ठूलो बल हुन्छ । हामी एक भएर बिरालाका सामु जाऔं र त्यसलाई धपाऔं ।"

बूढो मुसाको कुरा सुनेर मुसाहरू बिरालालाई धपाउन एकदमै जमजमाए । हातमा कलम, पेन्सिलजस्ता कुनै न कुनै हतियार लिई सबै मुसाहरू छाती उचालेर लाममा उभिए । बूढो मुसाले आदेश दिएपछि डुहुरे मुसाहरूको त्यो सुसज्जित सेना बिरालालाई धपाउन कोठाबाट बाहिर निस्कियो । लामका अघिअघि जोसिलो **प्रयाणगीत** गाउँदै तन्नेरी मुसो हिँडेको थियो ।



दाउ : मौका, अवसर

जोस : साहस

एकता : एउटै रूपमा रहने भावना र विचार

प्रयाणगीत : मुक्तिसङ्ग्राम वा सैनिक अभियानका समयमा गाइने गीत

पालेघरका छेउमा सेतो बिरालो मुसाको **जाफत** उडाउन पर्खेर बसेको थियो । जोसमा उफ्रिँदै र कराउँदै डुहुरे मुसाहरूको **जुझारु** दल आफूतिरै आउँदै गरेको त्यसले देख्यो । तिनलाई एकता र **अखण्डता**को साङ्लामा उनिई काँधमा काँध जोडेर आएको देखेर बिरालो झसङ्ग भयो । त्यसको सातो गयो र त्यसलाई खलखली पसिना आयो । एक्कासि त्यसले विद्यालयको पर्खालछेउ फालिएको कालो छाताको झुत्रो कपडालाई सम्झ्यो । त्यस कालो कपडाबाट आफ्नो बचोट हुने देखेर बिरालो मुसुक्क हाँस्यो । बिरालाका नजिक पुगेर धारेहात लगाउँदै मुसाहरूले नारा **घन्काए**, "तँ मुसा खाने भागिजा ! तँलाई हामी खेद्छौँखेद्छौँ !"

बिरालाले नरम भएर भन्यो,"सत्तेसत्ते, म मुसा खान्नँ । उः त्यहाँ पर्खालको पल्लो कुनामा एउटा कालो बिरालो बस्छ । मुसा खाने काम त्यही **साइँदुवा**को हो ।"

जाफत : रमाइलो भोज,साथीभाइ मिलेर गरिने प्रीतिभोज

जुझारु : लड्नेभिड्ने

अखण्डता : नटुक्रिने भाव, खण्डित नहुने भाव

घन्काउनु : लयात्मक पारामा ठूलो स्वरले कराउनु

साइँदुवा : अरूमाथि थिचोमिचो गर्ने वा ठुल्याइँ देखाउने ठालु

त्यसको कुरा पत्याएर मुसाहरू कालो बिरालो रहेको पर्खालतिर लागे । त्यही मौका छोपेर सेतो बिरालाले लामको पछिल्लो मुसालाई च्याप्प समात्यो । **संयोगवश** त्यसै बखत तन्नेरी मुसाले पनि पछाडि फर्केर हेऱ्यो । आफ्नो **रहस्य** नखुलोस् भनेर सेतो बिरालाले समातेको मुसालाई हत्तपत्त छाड्यो र उनीहरूलाई बिदा गर्ने ढाँचामा हात हल्लाउन थाल्यो ।

मुसाहरू त्यहाँबाट कालो बिरालातर्फ लागेका हुँदा सेतो बिरालो पनि त्यतैतिर लाग्यो । ऊ पालेघरको प्वालमा छिरेर छोटो बाटाबाट पर्खालतिर हानिएको हुँदा मुसाभन्दा पहिला त्यहाँ पुग्यो । त्यसले त्यहाँ मिल्काइएको कालो कपडा घमलङ्ग ओढेर जिउ ढाक्यो । ऊ त्यहाँ कालो बिरालो बनेर बस्यो ।

त्यहाँ पुगेर मुसाहरूले चर्को नारा लगाए, "कालो बिरालो भागिजा ! तँलाई हामी खेद्छौँखेद्छौँ ।"

कालो बिरालाले शान्त रहेर भन्यो, "सत्ते, म मुसाहरूको भक्षक होइन रक्षक हुँ । हो, त्यो सेतो बिरालो चाहिँ असाध्यै **मापाको** छ । मुसा खाने त्यस **पाजी**लाई खेद्नै पर्छ ।"

कालो बिरालाको भनाइ ठीकै लागेर मुसाहरू मुर्मुरिँदै सेतो बिरालातर्फ फर्के । त्यही मौका पारेर बिरालाले लामको पछिल्लो मुसालाई समाउन कालो कपडाबाट हात बाहिर निकाल्यो । तन्नेरी मुसाले आँखा कर्के पारेर हेरिरहेको हुँदा बिरालाले यसपटक पनि मुसा हात पार्न पाएन ।

खिस्रिक्क पर्दै त्यसले हत्तपत्त आफ्नो हात कालो कपडाभित्र लुकायो । मुसाको लाम केही पर पुगेपछि त्यसले कालोकपडा फाल्यो । चाल मारेर त्यो अघिकै छोटो बाटो गरी पालेघरका छेउमा आयो ।

खैलाबैला गर्दै मुसाहरू पनि त्यहाँ आइपुगे । तन्नेरी मुसाले सेतो बिरालाका कानमा कालो कपडाको धागो लटपटिएको देख्यो । त्यसले सेतो बिरालाको कालो चाला बुझ्यो । त्यसले मोटो मुसा र सिकुटे मुसासँग सुटुक्क साउती गऱ्यो । ती दुवै मुसाहरू **गुँद**को ठुलो बोतल लिएर लुसुक्क कालो कपडा भएको पर्खालतिर लागे ।

मुसाहरू सामुन्ने आएपछि सेतो बिरालाले आफ्ना दुवै कान समायो, पचपची किरिया खायो र तरक्क आँसु झाऱ्यो । त्यसले आफू होइन, कालो बिरालो नै मुसाहरूको वैरी हो भन्ने पत्यार तिनीहरूलाई गराइछाड्यो ।

संयोगवश : अवसरवश, मौकैले

रहस्य : गोप्यता, भित्री कुरो

मापाको : घमन्डी, कसैलाई नटेर्ने

पाजी : तुच्छ वा क्षुद्र प्राणी

गुँद : टाँस्ने काममा प्रयोग हुने पदार्थ

सेतो बिरालाको कुरो पत्याई मुसाहरू कालो बिरालामाथि खनिने सुर झिकेर फुर्तीसाथ फेरि पर्खालतिर लागे । बिरालो पनि प्वालको बाटो त्यतैतिर लाग्यो ।

पर्खालमा पुगेर सेतो बिरालाले फेरि कालो कपडा घमलङ्ग ओढ्यो । मोटो र सिकुटे मुसाले त्यस कालो कपडाभरि बाक्लो गरी गुँदैगुँद दलेका थिए । बिरालाले ओढ्नासाथ कालो कपडा त्यसका जिउमा **लिपिस्सै** टाँसियो । त्यसले बिरालाका आँखा पनि टम्मै टाल्यो ।

त्यसै बेला कराउँदै र उफ्रिँदै मुसाहरू त्यहाँ आइपुगे । आत्तिएको बिरालो एकदमै हतारिएर एकातिर दगुऱ्यो । आँखा छोपिएकाले बिरालो पर्खालमा ढ्याम्मै ठोक्किंयो र उत्तानो पछारियो । त्यसको त्यो **हबिगत** देखेर मुसाहरू मजा मानीमानी गलल्लगलल्ल हाँसे । बल्लतल्ल उठेर बिरालो अर्कातिर भाग्यो । यसपटक त्यो पालेघरको भित्तामा ठोक्किंयो र तीन बल्ड्याङ खाएर ढुङ्गामा थचारियो । रमाएर खुच्चिङ भन्दै मुसाहरूले थपडी बजाए । रनथनिँदै बिरालो उठ्यो । उठ्नासाथ त्यसले जता बाटो पायो त्यतै भागेको भाग्यै गऱ्यो । एकैछिनमा त्यो सबैका आँखाबाट ओझेल भयो ।

बिरालाले त्यसरी **कुलेलम ठोके**को हुँदा मुसाहरूले ठूलो हर्कबढाइँ गरे । केही बेरसम्म त्यहीं नाचगान गरेपछि डुहुरे मुसाहरूको त्यो हुल लावालस्करका साथ विद्यालयको आफू बस्ने कार्यालय कोठामा फर्क्यो ।

लिपिस्सै : ल्याप्पै

हबिगत : अवस्था

कुलेलम ठोक्नु : बेपत्तासँग दौडनु

अभ्यास

१. **तलका प्रश्नको उत्तर देऊः**

(क) डुहुरे मुसाहरू कहाँ बस्थे ?

(ख) बूढो मुसो र तन्नेरी मुसाले अरू मुसाहरूलाई केके जानकारी दिए ?

(ग) डुहुरे मुसाहरू सेतो बिरालोकहाँ किन गए ?

(घ) डुहुरे मुसा र सेतो बिरालोबीच केके कुराहरू भए ?

(ङ) डुहुरे मुसाहरू सेतो बिरालोलाई लखट्न कसरी सफल भए ?

२. **कसले कसलाई भनेको हो, लेख्नुहोस्:**

(क) अचेल हाम्रो खराब दिन आएको छ ।

(ख) त्यो पट्के दाउ छोपेर मुसा पक्रिन पल्केको हुनुपर्छ ।

(ग) त्यसले त नजिक पर्नासाथ काँचै निल्छ ।

(घ) मुसा खाने त्यही साइँदुवाको काम हो ।

(ङ) म मुसाहरूको भक्षक होइन रक्षक हुँ ।

३. **डुहुरे मुसा र सेतो बिरालो कथालाई छोटो पारेर आफ्नै शैलीमा लेख ।**

४. **डुहुरे मुसो र सेतो बिरालो कथाका प्रत्येक अनुच्छेदहरू शिक्षकको निर्देशनमा पालैपालो गरेर कक्षामा सुनाऊ ।**

५. **व्याख्या गर:**

(क) एकतामा ठूलो बल हुन्छ ।

(ख) सेतो बिरालोको कालो चाला ।

६. **पाठका आधारमा ठीक भनाइ मात्र कापीमा सार :**

(क) विद्यालयको पर्खालको दुई कुनामा सेतो र कालो दुईओटा बिराला बस्दथे ।

(ख) मुसाहरू हराउन थालेको जानकारी सबैलाई बूढो मुसाले दियो ।

(ग) तेन्नेरी मुसो अरू मुसाभन्दा बढी हिम्मतदार थियो ।

(घ) डुगेर मुसाहरूले सेतो बिरालालाई लखेटे ।

(ङ) डुहुरे मुसाहरूले पनि आफू बसोबास गर्दै आएको विद्यालयलाई छोडे ।

७. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर:**

तन्नेरी, पट्के, झिमिक्क, पर्खाल, हत्तपत्त, किरिया, लावालस्कर, कार्यालय

व्याकरण

श्रुतिसमभिन्नार्थी शब्द

पाठमा एक्कासि, आँसु, फेरि, सुर, तिर जस्ता शब्दहरू प्रयोग भएका छन् । यी शब्दहरूको र यस्तै सुनिने अन्य शब्दहरूको अर्थमा फरक हुन्छ । त्यस किसिमका फरक अर्थ हुने शब्दहरू तल दिइएका छन् । शब्दहरू पढ र तिनीहरूको अर्थ बुझ :

शुर - वीर
सुर - विचार
एकासी - असीपछि आउने सङ्ख्या
एक्कासि - अकस्मात्
फेरि - पुनः अर्कोपटक
फेरी - कात्तिक र चैत्रमा जोगीले घर घुम्दै बजाउने हरिणका सिङको बाजा
तिर - तर्फ,पट्टि,तिर्ने काम गर
तीर - बाँण, किनारा
देखिन् - देख्ने काम गरिन्
देखिन - देख्ने काम गरिन
प्राण - ज्यान
प्रण - प्रतिज्ञा
जाति - जात
जाती - असल
हानी - हान्ने काम गरी
हानि - नोक्सान, क्षति
आँसु - आँखाबाट बग्ने पानीजस्तो तरल पदार्थ
आसु - हुबहु ढङ्गले वातावरणलाई शब्दमा तुरुन्तै उतार्ने प्रतिभा

उस्तैउस्तै सुनिने तर अर्थ भिन्न भएका शब्दलाई श्रुतिसमभिन्नार्थी शब्द भनिन्छ ।

१. **वाक्यमा प्रयोग गरः**

परिणाम - परिमाण		दाइ - दाइँ	
नाउ - नाउँ		बिना - वीणा	
दीन - दिन		होस - होस्	

२. **उदाहरणसहित श्रुतिसमभिन्नार्थक शब्दको परिचय देऊ ।**

३. **दिइएका शब्दको अर्थ लेखः**

सिता -

सीता -

वाल्ल -

बाल -

सहर -

शर -

४. **अन्य पाठहरूबाट दसओटा श्रुतिसमभिन्नार्थी शब्द खोजेर शिक्षकलाई देखाऊ ।**

५. **तलका शब्द पढेर विचार गरः**

खा जा, खाजा, गाई दिनु, गाइदिनु, केटा केटी, केटाकेटी, स्वास्नीमान्छे, स्वास्नी मान्छे

सिर्जनात्मक अभ्यास

१. 'डुहुरे मुसा र सेतो बिरालो' कथा जस्तै गाउँघरमा सुनेको कुनै लोककथा सुनाऊ ।

२. 'डुहुरे मुसा र सेतो बिरालो कथालाई कक्षाका साथीहरू मिलेर खेलको माध्यमबाट शिक्षकसामु प्रस्तुत गर ।

पाठ ११

वादविवाद

सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ

(विश्वनिकेतन मा. वि.को प्राङ्गणमा वादविवादका लागि मञ्च तयारी अवस्थामा छ । उपस्थित सबैले तोकिएका कुर्सीमा आफ्नोआफ्नो आसन ग्रहण गरेपछि नेपाली विषयका शिक्षक निरञ्जन शर्मा **उद्घोषण** *सुरु गर्नुहुन्छ । सभापतिका लागि प्रधानाध्यापकलाई अनुरोध गरिन्छ । त्यसै विद्यालयका अङ्ग्रेजी, विज्ञान र सामाजिक विषयका तीनजना शिक्षकहरूलाई निर्णायकका लागि तोकिएको घोषणाको जानकारी पनि सबैलाई हुन्छ ।* ***समयपालक****मा शिक्षक राधा सुब्बा रहेकी छन् ।)*

उद्घोषक - वादविवादमा भाग लिने विद्यार्थीहरूले पालना गर्नुपर्ने मुख्यमुख्य नियम यसप्रकार छन्:

(क) प्रत्येक वक्तालाई ५ मिनेटको समय दिइन्छ । ४ मिनेटमा पहिलो घन्टी बज्छ र निष्कर्षतिर लाग्नुपर्छ ।

उद्घोषण : विशेष कुराको घोषणा, कार्यक्रम सञ्चालनसम्बन्धी घोषणा

समयपालक : समय हेरी जनाउ दिने व्यक्ति

(ख) व्यक्तिगत आक्षेप, गालीगलौज र **अशिष्ट** भाषाको प्रयोग गर्नुहुँदैन ।

(ग) आ-आफ्ना पक्षमा पुष्ट तर्कहरू दिएर विपक्षका तर्कहरूको खण्डन गर्नुपर्छ ।

(घ) समयको ख्याल राम्ररी गर्नुपर्दछ । अनावश्यक कुरा गरेर समय खेर फाल्नुहुँदैन ।

उद्घोषक

सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ भन्ने विषयको पक्षमा आफ्ना तर्क प्रस्तुत गर्न सीमा भट्टचन आउँदै छिन् । *(सीमा भट्टचन मञ्चतिर लाग्छिन् - सभाबाट जोडदार ताली बज्छ ।)*

सीमा भट्टचन

आदरणीय सभापतिज्यू, सम्मानित प्रमुख अतिथिज्यू, गुरुवर्ग, निर्णायकज्यूहरू र प्यारा साथीहरू ! "सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ " भन्ने वादविवाद प्रतियोगितामा म पक्षबाट आफ्ना तर्क प्रस्तुत गर्दै छु । सहरिया जीवनभन्दा गाउँले जीवन कता हो कता सुखी हुन्छ भन्ने कुरा जून र घाम जस्तै छर्लङ्ग भएकाले त्यस पक्षमा तर्कहरू अघि सार्न पाउँदा कताकता **अपार** आनन्दको अनुभव गर्न पुगेकी छु ।

शान्त, सफा र **निश्छल** अनि कर्मशील र स्वावलम्बी गाउँको जीवनलाई हामी गाउँले जीवन भन्न सक्दछौं । त्यसको विपरीत समस्यैसमस्या, स्वार्थ र उदासीनतामा पिल्सिएको सहरको जीवन सहरिया जीवन हो । यी दुईको दाँजोमा कुन चाहिँ जीवन सुखी हुन्छ भन्ने कुरा ठम्याउनु नै यस विषयको मुख्य लक्ष्य देखिन्छ । फेरि, सुखको परिभाषा पनि के हो, त्यो त अनुभूतिमा मात्र सीमित छ । मोटामोटी रूपमा सबैको हित हुने कुरामा लागिपर्दै जीवनका निम्ति आवश्यक वस्तु र सेवाहरू प्राप्त गर्नु र सागसिस्नो नै भए पनि आनन्दित मनले खान पाउनु वास्तविक सुख हो । यस्तो सुख गाउँले जीवनमा मात्र सम्भव हुन्छ ।

सहरिया जीवन स्वार्थको भण्डार हो । अर्काको बेवास्ता गरी आफू मात्र सुविधा लिऊँ भन्ने प्रवृत्ति सहरिया जीवनको चिनारी हो र त्यस्तो जीवन कुनै हालतमा पनि सुखी हुन सक्दैन । यसरी हेर्दा सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ भन्ने कुरा पुष्टि हुन्छ ।

हुन त मेरा विपक्षका साथीहरूले मोजमजायुक्त, रमझमपूर्ण, भौतिक सुविधा सम्पन्न सहरिया जीवन नै सुखी हुन्छ भन्ने तर्क गर्नुहोला तर जीवनको मूल्य त्यति मात्र होइन भन्ने कुरा उहाँहरूले बुझ्न

अशिष्ट : असभ्य, खराब आचरणको

अपार : पार पाइनसकिने

निश्छल : छलकपट नभएको

सक्नुपर्दछ । संसारका ठूलठूला कविलेखकहरूले सहरिया जीवनको प्रशंसा गरेका छैनन् बरु उल्टै प्रकृतितिर फर्क भन्ने सन्देश दिएका छन् । के यस कुराले पनि प्राकृतिकपनले भरिएको गाउँले जीवन सुखी हुन्छ भन्ने कुरा प्रमाणित हुँदैन ? *(पहिलो घन्टी बज्छ, सीमा सतर्क हुन्छिन् ।)*

तसर्थ, हामी विगत हेरौं कि, वर्तमान सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ । अझ हाम्रो जस्तो गाउँ नै गाउँले भरिएको देशमा त गाउँले जीवनको वास्तविक सुख बताउन पनि सकिन्न त्यसका लागि सहरको सीमा नाघेर गाउँको जीवनमा घुलमिल गर्न सक्नुपर्छ । साँचो सुख तर्कले होइन, अनुभूतिले प्राप्त गर्न सकिन्छ । यी सम्पूर्ण कुराको एउटै निचोड निस्कन्छ । सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ । *(दोस्रो घन्टी बज्छ)* यति भन्दै समय सकिएकाले म आफ्ना कुरा टुङ्ग्याउँछु । धन्यवाद । *(सभाबाट ताली बज्छ)*

उद्घोषक

अब सहरिया जीवन सुखी हुन्छ भन्ने पक्षमा आफ्ना तर्क अघि सार्न श्याम रञ्जितलाई निम्त्याउँछु । *(सभाबाट ताली बज्छ ।)*

श्याम रञ्जित

श्रद्धेय सभापतिज्यू, प्रमुख अतिथिज्यू, निर्णायकवर्ग, आदरणीय गुरुजन तथा मेरा प्यारा साथीहरू !

आजको यस वादविवाद प्रतियोगितामा म विषयको विपक्ष अर्थात् गाउँले जीवनभन्दा सहरिया जीवन सुखी हुन्छ भन्ने पक्षमा आफ्ना विचारहरू प्रस्तुत गर्न तम्सिएको छु । सबैले भोग्दै आएको सहरिया जीवनको सुखलाई मेरा विपक्षी मित्रहरूले दुःखमा बदलिदिँदैमा वा त्यो स्विच थिच्नासाथ बत्ती बलेजस्तै दुःखमा परिणत हुन्छ भन्ने कुरा म सोच्न पनि सक्दिनँ । बरु गाउँले जीवनका दुःखका **कहालीलाग्दा** दिनहरूबाट अतास्सिएर सहरी जीवनको चौतर्फी सुखमा भुल्न पाल्नुभएका मेरा सम्पूर्ण मित्रहरूको स्वागत गर्दै सहरिया जीवनको वास्तविक सुखस्वर्गतर्फ यहाँहरूलाई डोऱ्याउन चाहन्छु ।

सहर मानिसको सभ्यताको प्रतीक हो । सम्पूर्ण ज्ञान र विज्ञानको सार भन्नु नै आजको विश्वका सुन्दर नगरीहरू हुन् । सम्पूर्ण भौतिक सुविधासम्पन्न र चेतनाले भरिपूर्ण सहरको जीवनलाई सहरिया जीवन भनिएको हो र त्यहाँको जीवन नै सुखी हुन्छ भन्ने कुरा दोहोऱ्याइरहनुपर्दैन ।

सुख, सुख भनेको के हो ? यसलाई जसरी पनि अर्थ्याउन सकिन्छ । कोही कल्पनाको सुखलाई सुख भन्छन् । कोही घरव्यवहार छाडी खरानी घसेर हिँड्नुलाई सुख भन्दछन् त, कोही अनुशासनको घेरा

कहालीलाग्दो : डरलाग्दो, कहालिनुपर्ने

तोड्नुलाई सुख भन्दछन् हामीले व्यावहारिक रूपमा बुझ्ने गरेको सुखचाहिँ मानिसलाई शारीरिक श्रमबाट मुक्त गराई भौतिक सरसामान र सुविधाहरू उपलब्ध हुनु हो । पसिना काढेर खुइय्य गर्दै हिँड्नुपर्ने ठाउँमा सरर्र मोटरमा गुड्न पाइने, घरैभित्र धारा खोलेर पानीले नुहाउन पाइने, मन लागेको वस्तु किनेर खानलाउन पाइने, औषधी उपचार गर्नुपर्दा टेलिफोनबाट घरघरैमा डाक्टर झिकाउन सकिने, रातको अन्धकारमा झलमल्ल घामझैँ बिजुली बत्ती बल्ने, सुतीसुती टेलिभिजनबाट संसार हेर्न पाइने अनि लेखपढका निमित्त टोलैपिच्छे विद्यालय पाइने के हामीले खोजेका सुख र सुविधा होइनन् ? ती सम्पूर्ण सुखसुविधाहरू सहरिया जीवनमा मात्र सम्भव हुन्छन् ।

अर्कातिर गाउँले जीवनलाई हेरौँ- अज्ञानको अन्धकारमा रुमल्लिएर थोत्रा थाङ्ना र धुलोमैलोमा लटपटिएको, चेतनाशून्य, एकोहोरो कामको **हुटहुटी**मा रमाउने जीवन कुनै हालतमा पनि सुखी हुन सक्दैन र त्यसको एक मात्र प्रमाण आज गाउँ छाडेर मानिसहरू सहरतर्फ ओइरिने प्रवृत्तिलाई मान्न सकिन्छ । यसबाट त्यहाँको जीवन कति दुःखलाग्दो, दयालाग्दो र उराठ्लाग्दो हुन्छ भन्ने कुरा प्रमाणित हुँदैन र ? मेरा विपक्षी मित्रहरूले सहरिया जीवनलाई बुझ्दै नबुझी विभिन्न लाञ्छना लगाउनुभयो त्यो देख्ता उहाँको अज्ञानप्रति म खालि सहानुभूति मात्र व्यक्त गर्न सक्छु ।

स्कुल बस छुट्दा त्यो दिन विद्यालय जानै छाडिदिने मेरा विपक्षी मित्रको गाउँले जीवनप्रतिको मोह केवल देखावटी मोह हो । सक्कली मोह उहाँले गाउँले जीवनलाई बाईबाई गरी सहर पसेर नै देखाइसक्नुभएको छ । यी सम्पूर्ण तथ्यहरूको सम्झना गर्ने हो भने गाउँले जीवनभन्दा सहरिया जीवन कैयौँ गुना बढी सुखी हुन्छ भन्ने कुरा निश्चित रूपले भन्न सकिन्छ । *(पहिलो घन्टी बज्छ।)*

अन्त्यमा जीवनलाई जसो गर्दा सजिलो हुन्छ । हामी त्यसैलाई सुख भन्दछौँ र हामीले चाहेजस्तो सुख सहरिया जीवनमा मात्र सम्भव हुन्छ । आजको युगको महत्त्वलाई नबुझेर "साग र सिस्नु खाएको बेस आनन्दी मनले" भन्नु केवल भावुकताको कुरा मात्र हो । यथार्थ जीवनको सुख चाहिँ सहरिया जीवनको सुख हो । *(दोस्रो घन्टी बज्छ।)* यति भन्दै आफ्नो समय सकिएकाले बिदा हुन्छु, धन्यवाद । *(सभाबाट जोडदार ताली बज्छ।)*

उद्घोषक

हामीले पक्ष र विपक्षका खँदिला तर्कहरू सुन्यौँ । अब फेरि पक्षबाट आफ्ना तर्कहरू प्रस्तुत गर्न म मणिराम ढुङ्गानालाई निम्त्याउँछु । *(सभाबाट जोडदार ताली बज्छ ।)*

हुटहुटी : लागिपर्ने बानी, दायाँबायाँ नसोची आफ्नै सुरमा चल्ने प्रवृत्ति

मणिराम ढुङ्गाना

सभापतिज्यू, प्रमुख अतिथिज्यू, गुरुवर्ग, निर्णायकज्यूहरू र प्याराप्यारा साथीहरू ! सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ भन्ने विषयको वादविवाद प्रतियोगितामा म गाउँले जीवन सुखी हुन्छ भन्ने पक्षबाट आफ्ना तर्कहरू राख्दै छु । हामी भौतिक रूपले सम्पन्न हुनेबित्तिकै मानिस सुखी हुन्छ भनेर भन्न सक्दैनौं । वास्तवमा भित्रदेखि नै सुख र सन्तोषको अनुभव गर्न नसक्ने मानिसलाई सुखी मान्न सकिदैन । त्यस्तो सुख गाउँले जीवनमा मात्र प्राप्त हुन सक्छ ।

सहरिया जीवन एकलकाँटे हुन्छ तर गाउँले जीवन सामूहिक भलाइका निम्ति अग्रसर हुन्छ । अझ सहरहरू त आजभोलि प्रदूषित हुन थालेका छन् र त्यसको असर मानव मस्तिष्कमा समेत पर्न थालेको छ । सहरतिर मानिसलाई सजिलोसँग सास फेर्न पनि कठिन छ भने त्यहाँको जीवन कसरी सुखी हुन्छ ? स्वास्थ्य नै धन हो भन्ने भनाइलाई हामी कदापि बिर्सन सक्दैनौं ।

नक्कली कुरामा रमाएर सहिरया जीवनलाई सुखी देख्नुथुप्रो ठूलो देखेर सुनभन्दा फलाम निकै हो भन्नु जस्तै हास्यास्पद कुरा हो । अर्काको भरमा बाँच्ने र आगो बालेपछि चामल किन्न हिँड्ने सहरिया जीवन कुनै हालतमा पनि सुखी हुन सक्दैन । जहाँ मानिस मानिसका बीच **आत्मीयता** नै छैन, त्यहाँ कहाँबाट सुख हुन्छ ? असन्तोष, आक्रोश, पीडा, निराशामा बाँचेको सहरिया जीवनमा 'सन्तोष परमम् सुखम्' भन्ने कुरा कहाँ सम्भव छ र ? मेरा विपक्षी मित्रले विभिन्न सुविधाको बयान गर्दै सहरिया जीवनलाई सुखी ठान्नुभयो तर ती सुविधाहरू कुनै कारणले एकदिन मात्र बन्द भइदिँदा सहरिया जीवनको सुख कहाँ पुग्छ ? एकछिन बत्ती नआउँदा र धारामा पानी नचुहुँदा सहरिया जीवनको सुख स्वर्गमा रमाउन चाहने मेरा मित्रको सपना उडेर कता पुग्छ ? गाउँले जीवनलाई असभ्य, एकोहोरो भनेर निन्दा गर्ने मेरा मित्रले त्यस जीवनको स्वच्छता, इमानदारी र **निष्कपटता**लाई किन बिर्सनुभएको हो ? *(पहिलो घन्टी बज्छ।)* यी कुराको विचार गर्दा सहरिया जीवनभन्दा गाउँले **जीवन धेरै सुखी** हुन्छ । *(दोस्रो घन्टी बज्छ।)* यति भन्दै मेरा कुरा टुङ्ग्याउँछु । *(ताली बज्छ।)*

(यसै किसिमले अन्य व्यक्तिहरूको वक्तव्यको पालो सकिएपछि उद्घोषकले क्रमशः निर्णायकहरूको निर्णय, प्रमुख अतिथिको मन्तव्य, पुरस्कार वितरण तथा सभापतिको वक्तव्यसहित सभा विसर्जन गर्न अनुरोध गर्छन् र ती काम सम्पन्न भएपछि वादविवाद प्रतियोगिता समाप्त हुन्छ ।)

आत्मीयता : आत्मादेखि नै आफ्नो भन्ने भावना

निष्कपटता : कपट नहुनु, सरलता

अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर देऊः**

(क) वादविवाद प्रतियोगितामा पालन गर्नुपर्ने मुख्यमुख्य नियमहरू केके हुन् ?

(ख) सीमा भट्टचनले व्यक्त गरेका मुख्यमुख्य तर्कहरू केके हुन् ?

(ग) सहरिया जीवन सुखी हुन्छ भन्नेबारे पक्षका साथीले कस्ता तर्क दिएका छन् ?

(घ) 'सन्तोष परमम् सुखम्' को आशय के हो ?

(ङ) सहरिया जीवनको प्रशंसा नगरिनाको कारण के हो ?

२. **सहरिया जीवनको सुखका सम्बन्धमा श्याम रञ्जितले व्यक्त गरेको दोस्रो अनुच्छेद पढेर कक्षामा सुनाऊ ।**

३. **"सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ " भन्ने वादविवाद प्रतियोगितामा व्यक्त गरिएका पक्षविपक्षका विचारमध्ये तिमी कुन विचारसँग सहमत छौ र सहमत हुनाको कारण के हो स्पष्ट गर ।**

४. **भाव स्पष्ट गरः**

(क) स्वास्थ्य नै धन हो ।

(ख) सहर मानिसको सभ्यताको प्रतीक हो ।

५. **वादविवादमा विद्यार्थीहरूले पालना गर्नुपर्ने नियमहरू लेखेर शिक्षकलाई देखाऊ ।**

६. **तलको भनाइ कसले, किन भनेको हो, बताऊः**

(क) हाम्रोजस्तो गाउँ नै गाउँले भरिएको देशमा त गाउँले जीवनको वास्तविक सुख बताउन पनि सकिन्न ।

(ख) साग र सिस्नु खाएको बेस आनन्दी मनले भन्नु केवल भावनाको कुरा मात्र हो ।

(ग) जहाँ मानिस मानिसका बीच आत्मीयता नै छैन त्यहाँ कहाँबाट सुख हुन्छ ?

७. **वाक्यमा प्रयोग गरः**

मञ्च, चेतना, अनुभूति, खरानी, सक्कली,
तर्क, आत्मीयता, अशिष्ट, स्वावलम्बी, घुलमिल

८. **उस्तै अर्थ दिने अर्को शब्द (पर्यायवाची शब्द) लेख:**

उदाहरण : गुरु = शिक्षक

सभापति = अध्यक्ष

अतिथि, मित्र, संसार, उत्तम, बयान, पीडा, प्रमुख, वेश

९. **उल्टो अर्थ दिने शब्द लेख:**

सुख, पक्ष, सहर, स्वर्ग, पुष्ट, खँदिला, पुरस्कार, स्वावलम्बी ।

१०. **शुद्धसँग लेख:**

पुस्टी, पछ्यमा, बिपक्ष्य, कर्म सील, बास्तबमा, आदरनिय, सहरियाजीवन, स्वास्थ, यथार्थ, येकजना, निर्माएकजिउ, सुविदा ।

११. **"सहरिया जीवन र गाउँले जीवन दुवै सुखमय हुन सक्छन्" भन्ने बारेमा सभापतिको हैसियतले छोटो मन्तव्य देऊ ।**

व्याकरण

विराम चिह्न

यो हाम्रो विद्यालय हो ।
छ कक्षामा धेरै विद्यार्थीहरू छन् । (।) पूर्णविराम चिह्न

तिम्रो झोला कस्तो छ ?
तिमीलाई कस्तो रङ मन पर्छ ? (?) प्रश्न चिह्न

राम, श्याम र गोपाल घर गए ।
राम आएछ, श्यामलाई थाहा भएन । (,) अल्पविराम

अहो ! बाटामा कत्रो सर्प रहेछ !
श्याम ! तँ यसपल्ट प्रथम श्रेणीमा प्रथम भइछस् नि ! (!) उद्गार चिह्न

- वाक्य पूरा भएपछि पूर्णविराम चिह्नको प्रयोग गर्नुपर्दछ । जस्तैः मनीषा फूल टिप्छिन् ।
- कुनै विषयको जानकारीका लागि प्रश्न गर्दा प्रश्न चिह्नको प्रयोग गरिन्छ । जस्तैः तिमीसँग कति रुपैयाँ छ ?
- पदहरू र वाक्यका बीचमा छाटो अड्नका लागि प्रयोग गरिने चिह्न अल्पविराम चिह्न हो । जस्तैः रमा, श्यामा र रमिता आइपुगे ।
- हर्ष, विस्मात, घृणा, आश्चर्य आदि मनको भाव बुझाउन र सम्बोधनको सन्दर्भमा उद्गार चिह्नको प्रयोग हुन्छ । जस्तैः छि ! त्यस्तो फोहोरी काम पनि गर्नुहुन्छ !

१. **खाली ठाउँमा कोठामा उल्लेख भएअनुसारको शब्द राखेर कापीमा सारः**

(क) हरि विद्यालय आएको छैन ..... (पूर्णविराम, प्रश्न, उद्गार)

(ख) आम्मै.....कस्तो अचम्मको कुरा सुनायौ । (प्रश्न, अल्पविराम, उद्गार)

(ग) आज पानी पर्ला जस्तो थियो .....पर्न भने सकेन । (पूर्णविराम, अल्पविराम, उद्गार)

(घ) तिमीलाई मन पर्ने साथीको नाम के हो ..... (पूर्णविराम, उद्गार, प्रश्न)

२. **जोडा मिलाऊः**

प्रश्नवाचक चिह्न	।
उद्गार चिह्न	?
अल्पविराम चिह्न	!
पूर्णविराम चिह्न	,

३. **चिह्न प्रयोग गरः**

(क) आमा राम श्याम र हरि विद्यालय गएछन्

(ख) के अझै भात पाकेको छैन

(ग) धत् के त्यस्तो खाउँला जस्तो गरेर हेर्नु भएको

४. **प्रश्नवाचक र उद्गार चिह्न प्रयोग गरी पाँचपाँचओटा वाक्य बनाऊ ।**

५. **परिचय देऊः**

पूर्णविराम चिह्न, प्रश्नवाचक चिह्न, अल्पविराम चिह्न, उद्‌गार चिह्न

६. **अघिल्ला पाठहरूमा माथि बताइएका विभिन्न चिह्नहरूको प्रयोग भएको छ, त्यस्ता पाठहरूबाट ती चिह्नहरू प्रयोग भएका पाँचपाँचओटा वाक्य कापीमा सार ।**

सिर्जनात्मक अभ्यास

१. "धनभन्दा विद्या ठूलो" भन्ने विषयमा पक्षविपक्षमा कक्षाका साथीहरू बाँडिएर वादविवाद गर ।

२. 'बलभन्दा बुद्धि ठूलो" भन्ने विषयमा कुनै एक पक्षमा खँदिला तर्कहरू लेखेर देखाऊ ।

३. वादविवादका लागि तलका विषयमा साथीहरूका बीच छलफल गरः

(क) तरबारभन्दा कलम बलियो

(ख) सम्पत्ति कमाइदिने बाबुआमाभन्दा शिक्षा दिने बाबुआमा महान् हुन् ।

(ग) अधिकारभन्दा कर्तव्य ठूलो

(घ) पैतृक सम्पत्तिभन्दा आर्जित सम्पत्ति महत्त्वपूर्ण हुन्छ ।

पाठ १२

कविता

राष्ट्रको अखण्डता

□ कविवर माधव घिमिरे

नेपाल यो सुन्दर **दिव्य** देश
पुर्खाहरूले **चिर भुक्तशेष** ।
पिए पनि **नित्य** भरीभरी यो
रित्तिन्न कैल्यै **मधुमाधुरी** यो ॥ १ ॥

नानाथरी **निर्झरनिर्झरी**को
मुहान यौटै दूधपोखरी यो ।
तप्केसरी अमृत तालुद्वारा
नाडीनसा सिक्त बनाई सारा ॥ २ ॥

दिव्य : अति राम्रो, उत्तम
चिर : लामो,-धेरै समयसम्म रहने, धेरै पहिलेदेखि
भुक्तशेष : दुःखसुखबाट सिर्जना भएको
नित्य : सधैँ, निरन्तर
मधुमाधुरी : अमृतमा पाइने मिठास, मधुरता
निर्झरनिर्झरी : झर्ना, पहाडबाट खसेको पानीको फोहोरा
नाडीनसा : रगत बग्ने नली
सिक्त : सेचन गरिएको, अभिषेक गरिएको

हिमालको यो **हिमगौर** हाँसो

दियो हिजोले जुन आज **नासो** ।

आउन्न भोली भनि मास्न हुन्न

प्रमत्त भै क्वै पनि हाँस्न हुन्न ॥ ३ ॥

पारिन्छ **सत्ता** जब **खण्डखण्ड**

रहन्छ के राष्ट्र त्यहाँ **अखण्ड** ?

थुतिन्छ पत्ता जब **खातखात**

सिद्धिन्छ **शोभा** अनि फूलबाट ॥ ४ ॥

यो पार्वतीको प्रिय फूलबारी

एकान्त यो **चिन्तन**को **छहारी** ।

बनूँ कि क्यारे यसको म **माली**

पर्खाल अग्ला चुलिमा उचाली ॥ ५ ॥

नाना कलाकौशल सभ्यताको

विचित्रताको तर एकताको

अहो हिमाली फूल ल्यूँ कि हात

एकै थुँगामा सय लाख पात ॥ ६ ॥

हिमगौर	:	हिउँझैं उज्ज्वल	**शोभा**	:	सुन्दरता
नासो	:	हिफाजतसँग राख्न दिएको वस्तु	**चिन्तन**	:	सोचविचार
प्रमत्त	:	उन्मत्त	**छहारी**	:	छाया
सत्ता	:	अस्तित्व, रहनु	**माली**	:	बगैँचे, बगैँचाको हेरचाह गर्ने व्यक्ति
खण्डखण्ड	:	टुक्राटुक्रा	**नाना**	:	अनेक, विभिन्न
अखण्ड	:	सिङ्गो, सम्पूर्ण	**कलाकौशल**	:	कलासम्बन्धी सीप
खातखात	:	तहतह	**विचित्रता**	:	रङबिरङ अनौठोपना

अभ्यास

१. **तलका प्रश्नको उत्तर देऊः**

(क) नेपाललाई किन दिव्य देश भनिएको हो ?

(ख) हिमाली शोभालाई कविले किन नासोका रूपमा लिएका हुन् ?

(ग) राष्ट्रलाई खण्डित गर्नुहुँदैन भन्नुको कारण के हो ?

(घ) कवि किन नेपालको माली बन्न चाहन्छन् ?

(ङ) कवितामा "फूलको थुँगा" भनेर केलाई जनाएको हो ?

(च) कविताअनुसार हिमाली फूलका विशेषताहरू केके हुन् ?

२. **"राष्ट्रको अखण्डता" कविता लय मिलाई पढेर कक्षामा सुनाऊ ।**

३. **उपयुक्त भनाइ कुन हो, चिनो लगाऊः**

(क) "राष्ट्रको अखण्डता" कवितामाः

(अ) फूलको वर्णन गरिएको छ ।

(आ) नेपाली कला र संस्कृतिको वर्णन गरिएको छ ।

(इ) देशको अखण्डता र सौन्दर्यको वर्णन गरिएको छ ।

(ई) हाम्रा पुर्खाहरूको वर्णन गरिएको छ ।

(ख) "चिरभुक्तशेष" को अभिप्राय होः

(अ) मिलेर भोग गरिएको

(आ) लामो समय अघिदेखि दुःखसुखपूर्वक सिर्जना गरिएको

(इ) लामो समयदेखि भोग गरेर समाप्त भएको

(ई) भोग गर्ने कुरा बाँकी नै रहेको

४. **माथिको कवितामा तिमीलाई सबभन्दा मन परेको पङ्क्ति कुन हो, किन मन परेको हो, बताऊ ।**

५. **"राष्ट्रको अखण्डता" कवितामा भनिएका कुराहरू आफ्नै शब्दमा लेख ।**

६. **व्याख्या गरः**

आउन्न भोलि भनि मास्न हुन्न
प्रमत्त भै क्वै पनि हाँस्न हुन्न ।

७. **पङ्क्ति पूरा गरेर कापीमा सार:**

यो पार्वतीको प्रिय फूलबारी

..... ।

बनूँ कि क्यारे यसको म माली

..... ॥

८. **उदाहरण हेरी शब्द बनाऊ:**

उदाहरण : सभ्य = सभ्यता

विचित्र, एक, मधुर, सुन्दर, अखण्ड

९. **उदाहरण हेरेर विपरीतार्थक शब्द लेख:**

उदाहरण : दिन = रात

होचो, हाँसो, सभ्यता, प्रिय

१०. **अर्थ लेख:**

शोभा, मुहान, नासो, छहारी, अखण्ड

११. **शुद्धसँग उच्चारण गर:**

मधुमाधुरी	खातखात	सिद्धिन्छ
निर्झरनिर्झरी	खण्डखण्ड	थुतिन्छ

१२. **शुद्ध पारेर कापीमा लेख:**

यकान्त, पार्वति, सुन्धर, पृए, राष्ट्र

१३. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर:**

पुर्खा, अमृत, फूलबारी, सभ्यता, एकान्त, थुँगो ।

१४. **माथिको कवितामा आएका तलका शब्दहरूले कसरी लयको सिर्जना गरेका छन्, कविता पढ्दा विचार गर:**

(क)	दिव्यदेश	निर्झरनिर्झरी	भरीभरी	माली
	भुक्तशेष	दूधपोखरी	मधु-माधुरी	उचाली

(ख) हाँसो मास्न हुन्न फूलबारी

नासो हाँस्न हुन्न छहारी

१५. **पढ र बुझः**

(क) सत्ता खात पात हात

सट्टा खाट पाट हाट

(ख) कैल्यै यौटै भै क्वै ल्यूँ

कहिल्यै एउटै भई कोही लिऊँ

व्याकरण

नाम

१. जातिवाचक नामः देश, हिमाल, मानिस, गाई, फूल, आमा

२. व्यक्तिवाचक नामः कृष्ण, नेपाल, मुनामदन, सगरमाथा, जनकपुर

३. समूहवाचक नामः बथान, खात, थुप्रो, हुल, डङ्गुर, फौज

४. द्रव्यवाचक नामः पानी, काठ, सुन, तेल

५. भाववाचक नामः दया, करुणा, शोभा, बठ्याइँ, पढाइ, मानवता

पढेर बुझ

वस्तु, व्यक्ति, भाव र पदार्थहरूलाई चिनाउने शब्दलाई नाम भन्दछन् । नाम चलनचल्तीमा पाँच प्रकारका मानिन्छन् ।

- जातिवाचकले वस्तुका किसिमलाई जनाउँछन् ।
- व्यक्तिवाचकले तोकिएका व्यक्ति र वस्तुलाई बुझाउँछन् ।
- समूहवाचकले वस्तु र व्यक्तिको समुदायलाई चिनाउँछन् ।
- द्रव्यवाचकले नापतौल वा मात्रा जनाउने पदार्थलाई बुझाउँछन् ।
- भाववाचकले वस्तु, व्यक्ति र क्रियामा रहेको भाव वा अवस्थालाई जनाउँछन् ।

१. सबै प्रकारका नाम शब्द समावेश हुने गरी तिम्रो परिवारका व्यक्ति र वस्तुलाई जनाउने दसओटा नाम शब्द लेख ।

२. नामको परिचय दिई यसका प्रकार लेख ।

३. नामका प्रकारअनुसार दुईदुईओटा शब्द थपेर तलका नाम शब्दहरू आफ्नो कापीमा सार:

घर, शिक्षक, पुस्तक, ... र ..... जातिवाचक नाम हुन् ।

हरि, सरस्वती, मेरो नेपाली किताब, ... र ..... व्यक्तिवाचक नाम हुन् ।

वर्ग, झुप्पो, गण, ... र ..... समूहवाचक नाम हुन् ।

आदर, पढाइ, आनन्द, ... र ..... भाववाचक नाम हुन् ।

चक, मसी, सुन, ... र ..... द्रव्यवाचक नाम हुन् ।

४. ठीक र बेठीक छुट्याऊ:

(क) कुर्सी व्यक्तिवाचक नाम हो । (ख) कागज द्रव्यवाचक नाम हो ।

(ग) पुस्तक जातिवाचक नाम हो । (घ) हाट समूहवाचक नाम हो ।

(ङ) राम भाववाचक नाम हो । (च) रमा द्रव्यवाचक नाम हो ।

५. जोडा मिलाऊ:

जातिवाचक नाम	लुम्बिनी
व्यक्तिवाचक नाम	हात्ती
द्रव्यवाचक नाम	गुच्छा
भाववाचक नाम	दूध
समूहवाचक नाम	रोदन

६. सबै प्रकारका नाम प्रयोग गरी दस वाक्यमा आफ्नो विद्यालयको वर्णन गर ।

७. "राष्ट्रको अखण्डता" भन्ने पाठबाट नाम शब्दहरू टिप र ती कस्ता प्रकारका नाम हुन्, छुट्याऊ ।

सिर्जनात्मक अभ्यास

१. " फूलबारी" शीर्षकमा एउटा कविता लेखी साथीभाइलाई सुनाऊ ।

पाठ १३

कथा

युधिष्ठिरको परीक्षा

पाँच पाण्डव पिता पाण्डु, माता कुन्ती र माद्रीका पुत्र थिए । कुन्तीपुत्र युधिष्ठिर, भीम र अर्जुन तथा माद्रीपुत्र नकुल र सहदेवमा आ-आफ्नै प्रकारको विशेषता थियो । युधिष्ठिरमा सत्य र आदर्श, भीममा शक्ति र साहस, अर्जुनमा सीप र जाँगर, नकुलमा ज्ञान र बुद्धि अनि सहदेवमा रूप र अनुशासन पर्याप्त थिए । यस किसिमका विशेष गुणहरू उनीहरूले बाल्यकालमा परिश्रमपूर्वक अध्ययन गरेर हासिल गरेका थिए । आफ्नै शक्ति र **बाहुबल**को भरमा पाण्डवहरू "इन्द्रप्रस्थ" नाम गरेको राज्य कायम गर्न सफल भए । यस किसिमको उन्नति उनीहरूकै काका धृतराष्ट्रका पुत्र कौरवहरूले देखिसहेनन् ।

पाण्डवहरू सत्यवादी, धर्मात्मा र **कर्तव्यपरायण** थिए । कौरवहरूमा भने घमण्ड, स्वार्थ र धुर्त्याइँ थियो । सत्य सोझो हुन्छ, सोझा पाण्डवहरूको सुख र शान्तिमा धूर्त कौरवहरू **षड्यन्त्र**को **चक्रव्यूह**

बाहुबल	: पौरख, सामर्थ्य	**षड्यन्त्र**	: जालझेल
कर्तव्यपरायण	: कर्तव्य पालना गर्ने	**चक्रव्यूह**	: किल्ला

रच्न थाले । यस्तैमा एक दिन कौरवहरूले **पासा** खेलको बन्दोबस्त मिलाए । खेलमा उनीहरूले कपटपूर्ण ढङ्गबाट पाण्डवहरूलाई हराए । खेलका लागि गरेको सर्तअनुसार पाण्डवहरूले बाह्रवर्षको बनवास र एकवर्षको **अज्ञात**वास बिताउनुपर्ने भयो ।

वनबासमा पत्नी द्रौपदी पनि पाण्डवका साथमा थिइन् । उनीहरू वनमा एक ठाउँबाट अर्को ठाउँ जान्थे, ऋषिआश्रमहरूमा पुग्थे अनि अर्तीउपदेश लिन्थे । धर्मकै विषयमा कुरा हुन्थ्यो । न्यायप्रति सबैको **सहानुभूति** हुन्छ । वनमा पनि पाण्डवहरूप्रति सहानुभूति राख्ने मानिसको कमी थिएन । उनीहरूका आफन्तहरू वनमै भेट गर्न जान्थे र **सद्भाव** व्यक्त गर्दथे । सत्यको विजय हुन्छ, आपत्मा आत्तिनुहुन्न, धैर्य महत्त्वपूर्ण साथी हो भनेर आफन्तहरू आश्वासन दिन्थे । वनबासी पाण्डवहरूले पनि **धैर्य** र **अनुशासन**लाई सधैं पालना गर्दै रहे ।

वनबासको अवधि पूरा हुन केही दिन मात्र बाँकी थियो । पाँचपाण्डव पत्नी द्रौपदीका साथ आफ्ना आश्रममा थिए । आश्रम नजिककै एक कुटीमा बस्ने ब्राह्मण कहालिँदै आए र पाण्डवहरूसँग विलाप गर्न लागे ।

"पाण्डुपुत्र पाण्डवहरू ! ऊ हेर्नुहोस् त, त्यो हरिण सुकाउन राखेको मेरो **अग्निकवच** आफ्ना सिङमा उनेर जङ्गलतिर भाग्दै छ । तपाईंहरू धर्मात्मा हुनुहुन्छ ।

पासा : जुवाजस्तै एक खेल

अज्ञात : थाहा नभएको, थाहा दिन नहुने

सहानुभूति : अरूमाथि परेको मार्कामा आफैंलाई परेसरह गरिने अनुभूति

सद्भाव : असल विचार वा असल भावना

धैर्य : विचलन नहुनु

अनुशासन : असल आचरण

अग्निकवच : आगाको रापबाट बच्न शिरमा लगाइने वस्त्र

अग्निहोत्र गर्ने मेरो अग्निकवच फिर्ता ल्याइदिएर आफ्नो धर्मको रक्षा गर्नुहोस् ।" यति भनेर ब्राह्मणले आफ्नो दयनीय स्थिति देखाए ।

पाण्डवहरू पनि ब्राह्मणको अनुरोधलाई स्वीकार गरेर पाँचै भाइ हरिणका पछि लागे । हरिण निकै टाढा पुगिसकेको थियो । निकै बेरसम्म पछ्याउँदा पनि उनीहरूले हरिणलाई भेट्न सकेनन् । थकित भएर उनीहरू रूखको छहारीमा बसे । **मध्याह्न**को घामका राप्ले उनीहरू सबैका ओठमुख सुकेका थिए । यता कतै **जलाशय** छ कि गएर पानी ल्याऊ भनी युधिष्ठिरले सहदेवलाई अह्राए । सहदेव पानी लिन गए तर निकै बेरसम्म पनि उनी फर्केनन् । त्यसपछि क्रमैले नहकुल, अर्जुन अनि भीम एकपछि अर्को पानी लिन गए । कुनै भाइ पनि फर्केनन् । युधिष्ठिरको मनमा चिसो पस्यो, कतै केही त भएन ? युधिष्ठिरको अनुहार मलिन भयो । आखिर उनी आफू पनि भाइहरूको खोजखबरमा लागे । **निर्जन** वनमा मानिसको नामनिसाना थिएन । रूख भने पातहरू हल्लाउदै मौन रूपमा उभिएका थिए । भाइहरूका बारेमा ती रूखहरूसँग मुक भाषामा पुकारा गर्दै युधिष्ठिर अगाडि बढे । भाइहरूको खोजीमा उनी एउटा जलाशयमा पुगे । उनले त्यहाँ भीम, अर्जुन, नकुल र सहदेव चारै भाइलाई मृत अवस्थामा फेला पारे ।

युधिष्ठिरमा शोकको सीमा रहेन । **असह्य** शोकका कारण उनका आँखाबाट बर्रर आँसु बहन लागे । भाइहरूको अवस्था देखेर उनी केटाकेटीजस्तै रुन थाले । "यस्तो कुन शत्रु हुन सक्छ, जसमा यी मेरा भाइहरूको प्राण लिने सामर्थ्य होस् ? युधिष्ठिरमा आश्चर्य, शोक र शङ्काको सीमा बढ्दै गयो । सम्भव छ पानीमा विष मिलाइएको होस् । कतै यो दुर्योधनकै षड्यन्त्र त होइन ? दुर्योधनका पहिलेका कर्तुतहरू युधिष्ठिरका आँखामा झलझली नाच्न थाले । आफू बाँच्नुको अर्थ युधिष्ठिरले देखेनन् । पानी पिउने मनसायले उनी पनि जलाशय छेउ गई पानी पिउन आँटेका मात्र के थिए, कतैवाट आवाज आयो - युधिष्ठिर ! "पानी पिउनुभन्दा पहिले मेरा प्रश्नको जवाफ देऊ । नत्र तिम्रो पनि भाइहरूकै हालत हुनेछ !"

युधिष्ठिरलाई मृत्युको भय थिएन तर आफूलाई सोधिने प्रश्नको उत्तर दिनु उनले आफ्नो कर्तव्य ठाने र भने "अदृश्य रूपमा प्रश्नको उत्तर माग्ने तपाईं को हुनुहुन्छ, मलाई थाहा छैन तर प्रश्न सोध्नुहोस् । तपाईंले सोधेका प्रश्नको जवाफ दिन म तयार छु ।"

अग्निहोत्र : आहुति, आगोमा गरिने हवन
मध्याह्न : मध्य दिउँसो
जलाशय : पोखरी
निर्जन : सुनसान, मानिस नभएको
असह्य : सहन नसकिने

"मानिसको साथी को हो ? मानिस कसरी बुद्धिमान् बन्छ ? पृथ्वीभन्दा ठूलो वस्तु के हो ? आकाशभन्दा ठूलो के छ ? परदेशको मित्र के हो ? सुख कसरी प्राप्त हुन्छ ? सबैको प्यारो कसरी बन्न सकिन्छ ? दुःख के गर्नाले हुँदैन ? यस किसिमका धेरै प्रश्नहरू आकाशवाणीबाट सुनियो ।

"धैर्य मानिसको साथी हो । असल सङ्गतले मानिस बुद्धिमान् बन्छ । पृथ्वीभन्दा ठूली आमा हुन् । आकाशभन्दा ठूला पिता हुन् । परदेशको मित्र विद्या हो । सच्चरित्रताको पालन गर्नाले सुख प्राप्त हुन्छ । घमन्ड नगर्नाले सबैको प्यारो बन्न सकिन्छ । दुःख रिस त्याग्नाले हुँदैन । युधिष्ठिरले पनि यसप्रकारले प्रश्नका उत्तर फटाफट दिए । त्यसपछि भने ती प्रश्नकर्ता युधिष्ठिरका सामु प्रकट भएर भने, "म तिमीले दिएका उत्तरबाट सन्तुष्ट भएँ । तिमीले प्रश्नको ठीकठीक जवाफ दियौ । राजन् युधिष्ठिर ! म तिम्रा मरेका भाइहरूमध्ये कुनै एउटालाई बचाइदिन्छु । तिमी कसलाई बचाउन चाहन्छौ, भन ?"

"धर्मले मानिसको रक्षा हुन सक्छ र अधर्मले विनाश । माद्रीपुत्र नहकुललाई बचाउनाले नै आफ्नो धर्मको रक्षा हुन्छ । उनले नहकुललाई बचाइदिन आग्रह गरे । यसपछि प्रश्नकर्ताले युधिष्ठिरलाई आफ्नो परिचय दिए ।

"म धर्मदेव यक्ष हुँ । म तिम्रा सबै भाइलाई बिउँताइदिन्छु । तिमीहरूको अज्ञातवास पनि सफल हुनेछ । ब्राह्मणको यो अग्निकवच पनि लैजाऊ ।" यति भन्नासाथ भीम, अर्जुन, नहकुल र सहदेव चारै भाइ निद्राबाट बिउँझेझैं जर्‍याकजुरुक्क उठे । युधिष्ठिरको अनुहारको रोगन फेरियो, सबै खुसी भए । सबैले पानी खाए । धर्मदेव यक्ष पनि **अन्तर्धान** भए । ब्राह्मणको अग्निकवच लिएर सबै भाइ आफ्ना आश्रमतर्फ लागे ।

अन्तर्धान : अलप हुनु, अचानक अदृश्य हुनु ।

अभ्यास

१. **तलका प्रश्नको उत्तर लेख:**

(क) पाण्डवहरू को थिए र तिनीहरूको नाम केके हो ?

(ख) पाण्डवहरूले वनवास जानुपर्ने मुख्य कारण के थियो ?

(ग) वनमा पाण्डवहरूको समय कसरी बित्यो ?

(घ) ब्राह्मणको अग्निकवच केले कसरी लग्यो ?

(ङ) युधिष्ठिर र यक्षका बीच कस्ता प्रश्नोत्तर भए ?

(च) युधिष्ठिरले यक्षसँग नहकुललाई बचाउन आग्रह गर्नुको कारण के हो ?

(छ) ब्राह्मणको अग्निकवच कसरी फिर्ता भयो ?

(ज) माथिको कथाबाट के शिक्षा पाइन्छ ?

२. **"युधिष्ठिरको परीक्षा" कथाले दिन खोजेका मुख्यमुख्य उपदेशहरू समेटेर आफ्ना शब्दमा बयान गर ।**

३. **आशय बताऊ:**

(क) परदेशको मित्र विद्या हो ।

(ख) न्यायप्रति सबैको सहानुभूति हुन्छ ।

(ग) धैर्य मानिसको साथी हो ।

४. **कसले किन भनेको हो ?**

(क) मेरो अग्निकवच फिर्ता ल्याइदिएर आफ्नो धर्मको रक्षा गर्नुहोस् ।

(ग) सच्चरित्रताको पालना गर्नाले सुख प्राप्त हुन्छ ।

(घ) म तिम्रा मरेका भाइहरूमध्ये कुनै एउटालाई बचाइदिन्छु ।

५. **किन दुःख र आपत्मा पनि आनन्द लिन सक्नुपर्छ, कथा पढेर राम्ररी बुझ ।**

६. **वाक्य पूरा गरः**

(क) युधिष्ठिर ..... जलाशय पुगे ।

(भाइहरूको खोजी गर्न, पानी खोज्न, अग्निकवच लिन)

(ख) पाण्डवहरूले सधैँ ..... पालना गरे ।

(ब्रह्मचर्य, धैर्य र अनुशासन, प्रजा दमन गर्ने प्रवृत्ति)

(ग) युधिष्ठिरलाई ..... ले प्रश्न सोधेको हो ।

(जङ्गलको राक्षस, यक्ष, जलाशयका पाले)

(घ) कौरवहरूले ..... पाण्डवहरूलाई हराए ।

(बलपूर्वक, कपटपूर्वक, बुद्धिपूर्वक)

७. **ठीकबेठीक छुट्याऊः**

(क) युधिष्ठिरमा सीप र जाँगर थियो ।

(ख) अभ्यासले ज्ञान, बुद्धि र विद्याको विकास हुन्छ ।

(ग) ब्राह्मणको आग्रहपालन गर्न पाण्डवहरूले ढिलाइ गरे ।

(घ) युधिष्ठिरका भाइहरू दुर्योधनको षड्यन्त्रले मरेका थिए ।

(ङ) पाण्डवहरू सत्यवादी, धर्मात्मा र कर्तव्यपरायण थिए ।

(च) अग्निकवच पाएपछि खुसीले पानी नै नपिई पाण्डवहरू आश्रमतर्फ फर्के ।

८. **उदाहरणमा देखाए झैँ मिल्दो रूप राखी खाली ठाउँ भरः**

उदाहरण : धूर्त = कौरवहरूमा धुर्त्याइँ थियो ।

सच्चरित्र - ..... मानिसको गहना हो ।

वुद्धि - ..... मानिसलाई सबैले कदर गर्छन् ।

सीप - सरिता गीत गाउन ..... छे ।

हरियो - वनजङ्गलमा .....पाइन्छ ।

घमन्ड - दुर्योधन साह्रै ..... थियो ।

९. **प्रस्टसँग उच्चारण गरः**

सङ्गत, यक्ष, नहकुल, पृथ्वी, कर्तव्य, माद्रीपुत्र

१०. **अर्थ लेखः**

शत्रु, सीमा, आपत्, आश्रम, आग्रह, अनुहार, आदर्श

११. **सुन र लेखः**

षड्यन्त्र, चक्रव्यूह, अग्निहोत्र, इन्द्रप्रस्थ, आश्चर्य, सामर्थ्य, धृतराष्ट्र, धूर्त, ब्राह्मण, बाह्र, कर्तव्यपरायण, ऋषि, द्रौपदी ।

१२. **तलका वाक्यांश प्रयोग भएका पूर्णवाक्यहरू पाठमा खोजेर कापीमा सारः**

(क) इन्द्रप्रस्थ नाम गरेको राज्य कायम गर्नु

(ख) षड्यन्त्रको चक्रव्यूह रच्नु

(ग) सबैका ओठमुख सुक्नु

(घ) निद्राबाट बिउँझेझैँ जर्‍याकजुरुक्क उठ्नु

(ङ) मनमा चिसो पस्नु

१३. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरः**

जाँगर, बाहुबल, अज्ञातवास, मलिन, जर्‍याकजुरुक्क, सद्भाव, षड्यन्त्र

व्याकरण

सर्वनाम

म, हामी, तिमी, तपाईं, त्यो, तिनी, ऊ, उनी, यो, यी, यिनी, को, के, कुन, जो, जे, जुन, आफू आदि सर्वनाम शब्द हुन् ।

नामको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ ।

१. **वाक्यमा दिइएका सर्वनाम शब्द मात्र कापीमा लेख:**

(क) कक्षा ६ मा म पहिलो विद्यार्थी हुँ ।

(ख) कसैले तपाईं भनोस् या नभनोस् आफैं मपाईं हुने रोगले हामी सबै नेपालीलाई सताएको छ ।

(ग) श्यामलाई जति सम्झाए पनि ऊ सम्झने होइन ।

(घ) सीता पढ्नमा ध्यान दिन्छिन् तर उनी लेख्न भने अल्छी गर्छिन् ।

(ङ) आफू त महादेव कसले दिन्छ वर ?

२. **सर्वनाम शब्द राखी खाली ठाउँ पूरा गर:**

(क) कौरवहरू धूर्त थिए । ..... ले पासा खेलमा पाण्डवलाई हराए ।

(ख) गुरुले रीता, सीता र ..... आफ्नो पाठ पढ भन्नुभयो ।

(ग) नेपाल ..... सबैको साझा फूलबारी हो ।

(घ) रीता विद्यालय आउँदा ..... ले साथमा भाइ पनि ल्याएकी थिइन् ।

(ङ) जसलाई जे मन लाग्यो, ... गर्नाले घर भाँडिन्छ ।

३. **"युधिष्ठिरको परीक्षा" भन्ने पाठमा प्रयोग भएका सर्वनाम शब्दहरू आफ्नो कापीमा टिप ।**

४. **जोडा मिलाऊ:**

म	तिमीहरू
तिमी	उनीहरू
तपाईं	हामीहरू
ऊ	उहाँहरू
त्यो	यिनीहरू
यो	तपाईंहरू
	तिनीहरू
	हजुरहरू

५. **दोहोरिएको नामका ठाउँमा सर्वनामको प्रयोग गर:**

(क) राम घर गयो अनि रामले गृहकार्य गर्न सुरु गऱ्यो ।

(ख) सीता दिदीको विवाह भयो । सीता दिदीले आफ्नो व्यवहार सम्हालिन् ।

(ग) हाम्रो घरमा कैली गाई छ । कैली गाईले धेरै दूध दिन्छ ।

(घ) महाभारत महत्त्वपूर्ण ग्रन्थ हो । महाभारतका लेखक व्यास हुन् ।

(ङ) मेरो भाइको नाम श्याम हो । श्याम सधैं आमालाई पिरोल्छ ।

६. **उदाहरणसहित सर्वनाम शब्दको परिचय बताऊ ।**

सिर्जनात्मक अभ्यास

१. **तल दिइएका निर्देशनको सहयोग लिई एउटा कथा लेखेर कक्षामा सुनाऊ:**
भयङ्कर जङ्गल --- जङ्गलको राजा सिंह --- एउटा सानो खरायो --- सिंह र खरायाको भेट --- खरायाको बुद्धिमानी --- सिंहको मूर्खता --- खरायाले सिंहलाई इनारमा अर्को सिंह देखाउनु --- जङ्गलका पशुप्राणीको रक्षा ।

२. **तिमीले सुनेको महाभारत र रामायणसम्बन्धी कुनै कथा सिलसिला मिलाएर कक्षाका साथीहरूलाई सुनाऊ ।**

पाठ १४

जीवनी

लुइ पास्चर

आजको युगलाई विज्ञानको युग भनिन्छ । विज्ञानका क्षेत्रमा भएका प्रगति र नयाँनयाँ **आविष्कार**ले गर्दा संसारले कोल्टो फेरेको छ । हिजोसम्म असम्भव ठानिएका कुराहरू आज सम्भव भएका छन् । आफ्नो **प्रयोगशाला**मा दिनरात जुटेका वैज्ञानिकहरू दिनहुँ एउटा न एउटा नयाँ आविष्कार गर्न तम्सिएका छन् । संसारमा एकप्रकारले नयाँनयाँ आविष्कारको होडबाजी नै चलेको छ । आजको संसार एकाएक यस परिस्थितिमा आइपुगेको होइन, यसका पछाडि कैयौँ वैज्ञानिकहरूको निरन्तर प्रयास र संलग्नता रहेको छ । यस्तै वैज्ञानिकहरूमध्ये लुइ पास्चर पनि एक हुन् ।

लुइ पास्चरको जन्म २७ डिसेम्बर १८२२ मा फ्रान्समा भएको थियो । उनले सत्र वर्षकै उमेरमा स्कुलको शिक्षा पूरा गरेका थिए । सन् १८४७ मा पास्चरले विज्ञानमा डाक्टरको उपाधि पनि प्राप्त गरे । उनी ज्यादै मिहिनेती थिए । त्यसैले २६ वर्षकै उमेरमा विश्वविद्यालयमा रसायनशास्त्रका प्राध्यापक भए । त्यसको केही समयपछि उनी विज्ञानकजेलका प्रधानाचार्य पनि भए । उनले प्रयोगशालामा विज्ञानसम्बन्धी विभिन्न **अनुसन्धान** र प्रयोगहरू पनि जारी नै राखेका थिए । त्यसबाट उनको **प्रतिभा** निकै फस्टाउँदै गएको थियो । उनको प्रतिभाबाट प्रभावित भएर एकजना रसायनशास्त्रका विद्वान्ले उनलाई आफ्ना सहायक बनाए । त्यसपछि त पास्चरलाई आफ्ना काममा झन् ठूलो मद्दत मिल्यो । हुँदाहुँदा उनी संसारका एक महान् रसायनविज्ञका रूपमा चिनिन पुगे ।

आविष्कार : नयाँ सिद्धान्तको प्रतिपादन, नयाँ वस्तुको खोज

प्रयोगशाला : वस्तु वा पदार्थ विशेषलाई जाँच्ने र प्रयोग गरेर हेर्ने ठाउँ

अनुसन्धान : कुनै नयाँ कुरा खोज्ने वा पत्ता लगाउने काम

प्रतिभा : विशेष किसिमको क्षमता

लुइ पास्चरको **चिकित्सा** र रसायन विज्ञानका क्षेत्रमा साह्रै ठूलो देन छ । उनले विभिन्न रोगका उपचारहरू पत्ता लगाई मानवजगत्को अमूल्य सेवा गरेका छन् । कुखुरामा लाग्ने रोग, रेसमकिराको रोग र बौलाहा कुकुरले टोकेका रोगको औषधि पत्ता लगाई संसारलाई बिर्सिनसक्ने गुन लगाउने वैज्ञानिक लुइ पास्चर नै हुन् । बौलाहा कुकुरले मानिसलाई टोक्दा एक किसिमका जीवाणुहरू ज्यालबाट घाउमा प्रवेश गरी रगतको सम्पर्कले मगजमा पुग्छन् र त्यसको खराब असरबाट कोही बाँच्न सक्दैन । बौलाहा कुकुरले टोकेपछि रेबिज विरुद्धको सुई लगाउनुपर्छ । त्यसमा ढिलासुस्ती र **हेलचेक्र्याइँ** गर्नुहुन्न । यदि लुइ पास्चरले रेबिज विरुद्धको त्यस किसिमको सुई पत्ता नलाइदिएका भए यस संसारका कति मानिसहरू अकालमै मृत्युको मुखमा पर्ने थिए । यस अर्थमा लुइ पास्चरलाई विश्वका महान् व्यक्तिहरूमध्ये अग्र पङ्क्तिमा राख्नुपर्छ ।

लुइ पास्चरले लामो समयसम्म कीटाणु सिद्धान्तको अध्ययन गरे । उनले कुनै पनि वस्तु वा पदार्थमा आफैंमा रोगका कीटाणुहरू पैदा हुने होइनन् । हावा, पानी या यस्तै अन्य स्रोतबाट वस्तु वा पदार्थमा रोगका ती कीटाणुहरू प्रवेश गर्छन् भन्ने कुरा प्रमाणित गरे । उनले दूध, माछा, मासु, फलफूल र रक्सीजस्ता पदार्थहरू सड्ने वा बिग्रने कारण रासायनिक प्रक्रिया मात्र होइन; ब्याक्टेरिया भन्ने जीवाणुका कारणले पनि ती बिग्रन्छन् भन्ने कुरा पत्ता लगाए । एउटा भाँडाको हावालाई बाहिर निकाल्ने र बाहिरको हावा पनि भित्र पस्न नदिने हो भने त्यसमा सड्न सक्ने वस्तुहरूलाई सड्न नदिईकन निकै दिनसम्म सुरक्षित राख्न सकिन्छ भन्ने कुरा पास्चरले नै पत्ता लगाएका हुन् । उनले दूधलाई शुद्ध बनाउने **विधि** पनि निकाले । यसअनुसार दूधलाई ५०,६० सेन्टिग्रेडसम्मको तापक्रममा आधा घण्टाजति तताएर बाहिरका कीटाणुहरू पस्न नसक्ने गरी फ्रिजमा राखी सेलाउन दिएमा हानिकारक कीटाणुहरू नष्ट हुन्छन् र दूध शुद्ध हुन्छ । यसो गर्नाले टी.बी. उत्पन्न गर्ने कीटाणुहरू समेत नष्ट हुन्छन् । यसरी दूधलाई शुद्ध पार्ने पास्चरको प्रक्रियालाई पास्चरीकरण (पास्चराइजेसन) भनिन्छ र यस्तो विधि आजभोलि संसारभरि नै अपनाइएको छ । यसप्रकारका हानिकारक जीवाणुहरूको उत्पत्ति रोक्ने र उत्पत्ति भइसकेका जीवाणुहरूलाई नष्ट गर्ने उपायको खोज गरी लुइ पास्चरले रोगको उपचार गर्ने र खाद्यपदार्थ सुरक्षित राख्ने काममा ठूलो सहायता पुऱ्याएका छन् ।

चिकित्सा : उपचार, रोगको निवारण

जीवाणु : वस्तु वा पदार्थमा आफैं उत्पन्न हुने अणुवरावरका जीव

हेलचेक्र्याइँ : हेला वा वेवास्ता गर्ने कार्य

विधि : तरिका, पद्धति

तापक्रम : तातोपन घटीवढी हुने क्रम, तापको मात्रा

लुइ पास्चर प्रतिभाशाली र **लगनशील** थिए । केटाकेटीदेखि नै उनमा देशभक्तिको भावना थियो । लजालु स्वभावका लुइलाई प्रकृति, चित्रकला र विज्ञान विषयमा अध्ययन गर्दा विशेष आनन्द आउँथ्यो । उनी फ्रेन्च एकेडेमीका सदस्य पनि भए । फ्रान्समा उनको खुब सम्मान गरिन्छ । संसारभरकै मानिसका दुःखदर्दहरू शान्त गर्दै मानवको सेवामा लागेका लुइ पास्चरको ७३ वर्षको उमेरमा सन् १८९५ मा **देहावसान** भयो । उनी यस संसारबाट बिदा भएको सय वर्ष नाघिसकेको छ तापनि उनका अमर कार्यबाट एक महान् वैज्ञानिकको रूपमा पास्चरको **कीर्ति** संसारभर फैलिएको छ । उनका आविष्कारको प्रेरणाले पछिपछिसम्मका वैज्ञानिकहरूलाई समेत घचघच्याइरहने कुरामा विश्वास गर्न सकिन्छ ।

लगनशील : निरन्तर रूपमा लागिरहने, मिहिनेती

देहाव्रसान : मृत्यु, निधन

कीर्ति : यश, ख्याति

अभ्यास

१. **तलका प्रश्नको उत्तर देऊः**

(क) लुइ पास्चरलाई रसायनशास्त्रका विद्वान्ले आफ्नो सहायक बनाउने आधार के थिए ?

(ख) लुइ पास्चरले कुनकुन क्षेत्रमा योगदान दिए ?

(ग) कीटाणु सिद्धान्तको अध्ययन गरेर पास्चरले के कुरा प्रमाणित गरे ?

(घ) सड्ने वा गल्ने वस्तुहरूलाई कसरी लामो समयसम्म सुरक्षित राख्न सकिन्छ?

(ङ) दूध शुद्ध पार्ने पास्चरको प्रक्रियालाई के भनिन्छ ?

(च) लुइ पास्चरले गरेका मुख्यमुख्य कामहरू केके हुन् ?

(छ) आजको युगलाई किन विज्ञानको युग भनिन्छ ?

२. **पाठका आधारमा खाली ठाउँ भरः**

(क) हुँदाहुँदा लुइ पास्चर संसारका एक महान् ..... का रूपमा चिनिन पुगे ।

(ख) बौलाहा कुकुरले टोकेपछि .....सुई लगाउनै पर्छ ।

(ग) दूध शुद्ध पार्ने पास्चरको प्रक्रियालाई .....भन्दछन् ।

(घ) पास्चर ..... का सदस्य पनि भएका थिए ।

(ङ) पास्चरले कुनै पनि वस्तु वा पदार्थमा रोगका कीटाणुहरू हावा, ... र यस्तै अन्य स्रोतबाट प्रवेश गर्छन् भन्ने कुरा प्रमाणित गरे ।

(च) बौलाहा कुकुरको च्यालमा हुने जीवाणुहरू घाउमा प्रवेश गरेपछि ..... को सर्म्पकले ती मानिसको मगजमा पुग्छन् ।

३. **तलका शब्दको अर्थ बुझी वाक्यमा प्रयोग गरः**

प्रयोगशाला, तापक्रम, चिकित्सा, आविष्कार, अनुसन्धान, हेलचेक्र्याइँ, लगनशील

४. **"लुइ पास्चर विश्वका एक महान् वैज्ञानिक हुन् ।" यस भनाइलाई प्रस्ट पार ।**

५. **यस पाठमा बताइएका मुख्यमुख्य कुरा बुँदागत रूपमा क्रम मिलाएर लेख ।**

६. **प्रस्टसँग उच्चारण गरः**

लुइ पास्चर, प्रयोगशाला, रसायनशास्त्र, रासायनिक, जीवाणु, हेलचेक्र्याइँ

७. **सच्याएर सारः**

किटाणु, देहा वसान, म्रित्युको मुखमा, हावा, पिरती, किर्ती, किरा, पध्र्यापक, प्रेरना

८. **'लुइ पास्चरले हामीलाई बिर्सिनसक्ने गुन लाएका छन्' यस सम्बन्धमा कक्षाका साथीबीच आपसमा छलफल गर ।**

व्याकरण

विशेषण

त्यो - रेबिज विरुद्धको **त्यो** सुई लुइ पास्चरले पत्ता लगाए ।

नयाँ - **नयाँ** आविष्कारले गर्दा संसारले कोल्टो फेरेको छ ।

कैयौँ - **कैयौँ** वैज्ञानिकहरूको निरन्तर प्रयास र संलग्नतालाई हामीले बुझ्नुपर्छ ।

मिहिनेती - उनी **मिहिनेती** थिए ।

ठूलो - लुइ पास्चरलाई **ठूलो** मद्दत मिल्यो ।

बौलाहा - **बौलाहा** कुकुरले टोकेपछि रेबिज विरुद्धको सुई दिनुपर्छ ।

माथिका वाक्यमा रेखाङ्कित शब्दहरू विशेषण शब्द हुन् ।

नाम वा सर्वनामको बयान गर्ने वा विशेषता बुझाउने शब्दलाई विशेषण भनिन्छ ।

१. **तलका विशेषण शब्दलाई वाक्यमा प्रयोग गरः**

रामो, असल, पहिलो, दोस्रो, अलिकति, निकै,

२. **तलका विशेषण शब्दको प्रयोग गरेर आफ्ना कक्षाकोठाको बयान गरः**

ठूलो, धेरै, कालो, होचा, सेतो, अग्लो, केही, सबै, पहिलो, एक्लो, असल, नेपाली, गाउँले, सहरिया ।

३. **उदाहरणसहित विशेषण शब्दको परिचय देऊ ।**

४. **खाली ठाउँमा मिल्ने विशेषण शब्द भरः**

(क) कुकुरको पुच्छर ..... हुन्छ ।

(ख) हात्तीका आँखा ..... हुन्छन् ।

(ग) सगरमाथा सबभन्दा ..... हिमाल हो ।

(घ) हामी कहाँ ..... अञ्चल र ..... जिल्ला छन् ।

(ङ) ..... किताब कसको हो ?

(च) घैँटाको पिँधमा ..... पानी थियो ।

५. **पाठको अन्तिम अनुच्छेदबाट चारओटा विशेषण शब्द खोज ।**

सिर्जनात्मक अभ्यास

१. पदार्थहरूलाई सुरक्षित राख्ने सम्बन्धमा पाठमा बताइएका तरिका र गाउँघरमा अपनाइने तरिकाबारे कस्तो भिन्नता पाइन्छ, तुलना गर ।

२. गाउँघरमा रेबिजको असर फैलन नदिन कस्ताकस्ता उपायहरू अपनाउन सकिन्छ, साथीसाथीमा छलफल गर ।

वातावरणको रक्षा

समयमा वर्षा हुँदैन हुँदा पनि **अतिवृष्टि**, **अल्पवृष्टि** र **अनावृष्टि** हुने गर्छ । **मौसमपरिवर्तन** हुने क्रम नै बदलिएको छ र कुन मौसम कतिखेर सुरु हुन्छ, थाहा हुँदैन । कतै बढी पानी परेर बाढी पैरोले धनजनको क्षति गर्छ कतै पानी नपरेर सुख्खा लाग्छ । कतै पाकेको बाली पनि पानीले गर्दा खेतबारीमै नाश हुन्छ । यस्ता समस्याहरू आजभोलि हामीले भोग्दै आएका छौं ।

वायुमण्डलमा प्रदूषण बढेको छ । प्रकृतिमा सन्तुलन छैन । यसबाट जनसाधारणले ठूलो दुःख खप्नुपरेको छ र वैज्ञानिकहरू पनि यस विषयलाई लिएर ठूलो चिन्तामा परेका छन् । यी समस्या मानिस आफैंले सिर्जना गरेका हुन् । प्रकृतिमा असन्तुलन हुनाले **मौसमसम्बन्धी** समस्या मात्र होइन, मानिसमा **श्वासप्रश्वास**सम्बन्धी रोग, हृदयरोग, क्यान्सर र मानसिक तनावसम्बन्धी समस्याहरू पनि बढेर गएको कुरा वैज्ञानिकहरूले पत्ता लगाएका छन् ।

पहिले प्रकृति सन्तुलित थियो । वनजङ्गलमा जीवजन्तुहरू प्रशस्त थिए । जनसङ्ख्या कम थियो । कलकारखाना पनि सीमित थिए तर आजभोलि जनसङ्ख्यावृद्धिले गर्दा वनजङ्गलको विनाश भएको छ । पशुपन्छी र जीवजन्तुहरू मासिँदै गएका छन् । कलकारखाना बढ्नाले वातावरण प्रदूषित भएको छ । यसै तरिकाले जनसङ्ख्या बढ्ने र वातावरण दूषित हुँदै जाने हो भने केही समयमै यस सुन्दर धर्तीमा मानिसले पाइला टेक्ने ठाउँसम्म पाउनेछैन ।

अतिवृष्टि : पानी वढी पर्नु
अल्पवृष्टि : पानी कम पर्नु
अनावृष्टि : खडेरी पर्नु
मौसमपरिवर्तन : ऋतुपरिवर्तन
वायुमण्डल : हावाको सतह वा हावाले ढाकेको क्षेत्र
प्रदूषण : दूषित हुनु, वातावरणमा आउने खराबी
श्वासप्रश्वास : साम फेर्ने क्रिया

वैज्ञानिक उन्नति र विकास निर्माणका जुनसुकै कामले पनि जङ्गल र वातावरणमा असर पर्छ । जमिनको क्षेत्रफल बढाउन सकिँदैन । वनजङ्गलमा वृक्षरोपण गरेर वातावरणको रक्षा गर्न भने सकिने हो तर त्यस कुरामा मानिस पछि नै परेको छ । अव्यवस्थित बसोबासले जहाँसुकै फोहोरमैला बढेको छ । जसले हावा र पानी प्रदूषित भएको छ । खोलानाला र तालपोखरीहरू पनि दिनदिनै फोहोर हुँदै गएका छन् । जङ्गलको फँडानी बढेको छ । यिनै कारणहरूले सबैतिरको वातावरण झन्झन् बिग्रँदै गएको छ । विषालु रासायनिक पदार्थले हावा, पानी र माटो एकसाथ दूषित भएको छ ।



हाम्रा **पूर्वज**हरू वायुमण्डलको शुद्धताको खुब ख्याल गर्दथे । बोटबिरुवा काट्नभन्दा लगाउन र जोगाउन जोड दिन्थे । प्रकृतिको सुन्दरतामा मख्ख पर्थे । पशुपन्छी र जनावरको हिंसा गर्नुहुन्न भन्ने उनीहरूको सोचाइ थियो । वेदका **ऋचा**हरूमा हावा, पानी, पृथ्वी, वनस्पति, जीवजन्तु र **अन्तरिक्ष**को शान्ति र शुद्धताका निम्ति वन्दना गरेको पाइन्छ । ती कारणहरूले गर्दा प्रकृतिका विभिन्न तत्त्वका बीच तालमेल पाइन्थ्यो तर आजभोलि त्यस्ता कुराको उति वास्ता नगर्ने चलन बढेको छ । त्यसैले पनि प्रदूषणको मात्रा बढेको हो । यसरी नै प्रदूषण बढ्दै गयो भने सबै प्राणीको एक मात्र साझा पृथ्वी बसोबासका लागि अयोग्य बन्नेछ ।

विज्ञानको विकासले अनेकथरी जहाजहरू बनेका छन् । रेल, मोटर, ट्याक्सी र टेम्पोहरू बेपत्तासँग गुडेका छन् । जेट विमानहरूको आविष्कार भएको छ । यी साधनहरूले मानिसलाई सुविधा पुगेको छ समयको बचत पनि भएको छ । एक किसिमले संसार नै खुम्चिएजस्तो लाग्छ तर तिनका धुँवा र कानै छेड्ने चर्का आवाजले यहाँको वातावरण र प्राणीको रहनसहनमा अत्यन्त नराम्रो असर परेको छ ।

पूर्वज : पुर्खा

ऋचा : वेदका मन्त्र

अन्तरिक्ष : आकाश र पृथ्वीको बीचको भाग

औद्योगिक उत्पादन बढ्नाले वायुमण्डलमा **"फ्लोरो कार्बन"** नामको ग्यास बढी मात्रामा बढेको कुरा वैज्ञानिकहरूले स्वीकार गरेका छन् । त्यस ग्यासको प्रभावले **ओजोन**को मात्रा घट्दै गएको छ र ओजोनको मात्रा यसै गरी घट्दै गएर त्यस सतहमा प्वाल पऱ्यो भने सूर्यको **परावैजनी किरण** सोझै पृथ्वीमा पर्नेछ । त्यसको भयावह असरबाट कसैले पनि हामीलाई बचाउन सक्नेछैन । वातावरणको विनाशले धर्तीको जमिन र पानीमा मात्र होइन अन्तरिक्षको वायुमण्डलमा समेत निकै असर पुऱ्याएको छ ।

संसारमा हिजोआज मुख्य रूपले चार प्रकारका प्रदूषणहरू फैलिएका छन्, ती हुन्: भूमि, वायु, जल र **ध्वनि**सम्बन्धी प्रदूषण । पृथ्वीका सबै **जीवधारी**लाई सास फेर्न हावा र बाँच्न पानी आवश्यक हुन्छ । भूमि सबैको बाँच्ने आधार हो । त्यही हावा, पानी र माटो प्रदूषित हुँदा हाम्रो के दशा होला ? त्यसकारण हावा, पानी र माटो स्वच्छ राख्ने प्रयास गर्नुपर्छ । चर्को आवाजको असरबाट सकेसम्म बच्नुपर्छ ।

वातावरण प्रदूषित हुनाले सबैलाई हानि हुन्छ । कसैको हित हुँदैन । यो कुरा बुझेपछि हामी सबै वातावरणको रक्षा गर्न चनाखो हुनुपर्छ । त्यसका लागि बोटबिरुवा लगाएर पृथ्वीलाई हराभरा पार्नुपर्छ । रासायनिक मल र **कीटनाशक** औषधिको प्रयोग कम गर्दै लग्नुपर्छ । कलकारखाना र यातायातका साधनबाट निस्कने धुवाँ तथा अन्य फोहोरहरूलाई व्यवस्थित गर्नुपर्छ । यसका लागि विषालु रासायनिक पदार्थ पानीमा मिसिन दिनुहुँदैन । जहाँतहीं फोहोर गर्ने बानी त्याग्नुपर्छ । आफूले फोहोर नगर्दा र अरूबाट भएको फोहोर सफा गर्ने काममा सहयोग पुऱ्याउँदा सबैलाई फाइदा हुन्छ । जहाँसुकै दिसापिसाब गर्ने र थुक्ने जस्ता खराब आदत पनि हामीले सुधार्नुपर्छ ।

हाम्रो संस्कृतिले पनि हामीलाई वातावरणको रक्षा गर्न सिकाएको छ । बाटाघाटामा वरपीपल रोप्नाले पुण्य हुन्छ । पानीको मुहान र नदीनाला तथा **देवस्थल**वरिपरि फोहोर गर्दा पाप लाग्छ । पशुपन्छी र जनावरको हिंसा गर्नुहुन्न । **विषवृक्ष** नै भए पनि रूखबिरुवा काट्नुहुन्न भन्ने हाम्रो

फ्लोरो कार्बन : एकप्रकारको ग्यास जसले वातावरण विनाश गर्छ
ओजोन : वायुमण्डलीय तह वा वायुमण्डलमा हुने हावाको सतह
परावैजनी किरण : सूर्यको विशेष प्रकारको किरण
ध्वनि : आवाज
जीवधारी : जीवन धारण गर्ने प्राणी
कीटनाशक : किराफट्याङ्ग्रा नाश गर्ने
देवस्थल : धार्मिक स्थल, तीर्थस्थल
विषवृक्ष : विषालु वृक्ष

मान्यता र परम्परा अहिले पनि छँदै छ । हामीले यस्ता असल संस्कार, व्यवहार र आनीबानीको विकास गर्नुपर्छ । आफ्ना गाउँठाउँ वरपरका पर्ती जग्गाहरूमा आफ्नो जन्मदिन वा अरू कुनै विशेष अवसर पारेर रूखबिरुवा लगाउन र तिनलाई हुर्काउन सबैले अठोट गर्नुपर्छ ।



मानिस सबभन्दा बुद्धिमान् प्राणी हो । असलखराब छुट्याउने शक्ति उसमा मात्र हुन्छ । विज्ञानको विकास पनि मानिसले नै गरेको हो । वैज्ञानिक उन्नतिले मानिसलाई जति सुखसुविधा बढाएको छ, त्यति नै वातावरणसम्बन्धी समस्या पनि चर्काएर लगेको छ । त्यसो भनेर खोलिएका कलकारखाना र उद्योगधन्दाहरू बन्द गर्ने, यातायातका साधनहरू नचलाउने भन्ने कुरा आउँदैन । न त गाउँघर तथा समाज छाडेर **प्राचीन** युगमा झैं हामीहरू जङ्गलतिर नै पस्न सक्छौं । यसका लागि हामीले विज्ञानको उन्नति र वातावरणको रक्षा गर्ने कुरामा तालमेल मिलाएर अघि बढ्न सक्नुपर्छ । यसैमा मानिसको उन्नति र कल्याण देखिन्छ ।

प्राचीन : पुरानो

अभ्यास

१. **तलका प्रश्नको छोटो उत्तर लेख:**

(क) मौसममा देखा परेका समस्याहरू केके हुन् ?

(ख) वनजङ्गल विनाश हुनुका कारणहरू केके हुन् ?

(ग) हाम्रो वातावरण कसरी बिग्रँदै गएको छ ?

(घ) हाम्रो संस्कृतिले हामीलाई सिकाएको पाठ के हो ?

(ङ) वातावरण सफा राख्न केके कुरामा ध्यान पुऱ्याउनुपर्छ ?

(च) हाम्रा पूर्वजहरू के कुरामा जोड दिन्थे ?

(छ) हावा, पानी र माटो कसरी एकसाथ प्रदूषित भएका छन् ?

२. **वातावरणप्रदूषण बढ्नाले आइपरेका समस्याहरू लेख ।**

३. **व्याख्या गर:**

(क) माटो बिग्रनु भनेको पनि भूमिको विनाश हुनुजस्तै हो ।

(ख) पृथ्वी सबै प्राणीको साझा वासस्थान हो ।

(ग) मानिस आफैंले सिर्जिएका समस्याबाट आज ऊ आफैं पिरोलिनुपरेको छ ।

४. **यस पाठका अन्तिमका दुई अनुच्छेद राम्ररी पढी तिनमा व्यक्त भएका मुख्यमुख्य कुराहरू सङ्क्षेपमा लेख ।**

५. **उपयुक्त उत्तर छान:**

(क) "फ्लोरो कार्बन" को मात्रा बढ्नाले:

(अ) ओजोन सतह पातलिँदै जान्छ ।

(आ) रूखबिरुवाहरू छिटो हुर्कन्छन् ।

(इ) अन्तरिक्षमा रकेटहरू पठाउन सजिलो हुन्छ ।

(ई) सूर्यको परावैजनी किरण छेकिन्छ ।

(ख) प्रकृतिमा सन्तुलन नहुनाले:

(अ) पानी मात्र पर्छ ।

(आ) मौसमपरिवर्तन हुने क्रम नै बदलिन्छ ।

(इ) उत्पादन घटेर जान्छ ।

(ई) वैज्ञानिक प्रगति ठप्प हुन्छ ।

६. पाठअनुसार ठीक शब्द राखेर खाली ठाउँ भर:

(क) उद्योगधन्दाहरू बढेर ..... प्रदूषित बनाएको छ ।

(गाउँघरलाई, सहरलाई, वातावरणलाई)

(ख) अव्यवस्थित बसोबास बढ्नाले जहाँतहीं ..... बढेको छ ।

(फोहोरमैला, बजारभाउ, झैझगडा)

(ग) बढीभन्दा बढी बोटविरुवा लगाएर पृथ्वीलाई ..... पार्नुपर्छ ।

(व्यवस्थित, हराभरा, सफासुग्घर)

(घ) पर्ती जग्गाहरूमा ..... लगाउनुपर्छ । (बालीनाली, तरकारी खेती, बोटबिरुवा)

(ङ) ..... गरेर वनजङ्गल कायम गर्न सकिन्छ । (पैसा खर्च, हेरचाह, वृक्षरोपण))

७. तलका कुनकुन कुरामा तिम्रो सहमति छ, ती कुराहरू मात्र कापीमा सार:

(क) वातावरण

(अ) हामी आफैँले स्वच्छ राख्नुपर्छ । (आ) अरूले स्वच्छ राखिदिन्छन् ।

(इ) आफैँ स्वच्छ रहन्छ । (ई) बिग्रँदा सबैलाई हानि हुन्छ ।

(ख) फोहोरमैला

(अ) जति गरे पनि हुन्छ । (आ) नियन्त्रण गर्नुपर्छ ।

(इ) असभ्यले गर्छन् । (ई) आफैँ उत्पन्न हुन्छ ।

(उ) प्रदूषणको कारण वनविनाश हो ।

८. पूरा गर:

प्रदूषणका मुख्य प्रकार हुन्:

१. वायुप्रदूषण २. ..... ३. ..... ४. .....

९. **सुनेर लेख:**

वृक्षरोपण, रासायनिक, विषवृक्ष, उद्योगधन्दा, ओजोनसतह

१०. **उदाहरण बुझ र लेख:**

उदाहरण : जीवजन्तु = जीव र जन्तु

हावापानी	फोहोरमैला	नदीनाला
बोटबिरुवा	हानिनोक्सानी	घामपानी

११. **उदाहरणमा झैं उस्तैउस्तै अर्थ दिने शब्द लेख:**

उदाहरण : विनाश = नाश, क्षति

उन्नति, असल, जमिन, समय, पानी, ध्वनि

१२. **अर्थ बताऊ:**

वायुमण्डल, प्रदूषण, असन्तुलन, देवस्थल, वातावरणविनाश ।

१३. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर:**

प्रकृति, कीटाणु, ऋचा, अन्तरिक्ष, पर्ती, मुहान, ओजोन ।

व्याकरण

क्रियापद

- राम विद्यालय **जान्छ** ।
- बहिनी **हाँस्छिन्** ।
- सुरेश पाठ **पढ्छ** ।
- काग **कराउँछ** ।
- घोडा **दौड्यो** ।
- साथीहरू **आएनन्** ।

माथिका वाक्यमा जान्छ, पढ्छ, दौड्यो, हाँस्छिन्, कराउँछ र आएनन् क्रियापद हुन् ।

वाक्यमा काम बताई वाक्य पूरा गर्ने शब्द क्रियापद हुन् । क्रियापद नभई वाक्य बन्दैन । क्रिया सकर्मक र अकर्मक हुन्छन् ।

सकर्मक	अकर्मक
पढ्नु = श्याम पुस्तक पढ्छ ।	हाँस्नु = बहिनी हाँस्छे ।
लेख्नु = भाइ चिठी लेख्छ ।	जानु = राम विद्यालय जान्छ ।
दिनु, भन्नु, खानु, पिट्नु, लिनु, सुन्नु आदि ।	दौडनु, आउनु, सुत्नु,रुनु, बढ्नु, उठ्नु आदि ।

कर्म लिने क्रियालाई सकर्मक र कर्म नलिने क्रियालाई अकर्मक भन्दछन् । वाक्यमा प्रयोग भएको क्रियामा 'के' वा 'कसलाई' भनी प्रश्न गर्दा त्यसको उत्तर आएमा त्यो क्रिया सकर्मक हुन्छ । उत्तर नआएमा अकर्मक हुन्छ । जस्तै:

वाक्य	प्रश्न	उत्तर	कुन क्रिया ?
राम पाठ पढ्छ ।	के पढ्छ ?	पाठ	सकर्मक (उत्तर आयो)
राम मरीमरी हाँस्छ ।	के हाँस्छ ?	×	अकर्मक (उत्तर आएन)
	कसलाई हाँस्छ ?	×	

तल दिइएको ढाँचा राम्ररी पढेर क्रियापदका बारेमा परिचित होऊ:

धातु	प्रत्यय	क्रियाबोधक शब्द	क्रियापद
गर्	नु	गर्नु	गर्छ, गर्छे, गर्छन्, गर्छिन्, गर्छौं गर्छस्, गर्छौं, गर्छ्यौं, गर्नुहुन्छ
पढ	नु	पढ्नु	पढ्यो, पढी, पढे पढिस्, पढ्यौं, पढ्नुभयो
बस्	नु	बस्नु	बस्नेछ, बस्नेछे बस्नेछेस्, बस्नेछस्, बस्नेछौ, बस्नेछ्यौ बस्नेछु, बस्नेछौं
हाँस्	नु	हाँस्नु	हाँस्ला, हाँस्ली, हाँस्लान् हाँस्लास्, हाँसौला

१. कोष्ठकभित्रका ठीक क्रियापद छानेर वाक्य पूरा गर:

(क) भाइले सुसेल्दै साथीलाई ..... । (बोलायो, पिट्यो, झपाऱ्यो)

(ख) आमा भात ..... । (खाइन्, खानुहुन्छ, खानुभयो)

(ग) सीता साथीको कुरा सुनेर .....। (हाँस्यौ, हाँसिन्, हाँस्यौं)

(घ) फूल राम्रो ..... । (छ, छिन् छस्)

(ङ) गाईले दूध ..... । (दिए, दिन्छ, दिनुहुन्छ)

२. **तल दिएका धातुबाट क्रियाबोधक शब्द बनाऊः**

खेल्, उठ्, जा, भन्

३. **उदाहरणमा देखाएजस्तै गरी तलका क्रियालाई वाक्यमा प्रयोग गरः**

उदाहरण : आउनु = दाजु घर आउनुहुन्छ ।

दिनु, = वोल्नु, = घुम्नु, = जानु, =

५. **शिक्षकको सहयोगमा कुन सकर्मक, कुन अकर्मक क्रिया हुन्, छुट्याऊः**

जानु सुत्नु उड्नु = बग्नु = काट्नु

बोल्नु बनाउनु ढल्नु = मार्नु = गन्नु

६. **"वातावरणको रक्षा" भन्ने पाठको सातौं अनुच्छेदबाट क्रियापदहरू खोजी कापीमा लेख ।**

७. **तलका क्रियापदको क्रियाबोधक शब्द र धातुरूप लेखः**

गर्छ, देखिन्छन्, हेर्छौं, पढ्छस्, बोल्यो ।

पारिभाषिक/ प्राविधिक शब्द

अर्थ थाहा पाउन परिभाषा गर्नुपर्ने र विषेश क्षेत्रमा प्रयोग हुने शब्दलाई परिभाषिक प्राविधिक शब्द भनिन्छ। तलका केही उदाहरण हेरः

कुपोषण : पौष्टिक तत्त्व कम भएको खाद्यतत्त्व (स्वास्थ्य क्षेत्र)

तापक्रम : उष्णता वा तातोपन घटीबढी हुने क्रम (जलवायु विज्ञान क्षेत्र)

फस्फोर : रासायनिक मलका रूपमा प्रयोग हुने उक तत्त्व (कृषि क्षेत्र)

कानुन : नियम वा आदेश (कानुन क्षेत्र)

गोरेटो : गाईवस्तु वा मान्छेसम्म हिँड्न सक्ने सानोवाटो (इन्जिनियरिङ क्षेत्र)

यी शब्दहरू बिभिन्न क्षेत्रमा प्रयोग हुने र परिभाषा गरेपछि मात्र अर्थ थाहा हुने शब्द हुन् ।

१. **यस पाठबाट पारिभाषिक/प्राविधिक शब्द खोजेर शिक्षकसँग अर्थ सोधेर क्षेत्र छुट्याऊ ।**

२. **पाँचओटा पारिभाषिक/प्राविधिक शब्द खोजी वाक्यमा प्रयोग गर ।**

सिजर्नात्मक अभ्यास

१. तलका कुनै एक विषयमा असी शब्दसम्मको प्रबन्ध लेख:

- बोटबिरुवाको महत्त्व
- फोहोरमैला नियन्त्रण
- जनसङ्ख्या वृद्धि

२. आफ्नो गाउँठाउँमा देखिएका प्रदूणसम्बन्धी समस्याहरू टिपोट गरी तिनको रोकथाम गर्ने उपायबारे साथीभाइहरूसँग छलफल गर ।

३. असार १३ गतेका दिन आफ्नो विद्यालय हाताभित्र वा पर्ती जग्गाहरूमा आफ्नो कक्षाका साथीभाइहरू मिलेर वृक्षरोपण गर्ने कार्यक्रम बनाऊ ।

महामानव गौतम बुद्ध

"बुद्धम् शरणम् गच्छामि" बुद्धको **शरण**मा जान्छु किनभने बुद्धको शरणमा सुख र शान्ति मिल्छ । आज गौतम बुद्ध छैनन् तर उनले दिएका ज्ञान र उपदेशबाट मानिस बुद्धका शरणमा पुग्न सक्छन् ।

गौतम बुद्धले भनेका थिए,"संसारका सबै वस्तु **नाशवान्** छन् । ती वस्तुप्रति मोह राख्नु दुःखको कारण हो । हृदयदेखि नै पवित्र भावले सेवा कार्यमा लागेमा दुःखबाट छुटकारा पाउन सकिन्छ र अन्त्यमा मुक्ति मिल्छ ।" यी विचारहरूको पालना गर्नाले मानिसलाई धार्मिक सुख मिल्दछ र आत्मामा शान्ति हुन्छ । यही विश्वासमा विश्वका अरबौं मानिसहरू बुद्ध धर्मको पालना गर्दछन् र गौतम बुद्धलाई भगवान् भनेर पूजा गर्दछन् ।

गौतम बुद्ध विश्वका **विभूति** हुन् । आजभन्दा पच्चीस सय वर्षपूर्व वैशाख शुक्ल पूर्णिमाका दिन रूपन्देहीको लुम्बिनीमा उनको जन्म भएको थियो । बालककालको उनको नाम सिद्धार्थ गौतम थियो । उनका पिताको नाम शुद्धोधन र माताको नाम मायादेवी हो । सिद्धार्थ गौतम जन्मेको सात दिनमै उनकी आमाको मृत्यु भयो । पिता शुद्धोधनको रेखदेख र सौतेनी आमा प्रजावतीको लालनपालनमा सिद्धार्थ गौतम हुर्किए ।

शरण : आश्रय, दुःखको अवस्थामा कसैको भर गर्ने काम

नाशवान् : नाश भएर जाने, अनित्य

विभूति : देशका लागि उल्लेखनीय योगदान दिने व्यक्ति

उनलाई आफ्नी आमाका बारेमा केही थाहा भएन । आफ्ना पिता शुद्धोधनको दरबारमै रहेर सिद्धार्थ गौतमले विश्वामित्र, सब्बामित्र आदि गुरुहरूबाट शास्त्रका धेरै कुराहरूको अध्ययन गरेका थिए ।

सिद्धार्थ गौतम नम्र स्वभाव र दयालु भावनाका बालक थिए । उनी दुःखीमाथि दया देखाउँथे र अर्काको दुःखमा आफू पनि दुःखी हुन्थे । अरूको दुःखलाई आफ्नै दुःखका रूपमा लिने उनको स्वभाव थियो । सानैदेखि नै उनी गहन विषयको चिन्तन गर्थे र एकान्तमा बस्न रुचाउँथे । सिद्धार्थ गौतम पारिवारिक रमझममा रमाएनन् । एकदिन साँझपख घुम्न निस्कँदा सिद्धार्थ गौतमले माग्ने, रोगी, वृद्ध र मृत मानिसलाई देखे । यसले उनको दयालु हृदयमा गहिरो प्रभाव पाऱ्यो । उनको मनमा दयाका भावना उब्ज्यो । मानिसलाई आपत्विपत्ले सताउँछ । रोगले सबैलाई दुःख दिन्छ । सबैले बूढो हुनुपर्छ । अन्ततः सबैले मृत्युलाई अँगाल्नुपर्छ भन्ने थाहा पाएर उनी एकाएक ठूलो सोचमा परे । दुःखको कारण के हो, मानिसले कसरी दुःखबाट छुट्कारा पाउन सक्छ, सबैको भलाइ के गर्नाले हुन्छ, सबैले पालना गर्नुपर्ने कुराहरू केके हुन्, सांसारिक कष्टबाट मानिसलाई मुक्ति कसरी मिल्न सक्छ भन्ने कुरामा सिद्धार्थ मनन गर्थे । उनको बाल्यकालको धेरै समय यस किसिमका विचारमा विचारण गर्नमा नै व्यतीत भयो ।

सोह्र वर्षको उमेरमा सिद्धार्थ गौतमको विवाह यशोधरासँग भयो । उनी रूपगुणले सम्पन्न थिइन् । छब्बीस वर्षको उमेरमा सिद्धार्थको छोरो जन्म्यो । उसको नाम राहुल राखियो । राहुल होनहारका राम्रा बालक थिए । उनको रूप र गुणको सबैले प्रशंसा गरे । यशोधरा र सिद्धार्थ गौतमको भाग्यको समेत **तारिफ** गरियो । राहुलजस्ता बालकका बाबुआमा सुखी रहून् भनेर सबैले ईश्वरसँग प्रार्थना पनि गरे । दरबारमा धुमधामसँग उत्सव मनाइयो तर सिद्धार्थ गौतमलाई भने बालकका बाबुआमा सुखी रहून् भन्ने भनाइले विशेष प्रभाव पाऱ्यो । वास्तविक सुख के हो र त्यो कसरी प्राप्त हुन्छ भन्ने तथ्य खोज्ने उनले अठोट गरे र यसको प्राप्तिका लागि तपस्या गर्न दरबारबाट निस्किए ।

सिद्धार्थ गौतमले सत्यबोधका लागि कठोर तपस्या गरेका थिए । उनले सत्य के हो, त्यो जान्न आत्माको चिन्तन गरे । कठोर तपस्याले गौतमको शरीर कमजोर भयो । उनी अति दुब्लाए । शारीरिक कष्टबाट उनको तपस्या पूर्ण भएन । अन्ततः सिद्धार्थ गौतम भारतको गयामा पुगे । त्यहाँ एउटा पीपलको रूखमुनि विश्राम लिए । त्यहाँ उनलाई **आत्मबोध** भयो । गौतमले **बुद्धत्व** प्राप्त गरे । त्यसपछि सिद्धार्थ गौतम बुद्धको नामले विश्वमा प्रख्यात हुन पुगे ।

तारिफ : प्रशंसा

आत्मबोध : आत्माका सम्बन्धमा हुने ज्ञान, तत्त्वज्ञान

बुद्धत्व : बुद्ध बन्ने काम, बुद्ध हुनुको भाव

गौतम बुद्धले बुद्धत्व प्राप्त गरेको ठाउँलाई बोधगया भनिन्छ । दया नै सुखको मूल कारण हो । त्यसबिना सुखको प्राप्ति हुन सक्दैन । जसले प्राणीहरूमा दया देखाउँदैन, त्यो धर्मात्मा होइन । दयालु हृदयले प्राणीमात्रलाई गरिने सेवा नै धर्म हो भन्ने ज्ञान बुद्धलाई प्राप्त भयो । अनि बुद्ध आफूले पाएका ज्ञानको उपदेश गर्न लागे । उनले आफ्ना पाँच शिष्यहरूलाई भारतको सारनाथ भन्ने स्थानमा पहिलो पटक उपदेश दिए । उनले हजारौँ मानिसलाई **दीक्षा** दिए । यसपछि क्रमिक रूपमा उनका उपदेशको निकै प्रचारप्रसार भयो ।

गौतम बुद्ध मध्यमार्गी विचारका व्यक्ति थिए । उनले कट्टर हिन्दू परम्पराको विरोध गरे र त्यस बेला समाजमा देखा परेका विकृतिलाई पनि मन पराएनन् । त्यसताका हिन्दू धर्मको नाममा **हिंसा** बढेको थियो । **पशुबलि**लाई धार्मिक कार्य मानिन्थ्यो । जातपात प्रथाले समाजमा आर्थिक र सामाजिक वर्गको सिर्जना भएको थियो । भौतिक सुखको मोहमा मानिसहरू लोभी र पापी भएका थिए । यी कुराहरूको विरोधमा गौतम बुद्धले "बुद्ध भिक्षु सङ्घ" नामको धार्मिक संस्था स्थापना गरे र आफ्ना परिवारका सदस्यहरू समेतलाई भिक्षु बनाए । ठाउँठाउँमा गएर उनले उपदेश दिए । उनका उपदेशहरूले बुद्धधर्मको प्रचार भयो । बुद्धका उपदेश विश्वका मानिसहरूका हितका लागि अनमोल सम्पदा मानिन्छन् । गौतम बुद्धका विचारहरू पाली भाषामा लेखिएका छन् । बुद्धको उपदेश भएको धार्मिक ग्रन्थलाई "धम्मपद" या "त्रिपिटक" भनिन्छ ।

हिंसा नगर्नु, असत्य नबोल्नु, कसैको सम्पत्ति चोरी नगर्नु, प्राणीमा दया देखाउनु, ब्रह्मचर्य व्रतको पालना गर्नु, सेवाभावले सहयोग गर्नु, आवश्यकभन्दा बढी धनको **सङ्ग्रह** नगर्नु गौतम बुद्धका प्रमुख उपदेशहरू हुन् । उनका उपदेशले विश्वलाई एउटा नयाँ बाटो देखायो । बुद्धधर्ममा सबै मानिस समान मानिन्छन् । सबै प्राणीको **कल्याण** गर्नु यस धर्मको प्रमुख **उद्देश्य** हो ।

बुद्ध धर्मका **संस्थापक** महामानव गौतम बुद्ध असी वर्षको उमेरमा भारतको कुसीनगरमा परलोक भए । उनको निधनपछि उनका शिष्यहरू आनन्द र सारिपुत्रले यस धर्मको रक्षामा विशेष योगदान दिएका

दीक्षा : गुरु वा आचार्यबाट मन्त्रको उपदेश लिने काम

हिंसा : हत्या, काटमार

पशुबलि : देवदेवीको मन्दिरमा पशुलाई काटमार गर्ने काम

सङ्ग्रह : जम्मा

कल्याण : हित

उद्देश्य : लक्ष्य

संस्थापक : थापना गर्ने

थिए । भारतका **सम्राट्** अशोकले त बुद्धधर्मको प्रचार गरेर यस धर्मलाई पूरै भारतवर्षमा परिचित गराए । त्यसपछि बुद्धधर्म क्रमिक रूपले विश्वभर फैलियो । आहिले नेपाल, जापान, चीन, थाइल्यान्ड, म्यानमार मङ्गोलिया, श्रीलङ्का, भारत आदि देशमा बुद्धधर्म मान्नेहरूको सङ्ख्या प्रशस्त छ ।

सबै वस्तु नाशवान् छन् । मानिसले असल कर्मबाट आफूलाई मुक्ति दिलाउन सक्छ । कुनै श्राप या निन्दा गर्नेभन्दा त्यसलाई धैर्य गरेर सहन सक्ने मानिस विजयी हुन्छ भनेर गौतम बुद्धले आफ्नो अन्तिम उपदेशमा भनेका थिए ।

गौतम बुद्धले नेपालको गौरव बढाएका छन् । आज जहाँजहाँ बुद्धधर्मावलम्बी छन्, त्यहाँ नेपाल छ, त्यहाँ नेपालप्रतिको **सद्भाव** छ । विश्वका बुद्धधर्मावलम्बीका लागि नेपालको लुम्बिनी पवित्र तीर्थस्थल हो र महामानव गौतम बुद्ध विश्वशान्तिका अग्रदूत मानिन्छन् ।

सम्राट : ठूला राजा, महाराजा

धर्मावलम्बी : धर्मको अवलम्बन गर्ने, धर्मको अनुयायी

सद्भाव : राम्रो भावना, असल विचार

अभ्यास

१. **तलका प्रश्नको उत्तर देऊः**

(क) गौतम बुद्धको बाल्यकाल कसरी बित्यो ?

(ख) सिद्धार्थ गौतमलाई बुद्धत्व प्राप्त गर्ने प्रेरणा कसरी प्राप्त भयो ?

(ग) बुद्धका मुख्य उपदेशहरू केके हुन् ?

(घ) गौतम बुद्धलाई शान्तिका अग्रदूत मान्नुको कारण के हो ?

२. **"महामानव गौतम बुद्ध विश्वका महान् विभूति हुन्" यस भनाइको वर्णन गर ।**

३. **व्याख्या गरः**

(क) संसारका सबै वस्तु नाशवान् छन् ।

(ख) बुद्धधर्ममा सबै मानिस समान मानिन्छन् ।

(ग) श्राप या निन्दा गर्नेभन्दा त्यसलाई धैर्यपूर्वक सहन सक्ने मानिस विजयी हुन्छ ।

(घ) आज जहाँजहाँ बुद्धधर्मावलम्बी छन्, त्यहाँ नेपाल छ, त्यहाँ नेपालप्रतिको सद्भाव छ ।

(ङ) जसले प्राणीहरूमा दया देखाउँदैन, त्यो धर्मात्मा होइन ।

४. **यस पाठको पहिलो अनुच्छेद शुद्धसँग पढेर कक्षामा सुनाऊ ।**

५. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :**

दया, चिन्तन, रमझम, नै, त, एकान्त, कारण, उपदेश

६. **अलग गर्नुपर्ने र जोड्नुपर्ने कुरालाई विचार गरेर तलका शब्दहरू सच्याएर कापीमा सार:**

बालककालमा, गौतमबुद्ध, महा मानव, अग्र दूत, बोध गया

शब्दहरूलाई एउटै डिकोमा लेख्नुलाई पदयोग र अलग डिकोमा लेख्नुलाई पदवियोग भनिन्छ । शुद्ध भाषाको प्रयोग गर्दा पदयोग र पदवियोगमा पनि ध्यान दिनुपर्छ ।

७. **उच्चारण गर:**

असत्य, पूर्णिमा, शुद्धोधन, प्रजावती, सिद्धार्थ, विश्राम, प्रशंसा, त्रिपिटक, धम्मपद ।

८. **दिइएका शब्दको अर्थ लेख:**

उपदेश, स्वभाव, प्राणी, विकृति, ग्रन्थ, कल्याण, तीर्थस्थल ।

व्याकरण

पर्यायवाची शब्द

उपदेश - अर्ती	कार्य - काम	आत्मा - हृदय	पूर्व - पहिले
परिवार - जहान	मृत्यु - मरण	माता - आमा	सत्य - साँचो
विश्व - संसार	मूल - मुख्य	वेला - समय	वास्ता - चासो

माथि सँगसँगै दिइएका शब्दहरूमा एक शब्द र अर्को शब्दको अर्थ उस्तैउस्तै छ । कुनै शब्दको उस्तैउस्तै अर्थ दिने अर्को शब्दलाई पर्यायवाची शब्द भन्दछन् ।

१. **तलका शब्दको पर्यायवाची शब्द लेख:**

जल, थल, घट, प्रभु, नाथ, स्वभाव, भलाइ, पुस्तक, कमजोर ।

२. **उस्तैउस्तै अर्थ हुने शब्दहरूका बीच जोडा मिलाऊः**

(क)	संसार	ऋषि
(ख)	मुनि	विश्व
(ग)	सारा	दया
(घ)	करुणा	काम
(ङ)	कर्म	सबै

३. **पर्यायवाची शब्द कुन चाहिँ हो, कापीमा लेखः**

भगवान् - दैत्यका शत्रु, दैव, संसारका स्वामी, सबैको रक्षा गर्ने रक्षक

दरबार - घर, बङ्गला, महल, राजगृह

पुस्तक - पाठ्यसामग्री, मुद्रण सामग्री, शास्त्र, किताब

शिष्य - चेलो, विद्याआर्जन गर्ने व्यक्ति, शिक्षा आर्जन गर्नमा उत्सुक, गुरुका साथमा रहने सेवक ।

सिर्जनात्मक अभ्यास

१. शिक्षकको निर्देशन र सहयोगमा नेपालका कुनै एक विभूतिको जीवनी लेखी कक्षामा सुनाऊ ।

२. आ-आपना धर्मका महान् व्यक्तिका विषयमा मुख्यमुख्य कुराहरू टिपोट गरी साथीहरूका बीच छलफल गर ।

हिमाल

हाम्रो हिमाल आफू मात्र हाँसेको छैन । यसले हामीलाई हँसाएको छ । हिमालसँग **मितेरी** लाउन आउनेहरूलाई हँसाएको छ र कम हाँस्नेहरूलाई पनि यसले राम्रैसँग हँसाएको छ । हामीलाई हँसाउनकै निम्ति प्रकृतिले कतै हिमालको सृष्टि गरेको त होइन ?

हाम्रो देशको उत्तरपट्टि सानाठूला, अग्लाहोचा, थुप्रै हिमालहरू **शृङ्खलाबद्ध** रूपमा रहेका छन् । घामको झुल्कासँगै तिनको अपार सौन्दर्य नेपालको धर्तीमा छरिन्छ । त्यो सौन्दर्य अलिकति पानी बनेर तराईतिर बग्छ । अलिकति पहाडी झर्नाहरूमा मिसिएर झर्झराउँछ र सबभन्दा बढी त याक र चौँरीहरूका बथानमा मिसिएर कतै धूपी, कतै सल्ला र कतै लालीगुराँस बनेर छरिन्छ । अनि, डाँफे र मुनालसँगै बाँकी सौन्दर्य पनि छताछुल्ल पोखिन्छ ।

हिमालमध्येको अग्लो हिमाल सगरमाथा, सबैको सम्मान पाएर झन् अग्लिएको छ । विश्वको सुन्दर देश नेपालको सबभन्दा सुन्दर चिज पनि यही सगरमाथा हो । सगरमाथाको उचाइले नेपालको उचाइ बढेको छ र नेपालको उचाइभित्र सगरमाथाको उचाइ जोडिएको छ ।

मितेरी : मित्रता, दोस्ती

शृङ्खलाबद्ध : पङ्क्ति वा लहर मिलेको, वरदेखि परसम्म मिलेर रहेको

सगरमाथाले नेपालीहरूको उचाइ पनि बढाएको छ । नेपालीहरूको **शिरताज** सगरमाथा विश्वकै ताजझैं नेपालमा हामीहरूकै माझ राज गर्दै हाँसिरहेको छ । कतिलाई यसको उचाइ देखेर ईर्ष्या पनि लाग्दो हो । यसको हँसाइ देखेर कतिको त **ग्लानि** पनि भाग्दो हो ।

सगरमाथाले कहिल्यै न पानीझरीको पर्वाह गरेको छैन । न हुरी बतासको पीडाले आत्तिएको छ र न त जूनघामका शीततापले यसलाई सताएको छ । बरु **अटल** विश्वास छ यसलाई सधैं एकनास अडिनाको र **आत्मविश्वास** छ यसलाई युगयुगान्तरसम्म ठडिनाको के हामी पनि सगरमाथाझैं आत्मविश्वास साँचेर जीवनमा उभिन सक्दैनौं ? पक्कै सक्छौं, सक्नुपर्छ र नसके पनि कोसिस गर्नुपर्छ ।

हाम्रो हिमालको हाँसोमा कोही सगरमाथाको कथा पढ्छन् । कोही कञ्चनजङ्घा, मकालु, मनास्लु र माछापुच्छ्रेको कविता रच्छन् । कोही गौरीशङ्कर, अन्नपूर्ण र धौलागिरिको गरिमा गाउँछन् त कोही ल्होत्से र लामटाङको **लावण्य** देख्छन् । हिमाल एक नाम अनेक, यसै **अनेकता**भित्र नेपालको एकता त्यसरी सुहाएको छ, जसरी कुनै एकै **चित्रकृति**भित्र विभिन्न **पृथक्** रङहरू एकै बनेर सुहाएका हुन्छन् । कति सुन्दर कति **मोहक** दृश्य हामी हाम्रो हिमालमा देख्न पाउँछौं । हिमालैहिमालको देश नेपालको सौन्दर्यको रूपमा हामी सगरमाथालाई लिन सक्छौं !

हाम्रा हिमालहरू साँच्चिकै हाँसेर जब **पर्यटक**हरूलाई मोहित गर्छन्, तब त्यस चोखो हाँसोसँगै नेपालमा लक्ष्मी भित्रिरहेझैं लाग्छ । अन्नपूर्णाको उचाइ झन्झन् चुलिँदै गएझैं लाग्छ । हिमालको शिर छुन तम्सने वीरहरू छातीभरि साहसका सगुन बोकेर उत्तरतर्फ लम्केपछि संसारको कीर्ति र मान्छेको पिर्ती पनि हाम्रो देशको हिउँसँग मिसिएर अमर बन्न चाहन्छ ।

शिरताज : शिरको ताज, शिरको टोपी
ग्लानि : दुःख, पीडा
अटल : स्थिर, कहिल्यै नडग्ने
आत्मविश्वास : आफूमा रहेको विश्वास, आफूप्रति गरिने विश्वास
लावण्य : सुन्दरता, शोभा
अनेकता : एकभन्दा बढी हुने पना, अनेकको भाव
चित्रकृति : चित्रसम्बन्धी कृति, कलाकृति
पृथक् : भिन्न, अलग
मोहक : लोभ्याउने किसिमको, लोभलाग्दो
पर्यटक : घुमफिर गर्ने व्यक्ति, डुल्ने उद्देश्यले एक देशबाट अर्को देशमा जाने व्यक्ति

स्वच्छ, **सौम्य**, शान्त, सुन्दर हिमालको उचाइ प्राप्त गर्न खै मान्छेले कहिल्यै सक्ला र ! किनभने हिमालको उचाइ त अनुपम छ । उचाइ हुनु त हिमालको जस्तो, मान्छेको उचाइ पनि हिमालकै जस्तो हुन सक्नुपर्छ । आजभोलि त दिनदिनै मान्छेको उचाइ खस्कँदै गएझैं पो लाग्छ । मान्छेभित्रको मान्छे आफैंभित्र खुम्चँदै गएको छ र मान्छेको खोजीमा आजको मान्छे दिनरात निसास्सिँदै गएको छ । आजको मान्छे न त हिमालजस्तै हाँस्न सकेको छ, न त हिमालजत्तिकै अग्लिन सकेको छ ।

हिमालको हाँसो नेपालको **नासो** हो । नेपालको नासो सम्पूर्ण नेपालीहरूको एकमात्र चासो हो । नेपालीहरू हाँस्दासम्म हिमाल पनि हाँस्छ र हिमाल हाँस्दासम्म नेपाल पनि हाँस्छ ! यस्तो विश्वास बोकेर हामी नेपालीहरू हिमालको हाँसोसँगै आफूलाई हँसाउन चाहन्छौं र आफ्नो हाँसोको **हिस्सा** हिमाललाई सुम्पिँदै हिमालको मुस्कानमा आफ्नो खुसी छचल्किएको मीठो कल्पना गर्न पुग्छौं । मानौं, हाम्रो एउटै लक्ष्य छ हिमाल हाँसे, हामी हाँस्छौ र हामी हाँसे हिमाल हाँस्छ ।

सौम्य : सरल स्वभावको, हेर्दा एकदमै राम्रो लाग्ने
नासो : कसैलाई फिर्ता बुझाउने गरी जिम्मामा राखिएको वस्तु
हिस्सा : अंश वा भाग

अभ्यास

१. **तलका प्रश्नको उत्तर लेख:**

(क) नेपाललाई किन हिमालैहिमालको देश भनिन्छ ?

(ख) हिमालको सौन्दर्य केकेमा देख्न सकिन्छ ?

(ग) सगरमाथा र नेपालको सम्बन्ध कुन रूपमा रहेको छ ?

(घ) हिमालबाट मानिसले लिन सक्ने प्रेरणा के हो ?

(ङ) हिमालले कसकसलाई हँसाएको पाइन्छ ?

(च) आजको मान्छे हिमालजस्तै हाँस्न र अग्लिन नसक्नुको कारण के हो ?

२. **'हिमाल' भन्ने पाठका कुराहरू मीठो भाषामा छोटकरीमा लेख ।**

३. **भाव स्पष्ट पार:**

(क) हिमाल हाँसे हामी हाँस्छौं र हामी हाँसे हिमाल हाँस्छ ।

(ख) संसारको कीर्ति र मान्छेको पिर्ती पनि हाम्रै देशको हिउँसँग मिसिएर अमर बन्न चाहन्छ ।

(ग) आजको मान्छे न हिमालजस्तै हाँस्न सकेको छ, न त हिमालजत्तिकै अग्लिन सकेको छ ।

४. **फरक अर्थ बताऊः**

सल्ला	कीर्ति	जून	एक	दिन
सल्लाह	कृति	जुन	याक	दीन

५. **वाक्यमा प्रयोग गरः**

अटल, मितेरी, सौन्दर्य, त, आहा, टलक्क ।

६. **विपरीतार्थक शब्द लेख**

शिर, अलिकति, टाढा, अनेकता, विश्वास, हाँस्नु, फुर्सद, शान्त, खुला, आफ्नो ।

७. **यस पाठमा प्रयोग भएका विभिन्न चिह्नहरू राम्ररी बुझेर त्यस किसिमका चिह्नहरू प्रयोग गरी 'सगरमाथा' शीर्षकमा एक अनुच्छेद लेख ।**

८. **शिक्षकको निर्देशनमा पाठका अनुच्छेदहरू पढेर कक्षामा सुनाऊ ।**

९. **सच्याएर कापीमा सार**

हीमाल, शगरमाथा, लाली गुराँस, सम्मानपाएर, सुण्दर, परएटक

व्याकरण

वाक्यपरिवर्तन

केटो खेल्छ - केटी खेल्छे ।	हामी पढ्छौं - तिनीहरू पढ्छन् ।
त्यो आयो - तिमीहरू आए ।	म जान्छु - म जान्नँ ।

यी वाक्यपरिवर्तनका केही उदाहरणहरू हुन् ।

वाक्यहरूलाई निम्नानुसार परिवर्तन गर्न सकिन्छः

- पुलिङ्गलाई स्त्रीलिङ्ग र स्त्रीलिङ्गलाई पुलिङ्गमा
- प्रथम, द्वितीय र तृतीय पुरुषलाई एकअर्कामा
- एकवचनलाई बहुवचन र बहुवचनलाई एकवचनमा
- करणलाई अकरणमा र अकरणलाई करणमा

१. **पदसङ्गति मिलाएर लेख:**

(क) हामी पढ्दैन । (ख) तिमीहरू धेरै बेर खेल्छ ।

(ग) मनीषाले यो कुरा भन्यो । (घ) बहिनीले भाइलाई रुवाउँछ ।

(ङ) आज कविता स्कुल आएन । (च) हामी सुन्छ, तिमी भन्छ ।

(छ) उनीहरू जाँदैन रे ।

२. **लिङ्ग बदली वाक्यपरिवर्तन गर:**

उदाहरण : बहिनी बोल्छे - भाइ बोल्छ ।

(क) भान्जी आइन् । (ख) भाइ हिजो गयो ।

(ग) छोरी पढ्न मन गर्दिन । (घ) त्यो यतैतिर आई ।

(ङ) तँ यो कुरा भन्छेस् ।

३. **पुरुष बदली वाक्यपरिवर्तन गर:**

उदाहरण : त्यसले समाचार सुनायो - मैले समाचार सुनाएँ ।

(क) हामीले किताब किन्यौं । (ख) तिमीहरूले गृहकार्य गऱ्यौ ।

(ग) म चिठी लेख्छु । (घ) ऊ सरासर जान्छ ।

(ङ) तँ कहिले आउँछस् ।

४. **वचन बदली वाक्यपरिवर्तन गर:**

उदाहरण : त्यो समाचार सुन्छ - तिनीहरू समाचार सुन्छन् ।

(क) हामीहरू घुम्न जान्छौं ।

(ख) तँ आज घरै बस्छस् ।

(ग) तिनीहरू बजारतिर निस्कन्छन् ।

(घ) गोठालाहरू गीत गाउँछन् ।

(ङ) नर्तकी छमछम नाच्छे ।

५. **उदाहरणका आधारमा कारणबाट अकरणमा बदल:**

उदाहरण : हामी सगरमाथाको कथा पढ्छौं । (करण)

हामी सगरमाथाको कथा पढ्दैनौं । (अकरण)

(क) पर्यटकहरू हिमाल चढ्न मन पराउँछन् ।

(ख) हामी हिमाल जत्तिकै अग्लिन सकेका छौं ।

(ग) सगरमाथाको उचाइ बढेको छ ।

(घ) सगरमाथाले नेपालीहरूको उचाइ बढाएको छ ।

(ङ) सगरमाथाको सौन्दर्य नेपालको धर्तीमा छरिन्छ ।

६. **उदाहरणका आधारमा अकरणबाट करणमा बदल:**

उदाहरण : हामी हिमाल हेर्न मन पराउँदैनौं । (अकरण)

हामी हिमाल हेर्न मन पराउँछौं । (करण)

(क) मलाई हिमाल चढ्न मन लाग्दैन ।

(ख) विदेशीहरू हिमाल चढ्न चाहँदैनन् ।

(ग) सगरमाथाले नेपालको महत्त्व बढाएको छैन ।

(घ) लालीगुराँस हिमाली लेकमा पाइँदैनन् ।

(ङ) आमको मान्छेले हिमालजस्तै हाँस्न सकेको छ ।

सिर्जनात्मक अभ्यास

१. 'हिमालको सुन्दरता' भन्ने शीर्षकमा भावनामा रमाई एउटा सानो प्रबन्ध लेखी शिक्षकलाई देखाऊ ।

२. आफ्नो क्षेत्रको आसपासमा पर्ने कुनै प्राकृतिक सौन्दर्यले सम्पन्न भएको स्थलको भ्रमण गरी त्यसलाई सुरक्षित राख्ने उपायबारे साथीहरूसँग छलफल गर ।

प्रधानाध्यापकलाई निवेदन

मितिः २०५८/५/५

श्रीमान् प्रधानाध्यापक,
पद्मकन्या माध्यमिक विद्यालय
डिल्लीबजार, काठमाडौँ ।

विषयः शैक्षिक भ्रमण गराउने सम्बन्धमा ।

महोदय,

सहकार्यकलाप कक्षाकोठामा गरिने शिक्षणसिकाइ क्रियाकलापको अभिन्न अङ्ग हो । **शैक्षिक भ्रमण**लाई सहकार्यकलापको एउटा पक्षका रूपमा लिन सकिन्छ । शैक्षिक भ्रमणबाट विद्यार्थीहरू विशेष लाभान्वित हुन्छन् भन्ने कुरा विद्यालय व्यवस्थापनलाई अवगत नै छ । यस **सन्दर्भमा** कक्षा ६ समूह 'क' का सबै छात्राहरूले उपत्यकाका महत्त्वपूर्ण स्थलको शैक्षिक भ्रमण गर्ने विचार लिएका छौँ । यसमा कक्षाशिक्षक सविता पोखेलले साथ दिने वचन पनि दिनुभएको छ । हाम्रो शैक्षिक भ्रमणले लगभग एक हप्ताको समय लिनेछ ।

काठमाडौँ उपत्यकाभित्रका धार्मिक, ऐतिहासिक, शैक्षिक, औद्योगिक र **पुरातात्त्विक** ठाउँका बारेमा जानकारी लिनु हाम्रो शैक्षिक भ्रमणको मुख्य उद्देश्य हुनेछ । पाठ्यपुस्तकबाट सिक्नुपर्ने कतिपय

सहकार्यकलाप : मद्दत गर्ने वा सहयोग पुऱ्याउने किसिमको कार्यकलाप, समान महत्त्वको कार्यकलाप
शैक्षिक भ्रमण : अध्ययन भ्रमण, कुनै विषयमा जानकारीका लिनका लागि गरिने भ्रमण
सन्दर्भ : प्रसङ्ग, सिलसिला
पुरातात्त्विक : प्राचीन महत्त्व झल्काउने किसिमको

कुराहरूका अतिरिक्त सम्बन्धित विषयका सम्बन्धमा प्रशस्तै जानकारी हामी शैक्षिक भ्रमणबाट प्राप्त गर्न सक्छौं । यी कुराहरूलाई मनन गरेर र हाम्रो **मनोभावना**लाई विचार गरेर उपत्यकाको शैक्षिक भ्रमण गराउने व्यवस्थाका लागि कक्षा ६ समूह 'क' का छात्राहरूले **विनम्र** अनुरोध गरेका छौं । श्रीमान्को जो विचार ।

आज्ञाकारी छात्राहरू

मनोभावना : मनको भावना, आशय

विनम्र : नम्रतापूर्वक

अभ्यास

१. **तलको प्रश्नको छोटो उत्तर देऊ :**

(क) माथिको निवदेनमा कसले कसलाई केका लागि अनुरोध गरेको छ ?

(ख) निवदेनमा कक्षा ६ का छात्राहरूले शैक्षिक भ्रमणको कार्यक्रम कसरी तयार गरेका छन् ?

(ग) शैक्षिक भ्रमणको मुख्य उद्देश्य के हो ?

२. **प्रधानाध्यापकलाई निवेदन भन्ने पाठ कक्षामा पढेर सुनाऊ ।**

३. **शैक्षिक भ्रमणमा सामेल हुन पाऊँ भनेर प्रधानाध्यापकलाई निवेदन लेख ।**

४. **तलका भनाइमा भएको भावलाई प्रस्ट पार:**

शैक्षिक भ्रमण पनि सहकार्यकलापको एउटा पक्ष हो ।

५. **सच्याएर लेख:**

प्रधाना ध्यापक, अभिभावक, सैक्षिक भर्मन, विध्यार्थी, लछ्य ।

६. **उच्चारण गर:**

पुरातात्त्विक, सहकार्यकलाप, महत्त्वपूर्ण, हृदय, प्रशासन ।

७. **वाक्यमा प्रयोग गर:**

निवेदन, विद्यालय, छात्रा, विनम्र, मनोभावना, कक्षा

८. **अर्थ लेख:**

प्रकट, विचार, अनुरोध, महोदय, कक्षाकोठा

९. **शिक्षकको सहयोगमा निवेदनको ढाँचाका सम्बन्धमा कक्षाका साथीहरूबीच छलफल गर ।**

व्याकरण

विभक्ति

भाइ**ले** भात खायो ।

पिताजी**द्वारा** पत्र लेखियो ।

सतीश**को** घर दुई तले छ ।

मोहन**को मनमा** शान्ति छैन ।

दिदी**ले** बहिनी**लाई** नुहाइन् ।

विमानस्थल**बाट** जहाज उड्यो ।

मेरी आमा साक्षरसम्म हुनुहुन्छ ।

दिएका वाक्यमा रेखाङ्कित गरिएका ले, लाई, द्वारा, बाट, को, रो, मा विभक्तिका उदाहरण हुन् । वाक्यमा प्रयोग भएका शब्दहरूलाई एकअर्कामा छुट्याउन वा सम्बन्ध देखाउनका लागि शब्दहरूमा लाग्ने चिह्नलाई विभक्ति भनिन्छ ।

१. **तल दिइएका शब्द र विभक्ति मिलाएर वाक्य बनाऊ:**

(क) ले पुरोहित गरे पाठ ।

(ख) कुमार ले लाई कुटयो भाइ ।

(ग) ओम ओछ्यान को कोठामा छ ।

(घ) हिजो पानी देखि परेको पर्‍यै छ ।

(ङ) आँप बाट रूख को पात खस्यो ।

२. **कोष्ठमा दिइएको कुन विभक्ति उपयुक्त हुन्छ, खाली ठाउँमा लेख:**

(क) खोला ..... किनार ..... खेत बगायो । (ले, को)

(ख) तिहार ..... दिदी ..... भाइ ..... टीका लाइन् । (मा, लाई, ले)

(ग) गोठाला ..... जङ्गल ..... सोतर ल्यायो । (ले, बाट)

(घ) होमनाथ ..... पत्र ..... भाइ ..... बोलाए । (ले, द्वारा, लाई)

(ङ) उस ..... साथी ..... नाउँ रमेश हो । (का, को)

३. दिइएका सर्वनाम शब्द र विभक्ति चिह्नलाई मिलाएर वाक्यमा प्रयोग गरः

म (रो), यो (को), आफू (ना), म (ले)

ऊ (लाई), त्यो (लाई), हामी (रा), तँ (ले)

त्यो (ले), तँ (रो), तिमी (री), यिनी (ले)

४. तल दिइएका वाक्यमा सुहाउँदा विभक्ति लगाएर कापीमा सारः

(क)	बालचन्द्र	रूख	रोप्यो ।
(ख)	राम	रावण	मारे ।
(ग)	रूख	हाँगा	चरो छ ।
(घ)	भोलि	विद्यालय	खुल्छ ।
(ङ)	अनुप	जहाज	आयो ।

५. पाठमा प्रयोग भएका विभक्ति चिह्नहरूलाई सिसाकलमले रेखाङ्कित गर ।

६. तलका वाक्यमा प्रयोग भएका विभक्ति चिह्नहरूलाई विचार गरः

(क) गोठालाले गाईलाई घाँस हाल्यो । गोठालाले गाईलाई खोले दियो ।

(ख) किताब टेबुलमा राख । टेबुल कोठामा छ । पढेका कुरामा ध्यान देऊ । मनमा पीर नलेऊ ।

(ग) भाइले पाठ पढ्यो । मेरो कलमले लेखेन ।

(घ) आँखाबाट आँसु बग्यो । गोठबाट गोठालो आयो । मबाट तिमीलाई कुनै नराम्रो हुँदैन । हामी बसबाट वीरगञ्ज जाँदै छौं ।

(ङ) तिमीदेखि गुरु रिसाउनुभएको छ । भोलिदेखि मनसुन सुरु होला । दिपायलदेखि महेन्द्रनगर निकै टाढा छ ।

सिर्जनात्मक अभ्यास

१. घरायसी चिठी र विद्यालयसम्बन्धी निवेदनमा पाइने भिन्नता सम्बन्धमा कक्षाका साथीहरूबीच छलफल गर ।

२. बिमारी परेको कारणबाट छुट्न गएको परीक्षा लिने व्यवस्था मिलाउन प्रधानाध्यापकलाई निवदेन लेख ।

गुरुशिष्यको सम्बन्ध

महाभारतको कथामा युधिष्ठिर र भीष्मको नाम खुबै चर्चित छ । तिनै युधिष्ठिर एकदिन भीष्मसँग प्रश्न गर्छन्,"तपाईं कस्ता व्यक्तिलाई मन पराउनुहुन्छ ?" उत्तरमा भीष्म भन्छन् ,"जसले विद्या अध्ययन गरेको छ, जो **शिष्ट** छ, जसको बोली मीठो छ र चरित्र पनि सफा छ, अनि जो **अक्षरतत्त्व**को महत्त्व जान्दछ त्यस्तो व्यक्ति नै मलाई अत्यन्त मन पर्छ । यस प्रसङ्गले विद्याको महत्त्व झल्किन्छ ।

विद्याको महत्त्व **प्राचीन** समयदेखि नै उत्तिकै रहेको छ । पढ्नेपढाउने **पद्धति**मा परिवर्तन आए तापनि गुरु र शिष्यको सुमधुर सम्बन्धमा सधैं जोड दिएको पाइन्छ । गुरु र शिष्यमध्ये एउटलाई पन्छाएर विद्याको महत्त्व सुरक्षित राख्न सकिदैन । आधुनिक युगमा पनि यो कुरा त्यत्तिकै सत्य मानिन्छ ।

शिष्ट : सभ्य, असल बानी बेहोराको

अक्षरतत्त्व : अक्षरको भित्री रहस्य

प्राचीन : पुरानो, पहिलेको

पद्धति : चलन, तरिका

अज्ञानरूपी अन्धकारलाई हटाएर ज्ञानको ज्योति छर्ने व्यक्ति नै 'गुरु' हुन् । अतः गुरु हुने व्यक्तिमा विशेष दक्षताको खाँचो पर्छ । ज्ञानवान् हुनुका साथै असल गुरुमा अध्यापन सीप र कला पनि उत्तिकै आवश्यक मानिन्छ । गुरु स्वयम् असल आचारणको पनि हुनुपर्छ । त्यस्तै असल शिष्यमा पनि केही विशेष गुणहरू हुनछन् । त्यस्ता शिष्यका सम्बन्धमा कौटिल्यले भनेका छन्, "सेवाको भावना, अरूका कुरा सुन्ने सावधानी र ज्ञानग्रहण गर्न सक्ने क्षमता भएका शिष्यलाई असल रूपमा लिइन्छ । कुनै पनि कुरा जान्नमा रुचि देखाउनु, समसामयिक विषयमा विचार र छलफल गर्नु राम्रा शिष्यमा हुने महत्त्वपूर्ण गुण हुन् । यस किसिमका विशेष गुण भएका शिष्यलाई प्रदान गरिएको विद्या सफल हुन्छ । यसबाट पुस्तक खरर्र पढ्नु, कुनै भाषा फरर्र बोल्नु र प्रमाणपत्रहरू बटुल्नु मात्र विद्या पाएको **लक्षण** होइन भन्ने कुरा बुझ्न सकिन्छ ।"



वास्तवमा व्यक्तिको **विचारधारा** माझिएर ठीकबेठीक छुट्याउन सक्ने क्षमता नबनेसम्म विद्या प्राप्त गरेको कुनै महत्त्व हुँदैन । यसका लागि विद्या, **विनय** र शिष्टता सिकाउन सक्ने, अन्धकारबाट प्रकाशतर्फ डोऱ्याउन सक्ने र जीवनको मूल्य बुझाउन सक्ने गुरुले नै शिष्यलाई साँचो विद्या प्रदान गर्न सक्दछन् र ती कुरा ग्रहण गर्न सक्ने स्वभाव शिष्यमा पनि आवश्यक हुन्छ ।

लक्षण : पहिचान, चिह्न

विचारधारा : व्यक्तिको सोचाइ वा विचार

विनय : नम्रता, नरमपना

गुरुशिष्यको सम्बन्धका बारे **महर्षि** याज्ञवल्क्यको विचार पनि निकै घतलाग्दो छ । उनका विचारमा गुरुले शिष्यलाई त्यस्तो विद्या दिनुपर्छ जसबाट भविष्यमा गएर शिष्यहरू **गुणी**, समाजप्रति उत्तरदायी, **दयावान्**, पढेअनुसारको आचरण गर्ने, रोगव्याधिबाट जोगिन सक्ने, अरूको गुण ग्रहण गर्ने, चरित्रवान्, **स्पष्टवक्ता**, सबैसँग समान मित्रता राख्न सक्ने र परेका वेला क्षमताअनुसारको आर्थिक सहायता गर्न पनि पछि नहट्ने स्वभावका हुनुपर्छ । यस विचारले गुरुशिष्यको आदर्श सम्बन्धलाई झन पुष्टि गर्छ ।

विद्याको साधना गर्दा गुरु र शिष्य दुवै सम्बन्ध एकसाथ गाँसिन आउँछ । प्राचीन समयमा शिष्यले अनुशासनपूर्वक गुरुका **समीप**मा बसेर विद्या प्राप्त गर्नुपर्थ्यो । अब त्यस्तो परिस्थिति छैन तर मानिसलाई गुरुको खाँचो भने जीवनभर नै परिरहन्छ । संसारका ठूलाठूला राजनीतिज्ञ, **कूटनीतिज्ञ**, वैज्ञानिक र विद्वान्लाई पनि गुरुको आवश्यकता परेका उदाहरण प्रशस्तै पाइन्छन् । तसर्थ जीवनको पाठशालामा गुरु बन्नुभन्दा शिष्य बन्नु नै रमाइलो हुन्छ ।

रामजस्ता ज्ञानी व्यक्ति पनि वशिष्ठको **निर्देशनविना** डेग चलेनन् । पाण्डवहरूले वनवास जाँदासमेत गुरुको अभाव महसुस हुन नदिन धौम्यऋषिलाई गुरु थापे । अर्जुनले कृष्णलाई गुरु बनाएर महाभारतको लडाइँमा विजय प्राप्त गरे । सबभन्दा मजाको कुरा त वेदलाई छुट्याउन सक्ने, महाभारत र अठारपुराणको रचना गर्ने **महाज्ञानी** व्यासले समेत कृष्णलाई गुरु बनाई आफू उनका शिष्य बन्न रुचाए ।

यी कुरा विचार गर्दा गुरु सधैँ प्रेरणाका **स्रोत** हुन् भन्ने थाहा हुन्छ । हामी सबैले असल गुरुका असल शिष्य बन्ने प्रयत्न गर्नुपर्छ र गुरुशिष्यको राम्रो सम्बन्ध कायम गरेर विद्या आर्जन गर्न सक्नुपर्छ ।

महर्षि : ठूला ऋषि
गुणी : गुण भएको
दयावान् : दयामाया भएको, दयालु स्वभावको
स्पष्टवक्ता : सही कुरा बोल्न नहिचकिचाउने, यथार्थवक्ता
समीप : नजिक
कूटनीतिज्ञ : कूटनीति जान्ने, वैदेशिक मामिला मिलाउन सक्ने व्यक्ति
निर्देशन : अराइसिकाइ गर्ने काम
महाज्ञानी : ठूला ज्ञानी
स्रोत : मुहान

अभ्यास

१. **तलका प्रश्नको उत्तर लेख:**

(क) कौटिल्यले असल शिष्यका कस्ता गुणहरू बताएका छन् ?

(ख) भीष्मलाई कस्ता व्यक्ति अत्यन्त मन पर्थे ?

(ग) पाठमा ककसले ककसलाई गुरु बनाएको चर्चा गरिएको छ ?

(घ) गुरु शिष्यको सम्बन्ध किन राम्रो हुनुपर्दछ ?

(ङ) 'गुरु' सधैँ प्रेरणाका स्रोत बन्ने कारणहरू केके हुन् ?

२. **व्याख्या गर:**

(क) जीवनको पाठशालामा गुरु बन्नुभन्दा शिष्य बन्नु नै रमाइलो हुन्छ ।

(ख) गुरु र शिष्यमध्ये एकलाई पन्छाएर विद्याको महत्त्व सुरक्षित राख्न सकिँदैन ।

३. **गुरु शिष्यका बारेमा पाठमा केके कुरा भनिएका छन्, आफ्नै शब्दमा बयान गर ।**

४. **पाठका आधारमा तलका कुन भनाइ सत्य र कुन भनाइ असत्य हुन्, छुट्याऊ:**

(क) मानिसलाई जीवनभर गुरुको खाँचो परिरहन्छ ।

(ख) विद्या, विनय र शिष्टताविना असल शिष्य हुनु असम्भव छ ।

(ग) गुरु बन्न ज्यादै सजिलो छ र जोकोही सजिलै गुरु बन्न सक्छ ।

(घ) आजभोलि पनि शिष्यले गुरुका समीपमा बसेर नै शिक्षा प्राप्त गर्ने चलन छ ।

५. **सच्याएर कापीमा लेख:**

गूरूसिस्यकोसम्बन्ध, भिष्म, विद्याकोमहतो, मुल्य, आचारन, बैग्यानिक, महाग्यानि, प्रेरना, याज्ञ, बल्क्ए ।

६. **पाठका अनुच्छेद सबै विद्यार्थीहरूले पालैपालोसँग पढेर कक्षामा सुनाऊ ।**

७. **विपरीतार्थी शब्द लेख:**

उदाहरण : गलत = सही ज्ञान = अज्ञान

समीप = विजय = सफल = समान = प्रश्न =

मित्रता = एक = साँचो= असल = सानो =

८. **तलका शब्दको अर्थ लेख:**

गुरु, शिष्य, विद्या, सत्य, असल, कठिन ।

९. **प्रस्टसँग उच्चारण गर:**

याज्ञवल्क्य, धौम्य, स्पष्टवक्ता, महर्षि, पद्धति ।

१०. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर:**

विद्या, सम्बन्ध, चर्चित, सुरक्षित, फर्रर ।

व्याकरण

अपूर्ण पक्ष

लेख्दै थियो, टिप्दै छु, देख्दै छन्, खाँदै छे ।

यस किसिमका क्रियापदले कामको अपूर्ण अवस्था वा काम पूरा नभएको अवस्थालाई जनाउँछन् । पक्षले क्रियाका कामको अवस्था बुझाउँछ । त्यसमा अपूर्ण पक्षले काम पूरा नभएको वा काम हुँदै गरेको अवस्थालाई जनाउँछ । अपूर्ण पक्ष बुझाउन धातुमा दै, दै जोडेर त्यसपछि छ,छन्,छस्, थियो, थिए, थिइस्, जस्ता सहायक क्रियाको प्रयोग गरिन्छ ।

१. **दिएका धातुबाट क्रियापदको अपूर्ण पक्षलाई जनाउने रूप बनाऊ ।**

उदाहरण: गर् + दै + थियौ = गर्दै थियौ ।

टेक् + दै + छ = टेक्दै छ ।

पढ् नाच् बग् बोल् लेख् खेल्

२. **तलका क्रियाका अपूर्ण रूपलाई वाक्यमा प्रयोग गर:**

उदाहरण: सुन्दै छ = श्याम कथा सुन्दै छ ।

घोक्तै छन् = लुक्दै छ =

खेल्दै छे = खन्दै थियो =

लेख्दै थिए = बग्दै थियो =

बल्दै छ =

३. **तलका वाक्यका क्रियापदलाई अपूर्ण पक्षमा बदलः**

गोठालो गाईलाई कुट्छ ।

सिकर्मीले काठ चिऱ्यो ।

तिमी बोल्छौ ।

पसलेले सामान जोख्नेछ ।

४. **उदाहरणसहित अपूर्ण पक्षको परिचय देऊ ।**

५. **क्रियापदहरूका अपूर्ण पक्षको प्रयोग गरी रोपाइँ शीर्षकमा एक अनुच्छेद लेखः**

पर्नु, गर्नु, दिनु, रोप्नु, काड्नु, लाउनु, बोल्नु, गाउनु ।

६. **क्रियापदका अपूर्ण रूपहरू मात्र कापीमा सारः**

पढ्छ	- पढ्दै छ	- पढेको छ
खाँदै थिई	- खाए	- खाएका छन्
खेल्ने छे	- रमाएका थिए	- खेल्दै हुनेछ

७. **गुरु र शिष्यको सम्बन्धबारे कक्षामा छलफल गरः**

सिर्जनात्मक अभ्यास

१. असल शिष्यमा हुनुपर्ने खासखास गुणहरूको टिपोट गरी कक्षामा सुनाऊ ।

२. तल दिइएका बुँदाका आधारमा छात्रजीवनमा अनुशासनको महत्त्व शीर्षकमा एक प्रबन्ध लेखी शिक्षकलाई देखाऊ ।

बुँदाहरू : छात्रजीवनको अर्थ

- छात्रजीवनमा हुनु पर्ने महत्त्वपूर्ण गुणहरू
- छात्रजीवन र अनुशासनबीच गाढा सम्बन्ध
- सबैका लागि अनुशासन
- अनुशासनमा नरहनाले हुने हानि
- छात्रजीवनमा अनुशासनको अत्यावश्यकता

पाठ २०

कविता

नेपाल आमाप्रति

□ कृष्णप्रसाद पराजुली

आमा ! हामी **सकल** जनकी **भाग्यरेखा** बनेकी
नाच्नेखेल्ने मिलजुल गरी देश पाई रमेकी
हामी तिम्रा प्रिय शिशुहरू मस्त छौं बोल्न पाई
आफ्ना भित्री **हृदयपट**का भाव सारा फिँजाई



तिम्रो छायामनि दिनदिनै बस्तछौं **जम्जमाई**
लेख्छौं, पढ्छौं अनि **गहिरिँदै** सार झिक्छौं समाई
जान्छौं, बाँड्छौं **भुवनभरमा सार** त्यो फेरि हामी
नेपालीको '**पन**' जति झिकी बन्दछौं खूब नामी

सकल : सबै, सारा
भाग्यरेखा : भाग्यको रेखा, भाग्यविदाता
हृदयपट : हृदयको पट, विचार उत्पन्न हुने भित्री भाग
जम्जमाई : जमजमाएर, मुर्मुराएर
गहिरिनु : सूक्ष्मातिसूक्ष्म कुरामा विचार गर्नु
भुवनभरमा : पृथ्वीभरमा, संसारमा
सार : मुख्यमुख्य कुरा, निष्कर्ष, निचोड
पन : स्वभाव, गुण

हाम्रो कर्म मनुजहरूको गर्नु हो नित्य सेवा

हाम्रो **धर्म** परहितकनै मान्नु हो दिव्य **मेवा**

हामी होचा **कद** यदि हुने छौं त के हुन्छ यल्ले ?

हामी ऊँचा **गिरिशिखर**मा देख्तछौं विश्व जल्ले ।

आमा ! हामी **शपथ** अहिले गर्दछौं सामु आई

पाछौं **पक्का** झलमल यही भूमिलाई बनाई

हाम्रा **आदर्श**जन भृकुटी, पार्वती, बुद्ध, सीता

सेवा हाम्रो **हृदयतल**को सत्यमा **निष्ठ गीता** ।

धर्म : पुण्य

परहित : अरूको भलाइ

मेवा : पातलो बोका र भित्र खोको भएको पाकेपछि गुलियो स्वाद हुने फल

गिरिशिखर : पहाडको चुचुरो

कद : शरीरको बनावट

शपथ : सङ्कल्प, प्रतिज्ञा

पक्का : अवश्य, निश्चय

आदर्श : नमुना, मान्नलायक वा अपनाउन लायक

हृदयतल : भित्री हृदय

निष्ठ : पालक, पालना गर्ने

गीता : वेदव्यासले रचना गरेको हिन्दूहरूको पवित्र धार्मिक ग्रन्थ

अभ्यास

१. **तलका प्रश्नको उत्तर देऊः**

(क) नेपाल आमा रमाउनुको कारण के हो ?

(ख) हामी नेपाली किन मख्ख छौँ ?

(ग) हामी कसरी भुवनमरमा नामी हुन सक्छौँ ?

(घ) हाम्रा धर्मकर्महरू केके हुन् ?

(ङ) हामी गिरिशिखरमा के देख्छौँ ?

(च) हामीले गरेको सङ्कल्प के हो ?

२. **'नेपाल आमाप्रति' कविता लयमा पढेर कक्षामा सुनाऊ ।**

३. **नेपाल आमाप्रति कवितामा व्यक्त गरिएका कुरा बोलचालको शैलीमा लेख ।**

४. **प्रस्ट गरः**

(क) जान्छौँ, बाँड्छौँ, भुवनभरमा सार त्यो फेरि हामी
नेपालीको 'पन' जति झिकी बन्दछौँ खूब नामी ।

(ख) हामी होचा कद यदि हुने छौँ त के हुन्छ यल्ले ?
हामी ऊँचा गिरिशिखरमा देख्तछौँ विश्व जल्ले ।

५. **कविताका आधारमा ठीक भनाइ मात्र कापीमा सारः**

(क) नाच्ने, खेल्ने र मिलजुल गरेर बस्ने आफ्नो बानीमा नेपाल आमा रमाएकी छिन् ।

(ख) भाषा र भावनाका धनी भएकै कारण हामी आनन्दित छौँ ।

(ग) नेपालीमा आफ्नो निजीपन भन्ने खासै केही छैन ।

(घ) सानो भएकोमा कुनै दुःख छैन किनभने आफ्नै पहाडका शिखरमा हामीले विश्व देख्न पाएका छौँ ।

(ङ) नेपाल आमाप्रति हामीले खासै कुनै सङ्कल्प गरेका छैनौँ ।

(च) हाम्रा आदर्श भनेका भृकुटी, पार्वती, बुद्ध, सीता हुन् र हामीले गर्ने सेवाको आधार भनेको गीता हो ।

६. **स्पष्टसँग उच्चारण गरः**

हृदयपट, भुवनभर, गिरिशिखर, परहित, झलमल

७. **सच्याएर कापीमा सारः**

छायामनी, भाङ्गरेखा, सिसु, हृदय तल, आमा प्रति, भुमी

८. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरः**

सकल, भाव, सार, खुब, मेवा, भूमि

९. **अर्थ लेखः**

नित्य, दिव्य, कर्म, प्रिय

१०. **कवितामा लय सिर्जना गर्न प्रयोग भएका शब्दहरूका बारेमा विचार गरः**

बनेकी	हामी	सेवा	यल्ले	सीता
रमेकी	नामी	मेवा	जल्ले	गीता

११. **अनुकरणात्मक शब्द**

झमक्क - **झमक्कै** साँझ पर्दा पनि आजको मेलो सकिएन ।

टुप्लुक्क - बाहिर निस्कन लागेकै बेलामा सम्धी **टुप्लुक्क** आए ।

झलमल्ल- आज बिहानैदेखि घाम **झलमल्ल** लागे ।

झलक्क - मैले भाइलाई सहरमा **झलक्क** देखेँ मात्र कुराकानी भने भएन ।

चट्ट - मुखले भनेजस्तो भन्नेबित्तिकै काम **चट्ट** गरिहाल्नु त्यति सजिलो छैन ।

प्याट्ट - पाठ नबुझाएकोमा गुरुले **प्याट्ट** पिट्नुभयो ।

फ्यात्त - गौँथलीको गुँडबाट गौँथलीका बचेराहरू **फ्यात्त** खसे ।

छिन्द्रिङछिन्द्रिङ - चुराको **छिन्द्रिङछिन्द्रिङ** आवाजले सानीमैयाको श्रीमान्लाई बिउँझायो ।

व्याकरण

अनुकरणात्मक शब्द

अनुकरणात्मक शब्दलाई नेपाली भाषाको मौलिक विशेषताका रूपमा लिइन्छ । यस किसिमका शब्दले काम गर्ने वा काम हुने सन्दर्भमा क्रियाको अवस्थालाई जनाउँछन् । अनुकरणात्मक शब्द विशेष गरेर क्रियायोगीका रूपमा प्रयोग हुन्छन् ।

१. **तलका अनुकरणात्मक शब्दलाई वाक्यमा प्रयोग गरः**

फुत्त, चिटिक्क, जुरुक्क, थचक्क, सलल, च्वाट्ट, सलक्क, टहटह, ढकमक्क, ठ्वाङ्ङ, बुरुक्क, खरर्र, फरर्र, फटाफट, दरर्र, निस्पट्ट, ।

२. **दसओटा अनुकरणात्मक शब्द लेखेर शिक्षकलाई देखाऊ ।**

३. **अनुकरणात्मक शब्दलाई उदाहरण दिएर चिनाऊ ।**

४. **तलका खाली ठाउँमा सुहाउँदा अनुकरणात्मक शब्दहरू लेख :**

(क) हात्ती .....लम्कन्छ ।

(ख) पानी .....पर्छ ।

(ग) घाम ..... लाग्छ ।

(घ) जुन ..... लागे ।

सिजर्नात्मक अभ्यास

१. **विद्यार्थी शीर्षकमा एउटा कविता लेखेर शिक्षकलाई देखाऊ ।**

पाठ २१

जीवनी

समाजसेवी तुलसीमेहर

"सादा जीवन उच्च विचार" को आदर्श तुलसीमेहर श्रेष्ठले आफ्नो जीवनको पलपलमा पालना गरेका थिए । भौतिक भोगविलास जीवनको लक्ष्य होइन । समाजको उन्नति र विकास गर्नु सामाजिक कर्तव्य हो । सबैको हित र धेरैको सुखका निम्ति केही गर्नैपर्छ भन्ने नेपालका महान् समाजसेवीमध्ये तुलसीमेहर श्रेष्ठ अग्रणी थिए । तुलसीमेहर श्रेष्ठ सानो देश नेपालका ठूला समाजसेवी हुन् । उनको जन्म वि.सं. १९५५ साल पौषमा ललितपुरमा भएको थियो । गरिब परिवारमा जन्मिएर पनि तुलसीमेहर विचारका सम्पन्न थिए ।

विश्वका अन्य मुलुकहरू निकै विकसित भएको अवस्थामा पनि राणाहरूको जहाँनिया शासनले गर्दा नेपाल भने पछि ने परेको थियो । राणाकालमा देशमा राष्ट्रिय एकताको कमी, जातिवाद, छुवाछुत र **वर्गविभाजन**का कुराहरू प्रशस्त थिए । समाजको यस्तो अवस्था देखेर तुलसीमेहरमा समाजको सेवा गर्ने भावना जाग्यो । उनी सङ्गठित र विकसित समाज सिर्जना गर्ने कार्यमा संलग्न भए ।

समाजमा एकता कायम गरेर नै राष्ट्रिय एकता **मजबुत** बनाउन सकिन्छ भन्ने उद्देश्यले उनी जनचेतना जगाउने कार्यमा जुट्न थाले । राणाहरूका निम्ति त्यो कुरा सह्य भएन र तुलसीमेहर उनीहरूका आँखाको कसिङ्गर बन्न पुगे । वि.सं. १९७५ सालमा राणाप्रधानमन्त्री श्री ३ चन्द्रशमशेरको आदेशले उनलाई ६ वर्षका लागि देशनिकाला गरियो । देशनिकालाको सजाय पाउँदा उनी ज्यादै दुःखी भए तर आफ्नो लक्ष्यबाट भने कत्ति पनि विचलित भएनन् ।

वर्गविभाजन : जातपात र वर्गका आधारमा गरिने भेद

मजबुत : सुदृढ, बलियो

छ वर्षको **निर्वासन**को समय तुलसीमेहरका लागि तपस्यामय जीवन सावित भयो । यस क्रममा उनी भारतमा महात्मा गान्धीका सम्पर्कमा पुगे । त्यसवेला भारतमा अङ्ग्रेजको **उपनिवेश** कायम थियो । महात्मा गान्धी भारतलाई स्वतन्त्र बनाउने महान् कार्यमा लागेका थिए । शान्ति, **अहिंसा**, सेवा, स्वावलम्बन र अनुशासनजस्ता गुणका धनी गान्धीबाट तुलसीमेहर निकै प्रभावित भए । महात्मा गान्धीसँगको सम्पर्कले तुलसीमेहरमा समाजसेवाको भावना झन् बढेर गयो । भारतको **स्वतन्त्रता सङ्ग्राम**मा गान्धीलाई उनले केही सहयोग पनि पुऱ्याए । चर्खा आन्दोलनको महत्त्व बुझ्ने र चर्खा चलाएर धागो कात्ने तथा कपडा बुन्ने मौका पनि उनले त्यतिखेर नै पाए ।

तुलसीमेहर वि.सं. १९८१ सालमा स्वदेश फर्के र गान्धीवादको प्रचारमा लागे । हुकुमी शासनमा त्यो काम त्यति सजिलो थिएन । त्यसैले नामका भोका श्री ३ चन्द्रशमशेरको **मनोभावना**लाई ध्यानमा राखी तुलसीमेहरले "श्री ३ चन्द्रकामधेनु चर्खा प्रचारक महागुठी" नामबाट एक सामाजिक संस्थाको स्थापना गरे । त्यसमा उनले केही सफलता पनि पाए । यस क्रममा उनले विदेशी कपडाको **बहिष्कार** र घरेलु उद्योगलाई महत्त्व दिई खाँडी कपडालाई प्रोत्साहन गरे तर राणाहरूलाई यो कुरा पनि पचेन । श्री ३ भीमशमशेरले **आर्यसमाजी**को आरोप लगाएर उनलाई **कारावास**को सजाय दिए । नेपालमा चर्खा प्रचारमाथि पूर्ण **प्रतिबन्ध** लाग्यो ।

२००७ सालमा देशमा प्रजातन्त्र आयो । त्यसपछि तुलसीमेहर फेरि समाजसेवामा संलग्न भए । वि.सं. २००८ सालमा उनले "गान्धी स्मारक निधि" नामको अर्को सामाजिक संस्थाको स्थापना गरे । त्यस संस्थाको उद्देश्य देशबाट रोग, भोक अशिक्षा हटाउनु र समाजको **सर्वाङ्गीण** विकास

निर्वासन : देशनिष्कासन

उपनिवेश : अर्काको अधीन, शक्ति सम्पन्न राष्ट्रले कमजोर राष्ट्रलाई हडपेर त्यसमाथि कायम गरेको शासन

अहिंसा : हिंसा नगर्ने काम, काटमार नहुनु

स्वतन्त्रता सङ्ग्राम : स्वतन्त्र बनाउने उद्देश्यले गरिने आन्दोलन वा सङ्घर्ष

मनोभावना : मनको भावना, मनको कुरा

बहिष्कार : प्रयोग नगर्नु, नलिनु, त्याग गर्नु

आर्यसमाजी : आर्यसमाजका अनुयायी, आर्यसमाज

कारावास : जेल, ज्यालखाना

प्रतिबन्ध : रोक, निषेध

सर्वाङ्गीण : चौतर्फी, सबैतिरको

गर्नु थियो । यिनै कुरामा तुलसीमेहर **जीवनपर्यन्त** लागिरहे । काठमाडौँ उपत्यका बाहिर पनि उनले यस किसिमका संस्थाहरूको सञ्चालन गरे । उनको ख्याति बढ्दै गयो । भारतबाहेक अन्य मुलुकमा समेत नेपालका समाजसेवी भनेर उनी चिनिन थाले ।

तुलसीमेहर श्रेष्ठ स्वावलम्बी व्यक्ति थिए । उनी सधैँ **घरबुना** खाँडीका कपडा लगाउँथे । उनको विचार र व्यवहारको कदर गर्दै जीवित अवस्थामै भारत सरकारले तुलसीमेहरलाई अन्तर्राष्ट्रिय नेहरू पुरस्कारले सम्मानित गऱ्यो । अहिले उनका सम्झनामा तुलसीमेहर आश्रम, तुसीमेहर युनेस्को क्लब, तुलसीमेहर सदन महागुठी र तुलसीमेहर समाजसेवा पुरस्कार आदिको स्थापना विभिन्न क्षेत्रबाट भएको पाइन्छ । तुलसीमेहरका आदर्शलाई हामीले पनि जीवनमा उतार्ने कोसिस गर्नुपर्छ । उनको मृत्यु २०३५ साल असोज ११ गते वीर अस्पतालमा भयो ।

जीवनपर्यन्त : बाँचुन्जेल, जीवन रहेसम्म

घरबुना : घरमा बुनिएको

अभ्यास

१. **तलका प्रश्नको छोटो उत्तर देऊः**

(क) तुलसीमेहरले समाजसेवा गर्ने प्रेरणा कसरी प्राप्त गरे ?

(ख) राणाहरूका नजरमा तुलसीमेहर किन आँखाको कसिङ्गर बने ?

(ग) महात्मा गान्धीसँग तुलसीमेहरको सम्पर्क कसरी हुन पुग्यो ?

(घ) महात्मा गान्धीका कस्ता गुणहरूबाट तुलसीमेहर प्रभावित भए ?

(ङ) तुलसीमेहरले गरेका समाजसेवासम्बन्धी कामहरूको सूची बनाऊ ।

(च) तुलसीमेहरको जीवनी पढेर के कुरा सिक्न सकिन्छ ?

(छ) तुलसीमेहरको सम्झनामा नेपालमा अहिले कुनकुन संस्थाहरू स्थापना भएका छन् ?

२. **भाव स्पष्ट गरः**

(क) सादा जीवन उच्च विचार

(ख) तुलसीमेहर सानो देश नेपालका ठूला समाजसेवी हुन् ।

३. **सच्याएर लेखः**

देस, समाज सेवी, ता पनि, येकता, सन्चालन, चलायर, सजाए, पूर्नप्रतिबन्ध, महागुथी, विरअस्पताल ।

४. **प्रस्टसँग उच्चारण गरः**

श्री ३ चन्द्र, परिणामस्वरूप, लक्ष्य, आदर्श, उद्योग, प्रोत्साहन, उपत्यका, स्वतन्त्रता, सङ्घर्ष ।

५. **तलका शब्दको अर्थ लेखः**

लक्ष्य, उन्नति, कार्य, ज्यादै, मौका, कोसिस, महान् ।

६. **खाली ठाउँ भर :**

(क) तुलसीमेहरको जन्म वि.सं. ..... मा भएको थियो ।

(ख) तुलसीमेहरले ..... नामबाट पहिलो सामाजिक संस्थाको स्थापना गरे ।

(ग) भारत सरकारले तुलसीमेहरलाई ..... ले सम्मानित गऱ्यो ।

(घ) तुलसीमेहर सधैँ ..... का कपडा लगाउँथे ।

(ङ) भारतबाहेक अन्य मुलुकमा समेत ..... भनेर उनी चिनिन थाले ।

७. **सुनेर लेखः**

जहाँनिया शासन, सर्वाङ्गीण विकास, प्रजातन्त्र, तुलसीमेहर समाजसेवा पुरस्कार, राष्ट्रिय एकता, छुवाछुत ।

८. **पाठका आधारमा ठीकबेठीक छुट्याऊः**

(क) भौतिक भोगविलास जीवनको लक्ष्य होइन ।

(ख) चन्द्रशमशेरले तुलसीमेहरलाई करावासको सजाय दिएका थिए ।

(ग) तुलसीमेहर भारतका जवाहरलाल नेहरूको जीवनदर्शनबाट बढी प्रभावित थिए ।

(घ) तुलसीमेहरले महात्मा गान्धीलाई भारतको स्वतन्त्रता सङ्ग्राममा सहयोग पुऱ्याएका थिए ।

(ङ) तुलसीमेहरले विदेशी कपडालाई बहिष्कार र घरबुना खाँडी कपडालाई प्रोत्साहन गरेका थिए ।

९. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर:**

उन्नति, सजाय, अहिंसा, आरोप, आदर्श, कोसिस, कदर ।

व्याकरण

पूर्ण पक्ष

गरेका थिए, परेको थियो, भएका थिएनन्, बढेकी छे, पाएका छौं, दिएकी छन् । यस किसिमका क्रियापदहरू वाक्यमा कार्य पूरा भएको अवस्थालाई जनाउन प्रयोग हुन्छन् ।

पूर्ण पक्षले काम पूरा भएको अवस्थालाई जनाउँछ । कामको पूर्णतालाई जनाउन वा बुझाउन धातुमा एको, एका, एकी जोडेर त्यसपछि थियो, थिई, थिए, छ, छन् जस्ता सहायक क्रियापद प्रयोग गरिन्छन् ।

१. **दिएका धातुबाट क्रियापदका पूर्ण पक्षका रूप बनाऊ :**

उदाहरण : *भन् - भनेको थिएँ / भनेको छु*

हाँस् - हाँसेका थियौ / हाँसेका छौ

सुन्- सुनेकी थिइन् / सुनेकी छन्

राख् जोत् काट् झार् टिप् चढ्

हिँड् खेद् खन् कुट् लेख् बोक्

२. **तलका क्रियापदहरूलाई कामको पूर्ण अवस्था जनाउने क्रियापदमा बदल:**

नुहाउँछु, धुन्छु, पखाल्छु, बटुलें, भन्यौ, जाँदै हुनेछ,

बोलाउने छु, उन्दै थिइन्, फ्याँके, फल्यो ।

३. **कामको पूर्ण अवस्था जनाउने तलका क्रियापदलाई वाक्यमा प्रयोग गर:**

भाँचिएको छ	बनाएको थियो	पोखेका थियौ
किनेका थियौँ	फलेको हुनेछ	जितेका हुनेछौ
साटेका छौँ	सिकाएकी थिइन्	टाँसेका हुनेछौ
लगाएका हुनेछौँ	फलाएकी छ	गाँसेकी हुनेछ

४. **पूर्ण रूपमा काम सम्पन्न भएको अवस्थालाई जनाउने क्रियापदहरूको प्रयोग गरेर आफ्ना कक्षाका बारेमा एक अनुच्छेद लेख ।**

५. **उदाहरणसहित पूर्ण पक्षको परिचय देऊ ।**

६. **काम सम्पन्न भएको अवस्थालाई जनाउने क्रियापदहरू प्रयोग भएका वाक्यहरू शिक्षकको सहयोगमा सङ्कलन गरेर कापीमा सार ।**

सिर्जनात्मक अभ्यास

१. **तिम्रा गाउँठाउँका एक समाजसेवीको परिचय दिँदै उनले गरेका समाजसेवासम्बन्धी कामको टिपोट गरी कक्षामा सुनाऊ ।**

२. **गाउँघरको उन्नतिका निम्ति केके कामहरू गर्न सकिन्छ, शिक्षकसँग छलफल गर ।**

३. **पछि गएर तिमी के बन्न रुचाउँछौ, त्यसबारेमा छोटो प्रबन्ध लेख ।**

पाठ २२

कथा

सारौँ र कमिलो

धेरै पहिलेको कुरा हो । सिमलको रूखमा सारौँको गुँड थियो । त्यस रूखमा सारौँका भालेपोथी बस्थे । उनीहरूका भर्खरका स-साना बच्चा थिए । उनीहरूका पखेटा लागिसकेका थिएनन् । उनीहरू चिरबिर गरेर कराउन सक्नेसम्म भएका थिए । सारौँले बच्चाको लालनपालनमा कमी आउन दिएको थिएन ।

एकदिन सबैरै बच्चाहरू भोकले छट्पटाउन थाले । कतै अन्नका गेडा भुइँमा खसेका छन् कि भन्ने विचारमा सारौँले यताउति खोज्यो । गुँडमा कतै केही पाएन । **चारो** बेलुका नै सकिएको थियो । जे जति भएको थोरथोरै खाएर मुस्किलले उनीहरूले त्यो रात काटेका थिए । आफ्ना रहरलाग्दा बच्चाहरूको अवस्था देख्दा सारौँको मन पग्लियो । ऊ खिन्न भयो । उसलाई निकै नरमाइलो लाग्यो । अनि गह्रौँ मन लिएर चारोको खोजीमा गुँडबाट भुर्र उड्यो । ऊ केही मात्र पर पुगेको थियो, उसले खेतको **आली**मा केराउले भरिएको **दुनो** देख्यो । खेतको कान्लामा एउटा घाँसी घाँस काट्दै थियो । यति थोरै केराउ घाँसीको हुन सक्ने सम्भावना थिएन । त्यसमा पनि घाँसीको घाँसको मेलो निकै पर थियो । विनापरिश्रम एकाबिहानै आहारा भेट्नु भनेको ईश्वरको कृपा हुनु हो । यस्तो कृपा भगवान्ले बच्चाप्रति देखाएको दया हुन सक्छ । बरु बोकेर पो कसरी लैजाने ! दुनोभरिको केराउ आधाजसो त बाटामै छरिन्छ । छर्नुभन्दा पेट भर्नु बेस, आफ्नो पेट पनि त भर्नै पर्छ तर यो ईश्वरको प्रसाद एकाबिहानै नुवाइधुवाइ र **भजन** नगरी खानु ठीक छैन । छोडेर नुहाउन गएमा केराउ अरू चराहरूले खाने सम्भावना रहन्छ । अतः केराउमा दृष्टि दिन घाँसीलाई पो अनुरोध गर्ने विचार गरी सारौँले भन्यो, "ए घाँसी दाइ ! म नुहाएर आउन्जेल यो केराउको दुनो हेरिदेऊ है ।"

चारो : चराको खानेकुरा

आली : खेतमा पानी जमाउन बनाइएका सानो डिल

दुनो : खोचो, पातले बुनेको सानो कटौरी

भजन : भगवान्को स्तुति

घाँसी आफ्नै सुरमा घाँस काट्न तल्लीन थियो । सारौंतिर हेरेर उसले आफ्नो टाउकोसम्म हल्लायो । उसले सारौंको कुरा त्यति सुनेजस्तो भने गरेन । हतारिएर सारौं खोलातर्फ नुहाउन गयो । घाँसीको मेलो पनि केराउको दुनोको नजिक पुग्यो ।

घाँसीले विचार गऱ्यो, 'ए सारौंले भनेको केराउको दुनो त यही पो रहेछ । घाँसले छोपिदिनुपऱ्यो । फेरि केहीले खाइदिइहाल्यो भने आफूलाई अवगाल । खाइ न पाइ छालाको टोपी लाई भनेजस्तो हुन्छ ।

घाँसी **गोठाले गीत**को धुनमा घाँस काट्नमा नै मग्न थियो । नुहाएर फर्कंदा सरौंले आलीमा केराउको दुनो देखेन । उसले घाँसीलाई सोध्यो, "खोइ दुनोभरिको केराउ ?" सारौंले यतिमात्र के भनेको थियो घाँसीले ठट्यौलो भावमा "म केराउको गोठालो हुँ र !" भन्ने जवाफ दियो । सारौंलाई यसमा नरमाइलो लाग्यो । केराउ कतै घाँसीले नै त खाएन भन्ने उसलाई शङ्का पनि भयो । सारौंले मैमाथि पाप त चिताएन भन्ने घाँसीलाई पनि लाग्यो । दुवैको बीचमा सामान्य भनाभन भयो । सारौंले नराम्रो मान्यो । दुनोभरिको केराउ पनि पाएन, घाँसीले पनि उसलाई अपहेलना गऱ्यो । ऊ न्याय खोज्न सहरतिर हिँड्यो । उसले बाटोमा सिपाहीलाई भेट्यो ।

सारौं- सिपाही दाइ, नमस्कार !

सिपाही - केही उजुरबाजुर भए भन्, सुना ।

अवगाल : बिनाअपराध वा गल्ती कसैमाथि लाग्ने दोष

गोठाले गीत : गोठालाले गाउने सामान्य किसिमको गीत

सारौं- जो **रक्षक** उही **भक्षक** भनेजस्तो भयो । आलीमा राखेको दुनोभरिको केराउ नुहाएर फर्किंदा दुनोसमेत नै छैन । घाँसीले नै त **हजम गरेन** । **खैखबर** गरिपाऊँ । सारौंको कुरामा सिपाहीले त्यति चासो दिएन । सारौं र घाँसीको विवादमा बिनासित्तिमा फस्नु ठीक नहुने कुरा सिपाहीलाई लाग्यो । विवादमा नफस्ने उद्देश्यले सिपाही सारौंलाई गाली गर्न थाल्यो, "तेरो केराउको खोजीमा लाग्नाले मलाई के **फलिफाप** हुन्छ र ! बरु शान्तिसुरक्षाको काममा लागौं भने आफ्नो कर्तव्यको निर्वाह हुन्छ । मेरो **पदोन्नति** पनि हुन सक्छ र कर्तव्य गरेको पनि ठहर्छ । आज यतातिर मन्त्रीको **मुकाम** हुने भएको छ; सारा कुराको बन्दोबस्त म आफैंले मिलाउनुपर्छ । केहीको कमी भएर कतै मन्त्रीबाट रिसानी भयो भने यहाँसम्म कि मेरो नोकरीकै टुङ्गो रहँदैन, बुझिस् ! तँ जाबो चरालाई खुसी पारेर के हुन्छ !"

सारौं जिल्ल पऱ्यो । चित्त बुझाएर फर्किन उसलाई मनले दिएन । **हरेस** खानु भएन, प्रयास त गर्ने पऱ्यो भन्ने विचारका साथ ऊ अगाडि गयो । उसले बाटोमा मन्त्रीजीलाई भेट्यो । मन्त्री घोडामा चढेर त्यही बाटो भ्रमणमा निस्केका थिए । सारौंले मन्त्रीलाई रोकेर भन्यो, "मन्त्रीज्यू, नमस्कार ।"

मन्त्री - मुख **निन्याउरो** छ, त्यस्तो आपत्विपत् तिमीलाई के पऱ्यो हँ ?

सारौंले मन्त्रीलाई आफ्नो **व्यथा**को सारा बेलिबिस्तार लगायो । मन्त्रीजी अलि चाप्लुसी पाराका थिए । उनले सारौंका सबै कुरा त सुने तर काम गर्दिने छाँट भने देखाएनन् । उनले भने, "तिम्रो व्यथा त मैले बुझें तर आज म निकै हतारमा छु । राजाको **बढाइँ**का लागि सारा बन्दोबस्त मिलाउनु छ । राजाको यतातिर सवारी हुँदै छ । त्यसैले तिमीलाई दिने मसँग त्यति समय पो कहाँ छ र ! मन्त्रीजी सरासर आफ्नो बाटो लागे ।

रक्षक : रक्षा गर्ने

भक्षक : भोजन गर्ने

हजम गर्नु : निखार्नु, सखाप गर्नु

खैखबर : खोजीखबरी

फलिफाप : फल्ने फुल्ने काम, उन्नति प्रगति

पदोन्नति : पदमा उन्नति, बढुवा

मुकाम : कुनै स्थानलाई आधार मानेर कामका सिलसिलामा गरिने भ्रमण

हरेस : हार, आफूलाई तुच्छ ठान्ने मानसिकता

निन्याउरो : मलिन अनुहारको, अनुहारमा चम्किलोपन नभएको

व्यथा : वेदना, शोक

बडाइँ : बाजागाजाका साथमा गरिने स्वागत

सारौं सङ्कटमा पऱ्यो । उसको कुरा कसैले पनि सुन्ने भएन भन्ने उसलाई लाग्यो । तैतै राजासम्म आफ्नो कुरा पुऱ्याउनु नै पऱ्यो । सारौंले राजालाई नै भेटेर अब सारा **गाथा** गाउँछु भन्ने विचार गऱ्यो ।

सारौं अलिक पर पुगेको थियो । राजासँग उसको भेट भयो । राजा हात्तीमा सवार भएका थिए । सारौंले परैबाट झुकेर राजाप्रति आफ्नो सम्मान जाहेर गऱ्यो ।

सारौं- कसैबाट मद्दत भएन, न्यायका लागि सरकारको शरणमा आएको हुँ । सरकारको जो **मर्जी** !

राजाबाट केही मर्जी भएको थिएन । सुरक्षामा खटिएका प्रहरीले राजाको सवारी अगाडि बढाए । सुरक्षा प्रहरीको व्यवहारले सारौंलाई अति दुःखी तुल्यायो । केही पार लाग्ने नदेखेर खिन्न मन लिएर फर्कदै गरेको सारौंले बाटोमा कमिलोलाई भेट्यो । कसैबाट केही मद्दत भएन, कमिलोबाट पो केही होला कि ! 'नपत्याउँदो खोलाले बगाउँछ भन्छन्' ऊसँग पनि केही उपाय हुन सक्छ । यस्तो विचार गरेर सारौंले कमिलोसँग आफ्ना भएभरका सबै कुरा बतायो ।

सारौं- साथी कमिलो, म पनि तिमी जस्तै युक्ति र श्रममा बाँच्ने सामान्य जीव हुँ तर आफूलाई परेको वेला आफ्नो बुद्धिले कहिलेकाहीं काम नदिन सक्छ । तिमीसँग केही उपाय भए मलाई मद्दत गर न ।

कमिलो दयावान् र सहयोगी थियो । सारौंलाई सहयोग गर्नु कमिलोले आफ्नो कर्तव्य ठान्यो र त्यसमा उसले धर्म हुने कुरा सोच्यो । उसले सारौंलाई सहयोग गर्ने वचन दियो । सारौं र कमिलोले सँगसँगै राजाकहाँ जाने विचार गरे । सारौंले कमिलोलाई ढाडमा बोकेर राजाकहाँ पुऱ्यायो । कमिलो राजा सवार भएको हात्तीसित कुराकानी गर्न तम्सियो ।

कमिलो - हात्तीदाइ, हात्तीदाइ ! सारौंले राजासँग बिन्ती बिसाएको कुरा तिमीले सुन्यौ ?

हात्ती - त्यो त सुनें, सारौंको **मर्म** दयालाग्दो रहेछ तर के गर्ने, सुरक्षा प्रहरीले राजालाई विचार गर्ने मौका नै दिएनन् ।

कमिलो - त्यसो होइन हात्ती दाइ, हामी सामान्य प्राणीका बीच पनि आपसी सहयोग हुन सकेन भने हाम्रो हित कसले गर्छ । जसरी भए पनि तिमीले सारौंलाई न्याय दिलाउनुपर्छ । होइन भने म तिम्रो सुँडमा टोकिदिन्छु ।

गाथा : वृत्तान्त, वर्णन

मर्जी : हुकुम, आदेश

मर्म : मर्का



कमिलाको कुरा सुनेर हात्ती डरायो । उसले राजासँग बिन्ती गऱ्यो, "महाराजा सारौंलाई न्याय दिलाइबक्सियोस् । कमिलोसँग त मेरो केही लाग्दैन । यो त माप्पाको किरो मानिन्छ । यसले मलाई सुँडमा टोक्यो भने म मर्छु र हजुरको पनि दुर्घटना हुन सक्छ ।" हात्तीले ठीकै भन्यो भन्ने राजालाई लाग्यो । राजाले सारौंलाई न्याय दिलाउन मन्त्रीलाई तुरुन्त अह्राए । सारौंको मामिला मिलाउन मन्त्रीले तत्कालै सिपाहीलाई पठाए । सिपाहीले गएर घाँसीलाई हप्कायो । 'मनको वह कसैलाई नकह' भन्ने मनन गरेर घाँसीले सारौंका बारेमा केही पनि कुरा गरेन । घाँसी, सारौं र सिपाही खेतमा गए । घाँसको मुठो खेतको आलीमा जस्ताको तस्तै थियो । घाँसीले घाँसको मुठो उचाल्यो । एकाएक दुनोभरिको केराउ पाउँदा सारौं रमाएर नाच्न थाल्यो । घाँसी र सिपाही पनि आफ्नोआफ्नो बाटो लागे । आफ्नो बुद्धिले काम गरेको देखी कमिलो पनि मख्ख पऱ्यो ।

अभ्यास

१. **तलका प्रश्नको उत्तर देऊः**

(क) सारौंको परिवारमा कोको थिए ?

(ख) आलीमा केराउको दुनो देख्दा सारौंको मनमा कस्ताकस्ता तर्कना उठे ?

(ग) सारौं र घाँसीको बीचमा केके कुरा भयो ?

(घ) सारौं र सिपाहीका बीचमा केके कुराहरू भए ?

(ङ) सारौंले किन राजाकहाँसम्म पुग्नुपऱ्यो ?

(च) कमिलाले सारौंलाई कसरी न्याय दिलायो ?

२. **सारौं र कमिलो कथामा तिमीले सबभन्दा महत्त्वपूर्ण ठानेको पात्रका बारेमा एक पानो लेख ।**

३. **कथाको शीर्षक कत्तिको उपयुक्त छ, कक्षामा साथीहरूबीच छलफल गर ।**

४. **तलका भनाइमा भएको भावलाई प्रस्ट पार्नुहोस्:**

(क) विनापरिश्रम एकाबिहानै आहारा भेट्नु भनेको ईश्वरको कृपा हुनु हो ।

(ख) मर्नुभन्दा पेट भर्नु बेस, आफ्नो पेट पनि त भर्नै पर्छ ।

(ग) जो रक्षक उही भक्षक भने जस्तै भयो ।

५. **तलका भनाइ कसले कोसँग भनेका हुन्:**

(क) ए, सारौंले भनेको केराउको दुनो यही पो रहेछ ।

(ख) म केराउको गोठालो हुँ र !

(ग) शान्तिसुरक्षाको काममा लागें भने आफ्नो कर्तव्यको निर्वाह हुन्छ ।

(घ) तिम्रो व्यथा त मैले बुझें तर आज म निकै हतारमा छु ।

(ङ) होइन भने तिम्रो सुँडमा टोकिदिन्छु ।

६. **अर्थ बुझेर सुहाउँदो पाराले दिइएका उखानलाई आफ्नै वाक्यमा प्रयोग गरः**

(क) खाई न पाई छालाको टोपी लाई ।

(ख) नपऱ्याउँदा खोलाले बगाउँछ ।

७. **तलका टुक्काको अर्थ लेख:**

पखेटा लाग्नु, रात काट्नु, पेट भर्नु, दृष्टि दिनु, बेलिबिस्तार लाउनु

८. **प्रस्टसँग उच्चारण गर:**

भाषण, गुँड, कृपा, सुरक्षा, मुकाम, सुँढ, वृद्धि

व्याकरण

पदसङ्गति

(क) **पुरुष**

मैले भात खाएँ । — हामीले भात खायौँ । → **प्रथम पुरुष**

तिमीले भात खायौ । — तिमीहरूले भात खायौ । — तैंले भात खाइस् । — तपाईंले भात खानुभयो । — यहाँले भात खानुभयो । → **द्वितीय पुरुष**

त्यसले भात खायो । — त्यसले भात खाई । — तिनले भात खाए । — उहाँले भात खानुभयो । — तिनले भात खाइन् । — उनीहरू / तिनीहरूले भात खाए । → **तृतीय पुरुष**

पुरुषले बोल्ने वक्ता, सुन्ने श्रोता र कुरा गरिने व्यक्ति वा वस्तुलाई जनाउँछ । म, हामी, तँ, तिमी, त्यो, ऊ आदि पुरुषका रूपमा प्रयोग हुने शब्द हुन् ।

१. **खाली ठाउँ भर:**

(क) श्याम चिठी ..... । (लेख्छु, लेख्छस्, लेख्छ)

(ख) म पाठ ..... । (पढ्छु, पढ्छौं, पढ्छ)

(ग) त्यो भनेको ..... । (मान्छस्, मान्छु, मान्छ)

(घ) हामी मिलनसार ..... । (छस्, छन्, छौं)

(ङ) तिमी आफ्नो काम आफैं..... । (गर्छौं, गर्छौ, गर्छ)

२. **कर्ताको पुरुषअनुसारको क्रियापद प्रयोग गरी वाक्य पूरा गरः**

(क) नोकरले दाउरा ..... (चिर्नु) ।

(ख) भरिया भारी ..... (बोक्नु) ।

(ग) गोठाल्नीले घाँस ..... (काट्नु) ।

(घ) हामी जाँच ..... (दिनु) ।

(ङ) तिमी सफल ..... (हुनु) ।

३. **तल दिइएका वाक्यलाई भिन्नै पुरुषमा लगी परिवर्तन गरः**

उदाहरण : म कलम किन्छु - तिमी कलम किन्छौ ।

- त्यो कलम किन्छ ।

(क) त्यो टेबुल पुछ्छ । (ख) तिमी कुचो लाउँछौ ।

(ग) हामी शिक्षक हुन्छौं । (घ) तँ खेल जित्छस् ।

(ङ) म बुबालाई ढोग्छु ।

४. **तलका सर्वनाम शब्दलाई वाक्यमा प्रयोग गरः**

म, हामी, तँ, तपाईं, त्यो, तिनी, ऊ, उनी, उनीहरू

५. **पदसङ्गतिलाई विचार गरेर प्रथम, द्वितीय र तृतीय पुरुषमा तीनओटा वाक्य लेख ।**

सिर्जनात्मक अभ्यास

१. मौखिक रूपमा गाउँघरमा सुनेको कुनै एउटा लोककथालाई लिखित रूपमा प्रस्तुत गर ।

२. आफ्ना अभिभावकबाट कुनै अर्को लोककथा सुनेर त्यसलाई रोचक ढङ्गले आफ्ना कक्षाका साथीहरूलाई सुनाऊ ।

कक्षा ६ को गीत

देशको माटो रम्न सके रम्छ नेपाल
यही माटो गल्न सके (बन्छ विशाल-२)...२

पहरा छन् गुराँसका यिनै लेकवँसी
रमेका छन् डाँफे मुनाल हिमचुली देखी...२

भृकुटी र सीता अझ आई डुल्न सक्छन्
जनक बुद्ध अझ अरू ज्ञान छर्न सक्छन्
देशको माटो... (बन्छ विशाल-२)... २

पाइला चाले शङ्करले यही माटोमा
मेची काली बढ्न थाले यही धर्तीको बाटोमा

लागेको छ माटो रम्न देखी हामी सन्तति
यही माटोको माया गर्छन् कोटी आत्मा छन् जति

देशको माटो... (बन्छ विशाल-२)...

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

मुद्रकः- जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानोठिमी, भक्तपुर ।